# प्रथम आवधिक योजना

(आ.व. २०७७/०७८–२०८१/०८२)

(प्रारम्भीक मस्यौदा)

## पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ठाँटीपोखरी, गोरखा

गण्डकी प्रदेश

# विषय सूचि

**परिच्छेद–एक परिचय ............ 5**
१.१ पृष्ठभूमि............ 5
१.२ योजना तर्जुमाको उद्देश्य ............ 5
१.३ आवधिक योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था :............ 5
१.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया ............ 6
१.५ सिमा............ 7

**परिच्छेद–दुई नगरपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक स्थिति बिश्लेषण ............ 8**
२.१ नगरपालिकाको संक्षिप्त परिचय............ 8
२.२ नगरपालिकाको सामाजिक तथा आर्थिक स्थिति ............ 10
२.३ मानव बिकास र गरिवी ............ 11

**परिच्छेद–तीन अवसर तथा चुनौति बिश्लेषण ............ 12**
३.१ सम्भावना र अवसर ............ 12
३.२ चुनौती र जोखिम............ 13

**परिच्छेद–चार दीर्घकालीन सोच (दुरदृष्टि), आवधिक लक्ष्य तथा उद्देश्य............ 15**
४.१ नगरको विकासको दीर्घकालिन सोच (Vision)............ 15
४.२ समष्टिगत लक्ष्य (Goal)............ 15
४.३ समष्टिगत उद्देश्य ............ 16
४.४ विषयक्षेत्रगत बृहत उद्देश्यहरु ............ 16
४.४.१ आर्थिक क्षेत्र विकास............ 16
४.४.२ सामाजिक क्षेत्र विकास............ 16
४.४.३ पूर्वाधार क्षेत्र विकास ............ 16
४.४.४ वन, वातावरण तथा विपद् व्यवस्थापन ............ 16
४.४.५ सुशासन तथा संस्थागत विकास ............ 16
४.५ प्राथमिकता तथा रणनीतिहरु ............ 16

**परिच्छेद–पाँच आर्थिक क्षेत्र विकास ............ 18**
५.१ बिषय प्रवेश ............ 18
५.२ वर्तमान अवस्था............ 18
५.३ आर्थिक क्षेत्र विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम ............ 18
५.३.१ कृषि विकास तथा खाद्य सुरक्षा ............ 20
५.३.२ पशुपंक्षी विकास ............ 23
५.३.३ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी ............ 25
५.३.४ उद्योग, व्यापार तथा व्यवसाय ............ 26
५.३.५ पर्यटन विकास............ 28
५.४.६ बैंक, वित्तीय संस्था एवं सहकारी ............ 29
५.४ प्रक्षेपित लगानी............ 31

**परिच्छेद–छ सामाजिक क्षेत्र विकास.......... 32**
६.१ विषय प्रवेश.......... 32
६.२ वर्तमान अवस्था.......... 32
६.३ सामाजिक क्षेत्र विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम.......... 32
६.३.१ शिक्षा विकास.......... 33
६.३.२ आधारभूत स्वास्थ्य.......... 36
६.३.३ खानेपानी तथा सरसफाई.......... 38
६.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण.......... 40
६.३.५ युवा तथा खेलकूद.......... 43
६.३.६ कला, भाषा, साहित्य र संस्कृति.......... 45
६.४ प्रक्षेपित लगानी.......... 46

**परिच्छेद–सात पूर्वाधार क्षेत्र विकास.......... 47**
७.१ विषय प्रवेश.......... 47
७.२ विद्यमान अवस्था.......... 47
७.३ पूर्वाधार विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम.......... 47
७.३.१ सडक पुल तथा यातायात.......... 48
७.३.२ सिंचाई पूर्वाधार.......... 50
७.३.३ आवास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन.......... 51
७.३.४ विद्युत तथा वैकल्पिक उर्जा.......... 52
७.३.५ सूचना तथा संचार प्रविधि.......... 53
७.४ प्रक्षेपित लगानी.......... 54

**परिच्छेद–आठ वन, वातावरण तथा विपद व्यवस्थापन.......... 55**
८.१ विषय प्रवेश.......... 55
८.२ वर्तमान अवस्था.......... 55
८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम.......... 55
८.३.१ वन तथा जैविक विविधता.......... 56
८.३.२ भूमी तथा जलाधार व्यवस्थापन.......... 57
८.३.३ वातावरण तथा स्वच्छता.......... 59
८.३.४ विपद व्यवस्थापन.......... 60
८.४ प्रक्षेपित लगानी.......... 62

**परिच्छेद–नौ सुशासन तथा संस्थागत विकास.......... 63**
९.१ विषय प्रवेश.......... 63
९.२ विद्यमान अवस्था.......... 63
९.३ सुशासन तथा संस्थागत क्षेत्र विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम.......... 63
९.३.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता.......... 64
९.३.२ संस्थागत संरचना तथा मानव संसाधन विकास.......... 65
९.३.३ वित्तीय श्रोत परिचालन.......... 67
९.३.४ योजना व्यवस्थापन.......... 68
९.४ प्रक्षेपित लगानी.......... 69

**परिच्छेद—दश वित्तीय व्यवस्थापन ............ 70**
१०.१ विषय प्रवेश ............ 70
१०.२ विद्यमान अवस्था ............ 70
१०.३ अवसर तथा चुनौतीहरू ............ 70
१०.४ उद्देश्य ............ 70
१०.५ रणनीति ............ 70
१०.६ वित्तीय स्रोत (आय तथा व्यय) प्रक्षेपण ............ 71

**परिच्छेद—एघार कार्यान्वयन योजना ............ 75**
११.१ विषय प्रवेश ............ 75
११.२ वर्तमान अवस्थाः ............ 75
११.३ कार्यान्वयन कार्ययोजना ............ 75
११.४ मार्गदर्शन तयारी ............ 75
११.५ कार्यान्वयन विधिको छनोट ............ 75
११.६ अख्तियारी ............ 75
११.७ अनुगमनको प्रतिवेदन र समीक्षा ............ 76
११.८ वार्षिक कार्यान्वयन कार्ययोजना ............ 76

**परिच्छेद—बाह्र योजना अनुगमन तथा मूल्यांकन ............ 77**
१२.१ बिषय प्रवेश ............ 77
१२.२ वर्तमान अवस्था ............ 77
१२.३ अवसर र चुनौती ............ 77
१२.४ उद्देश्य ............ 78
१२.५ रणनीति ............ 78
१२.६ कार्यक्रम ............ 78
१२.७ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय ............ 78

**अनुसूची- १ विषय क्षेत्रगत मूख्य मूख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान ............ 80**
**अनुसूची- २ बार्षिक कार्यान्वयन कार्ययोजना ............ 89**
**अनुसूची- ३ विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम ............ 91**
**अनुसूची- ४ आवधिक योजना तर्जुमा कार्यशालामा सहभागीहरुको उपस्थिति विवरण ............ 92**
**अनुसूची- ५ आवधिक योजना तर्जुमा कार्यशालाका केही झलकहरु ............ 93**

# तालिका सूचि

तालिका १: नगरपालिकाको वडागत क्षेत्रफल तथा जनसंख्याको अवस्था ........9
तालिका २: लक्ष सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ........155
तालिका ३: आर्थिक विकासको उद्देश्य लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ........19
तालिका ४: सामाजिक विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ........32
तालिका ५: पूर्वाधार विकासको उद्देश्य सूचक (आधार रेखा) तथा आवधिक योजनाको लक्ष परिमाणाम ........48
तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) .56
तालिका ७: सुशासन तथा संस्थागत विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण) ........63
तालिका ८: आवधिक योजना अवधिमा हुने आय प्रक्षेपण ........72
तालिका ९ : विषयक्षेत्र अनुसार प्रस्तावित खर्च अनुमान ........73
तालिका १० आवधिक योजनाको अनुमानित श्रोत ........74
तालिका ११: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया ........79

# परिच्छेद–एक परिचय

## १.१ पृष्ठभूमि

संघीय संविधानको क्रियाशिलता, राज्यको पुनसंरचना र तीनै तहको निर्वाचन पश्चात तत्कालिन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशील भएका छन् । संविधानतः तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्धारा प्रदत्त एकल तथा साझा अधिकार क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानूनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीय स्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ ।

यसै आधारमा पालुङटार नगरपालिकाले संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाबाट बिद्यमान संभावना, अवसर, समस्या र चुनौति विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषय क्षेत्रगत उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरू र आवश्यक श्रोत प्रक्षेपण सहित यो प्रथम आवधिक योजना ( २०७७/०७८- २०८१/०८२) तर्जुमा गरिएको छ । यो योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको पालुङटार नगरपालिकाको समग्र बिकासको रणनीतिक योजना मार्गचित्र (Strategic and Indicative Planning Framework) मात्र हो जसले नगरपालिकालाई मध्यमकालीन, वार्षिक नीति तर्जुमा गर्न र प्राथमिकता क्षेत्र निर्धारण गरी श्रोत बिनियोजन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने बिश्वास गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

यस आवधिक नगर विकास योजना तर्जुमाका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा आवधिक नगर विकास योजना तर्जुमा गर्ने,
- सहभागितामूलक पद्धतिबाट नगरको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरूको खाका बनाई नगरपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज बनाउने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने,
- भविष्यमा क्षेत्रगत रणनीतिक योजना (Sectoral Strategic Plan) तथा महत्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरू तर्जुमा गर्न मार्गनिर्देशित गर्ने,
- समष्टिगत र विषय क्षेत्रगत रूपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालिन खर्च संरचना (Midium Term Expenditure Framework) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.३ आवधिक योजना तर्जुमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था :

नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, संघीय एवं प्रदेशीय कानून र नीति, स्थानीय तहको एकल तथा साझा अधिकारक्षेत्र नै स्थानीय तहको विकासको मार्गचित्र र आवधिक योजना तर्जुमाका आधारहरू हुन । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । यस प्रकारको योजना बनाउदा

नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी निर्माण गर्नु पर्ने र सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, दिगो विकास लक्ष्य जस्ता अन्तरसम्बन्धित विषयहरूका साथै आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, दीगो विकास लक्ष्य, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने बिषयहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ ।

## १.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

### १.४.१ पहिलो चरणः आवधिक योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी

पहिलो चरण अन्तर्गत पालुङटार नगर कार्यपालिकाबाट आवधिक योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र आवश्यक सूचना संकलन लगायतका पूर्व तयारी गरिएको थियो ।

### १.४.२ दोश्रो चरणः योजना अभिमुखीकरण कार्याशाला गोष्ठी

दोश्रो चरण अन्तर्गत नगरपालिकाको आयोजनामा आवधिक योजना तर्जुमा बिधि, प्रक्रिया सम्बन्धी अभिमुखीकरण सहित आवधिक योजना तर्जुमा प्रयोजनका लागि नगरपालिकाका अध्यक्षको संयोजकत्वमा मूल समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र बिषयगत समितिहरूलाई बिषय क्षेत्रगत जिम्मेवारीहरू वाँडफाँड गरी कार्ययोजना स्विकृत गरिएको थियो ।

### १.४.३ तेश्रो चरणः आधाररेखा सुचना तथा तथ्यांक विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि नगरपालिकाबाट स्मार्ट सिटीका लागि तयार गरिएको नगर पार्श्वचित्रमा उपलब्ध भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससंग सम्बन्धित विवरणहरूलाई नै आधार तथ्यांक सूचनाको रूपमा उपयोग गर्ने सहमति गरिएको थियो ।

### १.४.४ चौथो चरणः योजना तर्जुमा कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमा मूल समिति, बिषयगत समिति, प्राविधिक समितिको पहलमा २०७६ साल फागुन १९ र २० गते नगर स्तरका सरोकारवालाहरू, नगरपालिकाको नेतृत्व, राजनीतिक दल, शिक्षक, वुद्धिजीविहरूको सहभागिता र विषय विज्ञहरूको सहजीकरणमा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीले बिद्यमान संभावना र अवसर तथा समस्या चुनौतिको वस्तुपरक विश्लेषणको आधारमा नगरपालिकाको समग्र बिकासको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य निर्धारण गरिएको थियो ।

सोही कार्यशाला गोष्ठीले बिषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिको वस्तुपरक विश्लेषणको आधारमा बिषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण सूचक निर्धारण गरी ती लक्ष्य सूचक हासिल गर्न अवलम्वन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्यांकनको खाकाको मस्यौदा तयार गरिएको थियो ।

### १.४.६ पाचौ चरणः एकिकृत योजना दस्तावेज तयारी

आवधिक योजना तर्जुमाको क्रममा स्थानीय तह र अन्य सरकारको बिषय क्षेत्रगत एकल तथा साझा अधिकार क्षेत्रका सवै विषय एवं उपक्षेत्रहरूका सम्बन्धमा प्राप्त भएका सुझाब तथा प्रतिक्रियाहरूलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढंगबाट प्रस्तुत गरी योजनाको एकिकृत मस्यौदा दस्तावेज तयार गरिएको छ । योजना दस्तावेज मुख्य १२ परिच्छेदमा विभाजन गरिएको छ । योजना दस्तावेज भित्र परिचय तथा पृष्ठभूमी, नगरपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था, नगरपालिकाको अवसर र चुनौति विश्लेषण, दिर्घकालिन सोच (दुरदृष्टि), आवधिक लक्ष्य र उद्देश्य, विषय क्षेत्रगत (आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण र विपद र संस्थागत र सुशासन) योजना, बित्तीय श्रोत व्यवस्थापन, कार्यान्वयन कार्ययोजना, अनुगमन र मूल्यांकन योजना लगायतका रहेका छन ।

### १.४.७ छैठौं चरण: योजना प्रमाणीकरण कार्यशाला

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरूसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझावको आधारमा तयार भएको आवधिक योजनाको मस्यौदा दस्तावेज नगर कार्यपालिका तथा सरोकारवालाहरू वीच २०७७ साल .... गते आयोजना गरि प्रमाणीकरण कार्यशालामा प्रस्तुत गरि थप राय सुझाब तथा पृष्ठपोषण संकलन गरिएको छ ।

### १.४.८ सातौ चरण: अन्तिम दस्तावेज स्विकृति र प्रकाशन

आवधिक योजना प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरि तयार गरिने पालुङटार नगरपालिकाको ५ वर्षे प्रथम आवधिक योजनाको दस्तावेजलाई मिति २०७७ साल ...... गते सम्पन्न नगर सभाबाट स्वीकृत गरि कार्यान्वयनमा ल्याएको छ ।

## १.५ सिमा


यस आवधिक नगर विकास योजना तर्जुमाका सीमाहरू निम्नबमोजिम रहेका छन् :

- आवधिक योजना तर्जुमाका लागि स्मार्ट सिटीका प्रतिवेदनमा समावेश गरिएको नगर पार्श्वचित्रमा उपलव्ध तथ्याङ्क तथा सूचना श्रोतलाई आधार बनाएको छ । विवादास्पद सूचना तथ्यांकको हकमा कार्यशालाबाट सहमति बनाई विश्लेषण गरिएको छ । केन्द्र, प्रदेश तथा जिल्ला तह तथा अन्य सूचना समेतलाई आधार बनाइएको छ । कतिपय सूचकको हकमा के.त.वि.को २०६८को गणनालाई समेत आधार मान्नु परेको छ ।
- आवधिक योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक मार्गदर्शक योजनाको खाका मात्र भएकोले नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रित छ । समुदाय तथा वडास्तरका क्रियाकलाप तहका परियोजनाहरू समावेश गरिएको छैन ।
- प्रादेशिक सरकारसंगको साझा अधिकार क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्णरूपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरिनसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद–दुई नगरपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक स्थिति बिश्लेषण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

गोरखा जिल्ला नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने जिल्लाहरु मध्ये एक ऐतिहासिक महत्व रहेको जिल्ला, ऐतिहासिक रूपमा आधुनिक नेपाल निर्माण र पौराणिक गोर्खा सैनिकहरूको नाम संग जोडिएको छ । यो समुन्द्री सतहबाट २२८ मिटर देखि ८,१६३ मिटर सम्मको उचाईमा रहेको साथै ३,६१० वर्ग कि.मी मा फैलिएको यो जिल्लालाई जैविक विविधताले धनी र पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण मानिन्छ । गोरखा जिल्लालाई संघीय संरचना अनुसार २ नगरपालिका, ९ गाउँपालिका र ९४ वटा वडामा विभाजन गरिएको छ जस मध्ये पालुङटार नगरपालिका एक हो ।




१५८.६२ वर्ग कि.मी. मा फैलिएको यस नगरपालिकाको पूर्वमा गोरखा नगरपालिका र सिरानचोक गाउँपालिका, पश्चिममा मर्स्याङ्दी नदी (भानु नगरपालिका), तनहूँ जिल्ला अवस्थित छ भने उत्तर सिरानचोक गाउँपालिका र लमजुङ्ग जिल्ला तथा दक्षिणमा गोरखा जिल्ला र जलाधरले भरिपूर्ण (तनहूँ जिल्ला) मर्स्याङ्दी नदी रहेको छ । यो नगरपालिका संघीय राजधानी शहर काठमाडौं देखि १४० कि.मी. को दुरीमा रहेको तथा राष्ट्रिय राजमार्ग, पृथ्वी राजमार्गसंग जोडिएको छ । यस क्षेत्रमा फैलिएको तीन प्रमुख नदीहरू चेपे, दौरादी र मर्स्याङदीले कृषि क्षेत्रमा र कृषि अर्थतन्त्रको आधार बनाएको छ। नेपाल सरकारले पालुङटारलाई देशको पहिलो स्मार्ट सिटी बनाउने योजना अनुरुप यस नगरपालिका अगाडि बढिरहेको छ । यस नगरपालिकामा लिगलिगकोट, कोटगढी, ताल पोखरी, तातोपानी जस्ता ऐतिहासिक सास्कृतिक सम्पदाले भरिपूर्ण भएका पर्यटकिय स्थल पनि रहेको छ ।

पालुङटार नगरपालिका "लिगलिकोट" को प्रसिद्ध नामले समेत प्रचलित छ, जुन ऐतिहासिक महत्व नेपालका पुरातन राज्यको विस्तार सँग सम्बन्धित छ। लिगलिकोट ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक विविध महच्वको पर्यटन स्थल समेत हो । यो समुद्री सतह १४३७ मीटर को ऊंचाईमा छ । कोटको नेपाली अर्थ किल्ला हो जुन सामान्यतया पहाडको छेउमा पर्दछ । लिगलिग मगर भाषामा प्रयोग गरिएको एक शब्द हो जसको अर्थ स्पष्ट र सुन्दर दृश्य हो । लिगलिगकोटको एक महिमा इतिहास छ। लिगलिगकोटमा चेपेघाटको दोभान देखि लिगलिगकोटका चुचुरो सम्म दौडेर जसले जित्छ उही अर्को साल को लागि राजा हुने परम्परा छ । हरेक वर्षको विजय दशमीको दिन लिग लिग दौड प्रतियोगिताको आयोजना हुन्छ र एक वर्षका लागि लिगलिगे राजा चयन हुन्छ । दौड बिक्रम सम्बत १६०४ देखि सुरु भएको थियो । यस दौडमा सधै स्थानीय घले (जाति)हरूले जित्दै आएका थिए । बिक्रम सम्बत १६१६ (१५५८ ईस्वी) मा, दौड द्रब्य शाहले जिते । त्यस पछि देखि, शाह वंश लिगलिगकोट साम्राज्यमा स्थापित भएको थियो र उनको सन्तानले गोरखा राज्य स्थापित गरे र शाह पुत्र को एक बंश पृथ्वी नारायण शाहले नेपालको छरिएर रहेका स-साना राज्यहरुलाई जितेर एक बिशाल नेपाल स्थापित गरेको इतिहास छ ।

ऐतिहासिक महत्व रहेको यस सुन्दर पालुङटार नगरपालिका वि.स. २०७१ सालमा साविकको ४ वटा गा.वि.स ( च्याङली, गाईखुर, पालुङटार, आँपपिपल) मिलेर तथा २०७३ सालमा संघियता लागू भएपछि थप ३ वटा गा.वि.स.हरु ( मिरकोट, धुवाकोट र खोप्लाङ) मिली बनेको नगरपालिका हो । यस नगरपालिकामा १० वडाहरू कायम गरिएको छ ।

हाल पालुङटार नगरपालिकाको वडा विभाजन संरचना यस प्रकार रहेको छ ।

| कायम गरिएका वडा नं.हरू | समावेश भएका सविक गा.वि.स. र नगरपालिका | समावेश भएका वडा नं.हरू |
|---|---|---|
| १ | खोप्लांङ | ४, ९ |
| २ | खोप्लांङ पालुङटार | १, २, ३, १२, १३ |
| ३ | पालुङटार | ७,११ |
| ४ | पालुङटार | ६,८,९ |
| ५ | पालुङटार | १० |
| ६ | पालुङटार | १,४,५ |
| ७ | पालुङटार | २, ३ |
| ८ | धुँवाकोट | १,२,३,४,५,६ |
| ९ | धुँवाकोट मिर्कोट | ७,८,९,५,८ |
| १० | मिर्कोट | १,२,३, ४,६,७,९ |


## २.१.१ क्षेत्रफल तथा जनसंख्यिक वनौट

२०७५ सालमा पालुङटार नगरपालिकामा सम्पन्न गरिएको घरपरिवार तथ्याङ्क संकलनबाट प्राप्त तथ्याङ्क अनुसार कूल १५८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको १० वटै वडाहरूमा गरी जम्मा ९४५५ घरपरिवारमा कुल ३७७४८ जनसंख्या रहेको छ । जसमध्ये १८७०१ महिला तथा १९०३२ जना पुरुष रहेका छन् । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना पुरुषहरूमा महिलाको जनसंख्या भने कम अर्थात ९८.२८ जना देखिन्छ ।

क्षेत्रफलको हिसाबले वडा नं ९ र वडा नं ७ सबै भन्दा ठुला वडा हुन र यी दुबै वडा यस नगरपालिकाको सबै भन्दा सानो ५ वडा नं भन्दा क्रमशः ३.७० तथा ३.७५ गुणा ठुला छन् । जनघनत्वको हिसाबले प्रति वर्ग किलोमिटर क्षेत्रफलमा २३७.९७ जनाको दरमा जनघनत्व रहेको देखिन्छ भने वडा नं ५ सबैभन्दा बढी जनघनत्व भएको वडा हो । यस नगरपालिकाको सबैभन्दा ठुलो बजार वडा नं ५ स्थित ठाँटीपोखरी (पालुङटार) बजार हो ।

**तालिका १: नगरपालिकाको वडागत क्षेत्रफल तथा जनसंख्याको अवस्था**

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी.) | घरधुरी | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १३.३६ | ६२३ | १५४८ | १५७० | १ | ३११९ |
| २ | १८.५१ | ११९५ | १२१० | १२७५ | ४ | २४८९ |
| ३ | १६.१३ | १०७१ | १४४६ | १४१३ | १ | २८६० |
| ४ | १५.३७ | १०४४ | २३०० | २४४३ | २ | ४७४५ |
| ५ | ५.९ | ९१२ | २१७३ | २०७४ | ३ | ४२५० |
| ६ | १९.७२ | ९०६ | २०१२ | १९२६ | – | ३९३८ |
| ७ | २१.८१ | १२९७ | ३०१३ | २८९७ | – | ५९१० |
| ८ | ११.२ | ७१९ | १५०२ | १४२९ | – | २९३१ |
| ९ | २२.११ | १०७६ | २३९० | २३१२ | २ | ४७०४ |
| १० | १४.५१ | ६१२ | १४३८ | १३६२ | २ | २८०२ |
| **जम्मा** | **१५८.६२** | **९४५५** | **१९०३२** | **१८७०१** | **१५** | **३७७४८** |



### २.१.२ प्राकृतिक श्रोत

यस नगरपालिकाको ४३.५६ प्रतिशत भूभाग वन जंगल तथा हरियाली क्षेत्रले ढाकेको छ जसले गर्दा वन जन्य काठ लगायतका वस्तुहरूको प्रयाप्तता छ। जैविक विविधताले भरिपूर्ण यहाँको वनजंगलमा पाखानभेद, पानी अमला, कुरीलो, गुराँस, अमला, हरी, बरी, काउलो, बोझो, ऐंसेलु,  सल्लाको खोटो, घोरताप्रे जस्ता जडिबुटिको उपलब्धता रहेको छ भने ऐतिहासिक प्रसिद्ध लिगलिग कोट, तालपोखरी/तालदेवी, लम्जुङ्ग, तनहुँ र गोरखाको संगम स्थल चेपेघाट, अन्नपूर्ण मन्दिर, मिरकोट, हर्मीकोट, च्याङ्गली महादेव, कोटगढी, लगामकोट, पञ्च्याम, बाल्टथुङ्ग, जैथुङ्ग, च्याङ्गली भिमसेन थान जस्ता ऐतिहासिक धार्मिक तथा प्राकृतिक सौन्दर्यता अवलोकन केन्द्रहरू रहेको छ।

नगरपालिका भएर बहने वर्षैभरि पानी बहने चेपे, दरौदी र मर्स्याङ्दी जस्ता ठूला नदीहरु वडरे, बोरे, भुसुन्डे, बुढी, क्षेदी, खार, मृद्धि, बोहरे लगायतका खोला जलाधार क्षेत्रको रुपमा रहेका छन्।  नगरपालिको, १ नं. वडाको खोप्लांङमा अवस्थित तातोपानीले धेरै रोगहरु निको हुने जनबिश्वास रहेको छ।

### २.१.३ जातजाती

यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। जातजातिका आधारमा घरधुरी सर्वेक्षणको जनसंख्या विवरणलाई हेर्दा सबैभन्दा धेरै ६२३९ अर्थात १६.५३ प्रतिशत क्षेत्री, ५३८७ अर्थात १४.२७ प्रतिशत व्राम्हण, ४२४७ अर्थात ११.२५ प्रतिशत कुमाल तेस्रोमा,३३२९ अर्थात ८.८२ प्रतिशत नेवार,२९४१ अर्थात ७.७९ प्रतिशत तमाङ,२९०८ अर्थात ७.७ प्रतिशत मगर र २७२३ अर्थात ७.२१ प्रतिशत दलित जाती लगायतका रहेका छन्। यस नगरपालिकामा वादी र गाइने जातीको जनसंख्या क्रमशः ७५ र ६८ रहेको छ।

### २.१.४ भाषा

नगरपालिका भित्र बसोबास गर्ने जनसंख्या मध्ये सबैभन्दा बढी ९३.८ प्रतिशतले नेपाली भाषा,  २.४ प्रतिशतले तामाङ्ग भाषा, १.३ प्रतिशतले नेवारी भाषा, ०.९ प्रतिशतले कुमाल भाषा, ०.८ प्रतिशतले मगर भाषा  र केही अन्य नगण्य संख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको पाइन्छ।

### २.१.५ धर्म संस्कृति

नगरपालिकामा रहेका कुल ३७७४८ जनसंख्या मध्ये ३३२६५ अर्थात ८८ प्रतिशत भन्दा वढी जनसंख्याले हिन्दु धर्म मान्दछन्। दोस्रोमा बौद्ध धर्म मान्नेको संख्या २४५४ अर्थात ६.५ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या १३२९ अर्थात ३.५ प्रतिशत रहेको छ।

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मधेसी र पहाडी मूलका मानिसहरू रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, छोनाम (ल्वागी), बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, आदि चाडपर्वहरू रहेका छन्।

## २.२ नगरपालिकाको सामाजिक तथा आर्थिक स्थिति

### २.२.१ साक्षरता र शैक्षिक अवस्था

घरधुरी तथ्याङ्क सर्वेक्षण २०७५, अनुसार यस नगरपालिकाको साक्षरता दर ७२.२ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। यहाँको साक्षरता दरमा लैंगिक विभेद देख्न सकिन्छ। किनभने पुरूषको साक्षरता दर ८२.९६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६९.९७प्रतिशत मात्र रहेको छ। पुरूष र महिलाको साक्षारता दरमा करिब १३ प्रतिशतको फरक देखिन्छ। पालुङ्टार नगरपालिका भित्र ४६ वटा सामुदायिक विद्यालयहरू, १२ वटा संस्थागत विद्यालयहरू, १ वटा प्राविधिक शिक्षालय र एउटा स्नातक तहसम्म संचालित वहुमुखी क्याम्पस रहेको छ।

### २.२.२ आर्थिक अवस्था

घरधुरी सर्वेक्षण २०७५ अनुसार, नगरपालिकामा रहेका कुल ८,५२३ घरपरिवारहरू मध्ये आम्दानीको मुख्य पेशा कृषि हुने घरपरिवारको संख्या ६५११ अर्थात ७६.४ प्रतिशत, दोस्रोमा व्यापार तथा व्यवसाय गर्नेको संख्या ९५९ अर्थात ११.३ प्रतिशत, तेस्रोमा नोकरी गर्नेको संख्या ५६२ अर्थात ६.६ प्रतिशत, विप्रेषण क्षेत्रबाट कमाएर पठाएको रकम हुनेको संख्या २०३ घरपरिवार अर्थात २.४ प्रतिशत, सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा बाट १०१ अर्थात १.२ प्रतिशत आम्दानीको मुख्य श्रोत भएको देखिन्छ ।

पालुङ्टार नगरपालिकाका वासिन्दाहरुको मुख्य परम्परागत पेसा कृषि नै हो । अधिकांश परिवारहरू तरकारी खेती तथा पशुपालनमा संलग्न छन् । सहरीकरणको वृद्धिसँगै खेतीयोग्य जमिनको परिमाण पनि कमी हुदै गएको छ । वडा नं ६, ७ र ८ लाई लिची र केरा खेतीका लागि विशेष सम्भाव्यता भएको क्षेत्रका रूपमा विकासित गरिएको छ । पालुङ्टारले प्रति वर्ष ४ देखि ५ करोड नेपाली रुपैंया (अमेरिकी डलर ३ लाख ८० हजार देखि ४ लाख ८० हजारसम्म) बराबरको फलफूल निर्यात गर्छ (जिजिजिआइ, रिर्पोट) ।

### २.३ मानव बिकास र गरिवी

पालुङटार नगरपालिका तहमा आर्थिक सामाजिक र गरिवी सम्बन्धी सूचना उपलव्ध नभएतापनि जिल्लास्तरीय सूचना तथ्यांकको आधारमा गण्डकी प्रदेशको स्थिती पत्र, २०७५ मा उल्लेख भएअनुसार नगरपालिकाको प्रतिव्यक्ति आय १०३९ अमेरिकी डलर मानवीय गरिवीसूचांङ्क ३३.६ प्रतिशत र मानव गरिवी सूचांङ्क ०.४८१ रहेको छ । यसैगरी घरधुरी सर्वेक्षण २०७५ का अनुसार प्रति व्यक्ति बार्षिक आय रु. १ लाख २५ हजार भन्दा कम आम्दानी हुने घरधुरी ४६.३६ प्रतिशत रहेको छ भने नगरपालिका भित्र आफ्नै उत्पादनले ३ महिनासम्म मात्रै खान पुग्ने घरपरिवार ७.९ प्रतिशत, ४ देखि ६ महिनासम्म खानपुग्ने १४ प्रतिशत, ७ देखि ९ महिनासम्म खानपुग्ने परिवार ११.३ प्रतिशत, १० देखि १२ महिना खान पुग्ने घरपरिवार १६.३१ प्रतिशत र बर्षैभरी खान पुग्ने तथा केही बचत समेत हुने घरपरिवारको संख्या करिब२१ प्रतिशत रहेको अवस्था छ ।

# परिच्छेद–तीन अवसर तथा चुनौति विश्लेषण

## ३.१ सम्भावना र अवसर

यस नगरपालिकामा आर्थिक सामाजिक विकासका निमित्त थुप्रै सम्भावनाहरू रहेका छन् । यसको मूल आधार ऐतिहासिक लिगलिग कोट र यस नगरपालिकाको छ वटा वडाहरू छोएर जाने मध्य पहाडी लोकमार्ग मूख्य हुन् । लिगलिग कोटलाई आधार बनाएर बन्ने पर्यटकिय पूर्वाधार र मध्य पहाडी लोकमार्गको निर्माण र प्रभावकारी संचालनले यस क्षेत्रको उज्जव भविष्य प्रतिविम्वित हुन्छ । त्यसैगरी पूर्वमा गोरखा जिल्ला सदरमुकामसंग र पश्चिममा तनहूँ जिल्लाको व्यापारिक केन्द्र आबुखैरेनीसंग सडक संजाल जोडेको छ । नगरपालिकाले प्रभाव पार्न सक्ने, राइनस नगरपालिका, भानु नगरपालिका, गोरखा नगरपालिका आवुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका जोड्ने सडक सञ्जालको विस्तार सँगसँगै सडकका आसपास हुने वस्ती विकासले यस क्षेत्रको आर्थिक तथा पर्यटकीय विकासमा महत्वपूर्ण आधार तयार गर्न सक्ने प्रचुर सम्भावना देखिन्छ । यी सडक पूर्वाधारहरूले पालुङटार नगरपालिका मात्र होइन यस क्षेत्रकै सामाजिक, शैक्षिक र स्वास्थ्य क्षेत्रको सेवा सुविधाको प्रवाह र सहज पहुँचमा मद्धत पुग्नेछ । भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारको सन्तुलित तथा दिगो विकासका माध्यमबाट कृषि, पर्यटन, वनजन्य उद्यम, साना उद्योग व्यवसायमा लगानी आकर्षित भई रोजगारीको अवसर सृजना भई नगरबासीहरूको आयमा वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार आउने सम्भावना रहेको छ । स्थानीय सेवा प्रवाहका लागि आवश्यक बजार, वित्तीय संघसंस्था, सहकारी तथा निजी र गैरसरकारी क्षेत्रको सहभागिताले नगरपालिकाको आर्थिक सामाजिक गतिविधिमा थप विस्तार हुने सम्भावना रहेको छ । उपयुक्त हावापानी र जिल्ला सदरमुकामसंग जोडिएको रणनीतिक अवस्थिति एवं हरियाली नगर तथा स्मार्ट सिटीको रुपमा अगाडि बढ्नु यस नगरपालिकाको थप सबलता हो । चेपे, दरौदी र मर्स्याङ्गदी जस्ता नदि प्रणालीको उपस्थितिले स्वच्छ खानेपानी, साना सिञ्चाइ र लघु तथा ठूला जलविद्युत परियोजना विकास गर्न सकिने सम्भावना पनि उत्तिकै रहेको छ ।

यस नगरपालिका भित्र रहेको प्रसिद्ध लिगलिग कोट, तालपोखरी/तालदेवी, लम्जुङ्ग, तनहुँ र गोरखाको संगम स्थल चेपेघाट, अन्नपूर्ण मन्दिर, मिरकोट, हर्मीकोट, च्याङ्गली महादेव, कोटगढी, लगामकोट, पञ्च्याम, बाल्टथुङ्ग, जैथुङ्ग, च्याङ्गली भिमसेन थान जस्ता धार्मिक तथा पर्यटकीय स्थलहरूलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने सकिने संभावना रहेको छ । स्मार्ट सिटी, हरियाली नगर, तालपोखरी निर्माणको लागि विस्तृत संभाव्यता अध्ययन भइसकेकाले यस क्षेत्रसंगको यातायातको सहज पहुँचले थप पर्यटक आकर्षित गरी यस क्षेत्रकै आर्थिक विकासमा टेवा पुग्न सक्ने सम्भावना छ । हाल संचालन अवस्थामा नरहेको एयरपोर्टलाई पुनः संचलन गरी यस नगरको विकासमा साझेदारी गर्ने सक्ने उल्लेख्य सम्भावना समेत देखिन्छ ।

नगरपालिकामा आर्थिक रुपले सक्रिय ४६ प्रतिशत युवा जनशक्ती छन, २४ प्रतिशत सिंचित जमिन छ, वन तथा हरियाली क्षेत्रले ढाकेको करिब ४३.५२ प्रतिशत भुभाग छ, वैदेशिक रोजगारीबाट वार्षिक करिब ६ करोड ५४ लाखको हाराहारीमा विप्रेषण भित्रिने गरेको छ, जसले गरिबी निवारण, आधारभूत आवश्यकताको परिपूर्तिका साथै लगानीका अवसर समेत बढाएको छ । मध्यपहाडी लोकमार्ग आसपासमा एकीकृत वस्ति सहितको नया शहरको विकास हुने र यस नगरक्षेत्र स्मार्ट सिटीको रुपमा विकासित हुने संभावना भएकोले यस नगरपालिका क्षेत्रमा वैज्ञानिक तथा एकीकृत भूव्यवस्थापन योजना सहितको नगर विकास हुने सम्भावना देखिएको छ । नगरपालिका क्षेत्रभित्र तामाखानी रहेकाले यसको उत्खनन् एवं व्यापार प्रर्वद्धनको सम्भावना रहेको देखिन्छ । त्यसैगरी नगरक्षेत्रका ठूला फाँट औद्योगिक ग्रामको रुपमा विकास गर्न प्रदेश सरकारबाट प्रस्तावित भएबाट यस क्षेत्रको कृषि, व्यापार व्यवसाय, पर्यटकीय स्थल लगायतका क्षेत्रमा सृजना हुने रोजगारीले यस क्षेत्रको आर्थिक विकास विकासमा उल्लेखनीय योगदान पुग्न जाने देखिन्छ ।

राजनीतिक दलहरू र नागरिक समाज वीच विकासका प्राथमिकताको सवालमा साझा धारणा, सहकार्यको संभावना, नगरपालिकाको संघ, प्रदेश तथा अन्य स्थानीय तहसंगको प्रगाढ सम्बन्ध तथा समन्वयको अवस्थालाई साझा हितका सहलगानीमा परियोजनाहरूबाट तुलनात्मक लाभ लिन सकिने संभावना देखिन्छ । समग्र आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक यातायात, विद्युत्, सूचना र सञ्चार प्रविधिजस्ता आधारभूत पूर्वाधारहरू उपलब्ध छन् । कतिपय सूचकहरू औसत राष्ट्रिय सूचकभन्दा माथि रहेका छन् । युवा जनशक्ति प्रर्याप्त रहेकाले तिनको समुचित परिचालनबाट जनसांख्यिक लाभ (Demographic Dividend) र विप्रेषण आय (Remittance Income)

को समुचित परिचालन गरी विकासको गतिलाई तीव्र बनाउने अवसरहरू प्रशस्त रहेका छन् । नगरपालिकामा निर्वाचित पदाधिकारीले निर्वाचनका क्रममा आ–आफ्ना राजनैतिक दल मार्फत घोषणपत्रमा गरेका वाचालाई व्यवहारमा उतार्न प्रतिबद्ध भएमा नगरका विकास योजना कार्यान्वयन हुनेमा विश्वस्त हुन सकिन्छ ।

यसका अतिरिक्त नगरपालिका र छिमेकी स्थानीय तहसंगको राजनीतिक र व्यापारिक सम्बन्ध, रणनीतिक बजार केन्द्र, सडक संजाल, संघ, प्रदेश र अन्य स्थानीय तहसंगको अन्तरसम्बन्ध, स्थानीय अर्थतन्त्रका प्रमुख सूचकहरू, समग्र आर्थिक तथा सामाजिक विकासका अग्रणी क्षेत्रहरू, स्थानीय श्रोत साधन एवं पूंजी परिचालनको अवस्था, रोजगारी प्रर्वद्धन र गरिवी न्युनिकरण, भूउपयोग र नगरपालिकाको अन्य विकास साझेदारहरूसंगको सम्बन्ध, समन्वय र सहकार्यको अवस्थालाई पालुङटार नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासको संभावनाको आधारको रुपमा उपयोग गर्न सकिने देखिन्छ ।

## ३.२ चुनौती र जोखिम

यस नगरपालिकाको ठूलो श्रोतको रुपमा रहेको भूमिलाई वसोवास क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सार्वजनिक क्षेत्रलाई व्यवस्थित गर्न भू उपयोग योजना कार्यन्वयन हुन नसक्दा जमिनको वर्गिकरण, उत्पादकत्व वृद्धि जस्ता क्षेत्रमा लगानी आकर्षित हुन सकेको अवस्था छैन । नगरपालिकाको भूभाग भिरालोपना, पाखा पखेरो र सुख्खा प्रकृतिको रहेको कारण खाद्य उत्पादको हिसावले उत्पादकत्व क्षमता कम हुने भएकोले एकातिर खाद्य सुरक्षाको स्थिति चुनौतिपूर्ण रहेको छ भने भौगोलिक विकटता, अव्यवस्थित बस्ति विकास, घरघरमा वाटो पुर्‍याउने नाराका कारण अधिकांश पहाडलाई चिराचिरा हुने गरी निर्माण भएका सडकका कारण पहिरोको जोखिममा वृद्धि भइरहेको छ । सडक, बिद्युत, खानेपानी, वातावरण संरक्षण जस्ता आधारभूत सेवा सुविधाको विकास र बिस्तार अत्यन्तै खर्चिलो भइरहेको अवस्था छ । बजार केन्द्रहरूको विकास योजनाबद्ध तरिकाले हुन नसक्दा मुख्य बजार क्षेत्र जस्तै ठाँटीपोखरी, सातदोबाटे सेरा, विरद्धी, पौवाटार, बाह्रपिर्के, आँपपिपल भर्‍याङ्ग जस्ता विकासको सम्भावना वोकेका बजार केन्द्रहरू पनि अव्यवस्थित तवरले विकास हुने जोखिम वढेको छ ।

नगर क्षेत्रभित्र कृषि, पर्यटन, पशु, वन वातावरण जस्ता आर्थिक विकासका अग्रणी क्षेत्रमा आवश्यक दक्ष एवं प्राविधिक जनशक्तिको कमी रहेको छ, धेरैजसो भौतिक पूर्वाधारका योजना प्रर्याप्त प्राविधिक अध्ययन बिना निर्माण भएकाले पहाडी सडकहरूमा कम चौडाइ, सडक किनारमा ढलको वा नालीको उचित प्रबन्धको अभावमा पूर्वाधार संरचनाहरू विपदको जोखिमा रहेको छ भने भिरालो भुगोलमा बग्ने खहरे खोलानालाहरूको उचित व्यवस्थापनमा लगानीको कमीले नगरपालिकाको वातावरणीय पक्षको जोखिम पनि बढ्न गएको छ ।

मध्यपहाडी लोकमार्ग आयोजनाको कार्यसम्पादनस्तर ढिलाइ हुंदा नगरपालिकाले अपेक्षित सुविधा लिन सकिरहेको छैन भने धेरैजसो सडकहरू निर्माणाधिन अवस्थाका कारण सडक अधिकार क्षेत्र (Right of Way) कायम गर्न कठिनाई सृजना भइरहेको छ भने मापदण्ड अनुसार चौडा कायम गर्न सकिरहेको अवस्था छैन । कच्चि सडकको कारण नियमित यातायात संचालनमा समस्या भइरहेको छ भने सडकमा कल्भर्ट तथा नाला निर्माण नभएको कारण सडक दाँयावायां हरियालीकरण बढाउन सकिरहेको अवस्था छैन ।

सडक संजालको विकासले मानिसहरूलाई पहुंचमा सहज बनायो भने अर्कोतिर ग्रामिण बस्तीमा गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सुविधाको अभावमा शहरमा वसाई सराइको जोखिम पनि वढाएको छ । स्थानीय तहमा रोजगार र स्व-रोजगारका अवसरहरू पर्याप्त नहुँदा युवा जनशक्ति विदेशिनु परेका कारणले कृषियोग्य जमिनको उचित उपयोग नभई खाद्य परनिर्भरता बढिरहेको छ ।

नागरिकहरूमा चेतनाको कमी, बढ्दो अपेक्षाहरू यथोचित रुपमा सम्बोधनमा स्रोत साधनको कमी, बजारमा स्थानीय उत्पादनको न्यूनता, निर्यातयोग्य कृषि वस्तुको उचित बजारीकरण हुन नसक्नु, नगरपालिकाको आर्थिक आयका स्रोतहरू सीमित हुनु, भएका स्रोतहरूको पनि पहिचान हुन नसक्नु जस्ता कारणले नगरपालिकाको सेवा प्रवाह प्रभावकारी बन्न सकिरहेको अवस्था छैन । यी समस्याले मूलतः उत्पादकत्वमा कमी, न्यून आयआर्जन, गुणस्तरीय तथा सीपयुक्त जनशक्तिको अभाव, युवा शक्ति वैदेशिक रोजगारमा जाने तथा ग्रामिण वडाबाट पलायन हुने प्रवृत्ति बढिरहेको पाइन्छ ।

प्रति व्यक्ति बार्षिक आय रु. १ लाख २५ हजार भन्दा कम आम्दानी हुने घरधुरी ४६.३६ प्रतिशत रहेको छ भने आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने घरधुरी ५५.८२ प्रतिशत रहेको अवस्था छ । त्यसै गरी नगर क्षेत्र भित्र आफ्नै उत्पादनले ३ महिनासम्म खान पुग्ने घरपरिवार ७.९१ प्रतिशत, ४ देखि ६ महिनासम्म खानपुग्ने १३.९८ प्रतिशत, ७ देखि ९ महिनासम्म खानपुग्ने परिवार ११.२७ प्रतिशत १०देखि १२ महिनासम्म खान पुग्ने १६.२९ प्रतिशत रहेको अवस्था छ ।

यस नगरपालिकाको मुख्य पेसाका रूपमा रहेको निर्वाहमुखी कृषिलाई (५२.९१ प्रतिशत) व्यवसायीकरण गर्दै कृषिमा रोजगारीको अवसर सृजना गर्नु प्रमुख चुनौतीका रूपमा देखिएको छ । कृषि र जडिबुटीमा आधरित उद्योगको विकास, सडक यातायात पूर्वाधारको स्तरोन्नति, मध्यपहाडी लोकमार्गको पहाडी भूभागमा व्यापक रूपमा भइरहेको कटानका कारण वातावरणीय ह्रासलाई न्यूनीकरण गर्दै सडक निर्माण तथा स्तरोन्नति गर्नु चुनौतीपूर्ण देखिन्छ । कमजोर पूर्वाधार रहेका पर्यटकीय स्थलमा आधारभूत भौतिक पूर्वाधारलगायतका सुविधाको विकास गरी पर्यटकलाई आकर्षित गर्ने कार्य पनि चुनौतीपूर्ण छ । गुणात्मक शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक पूर्वाधारहरूको विकास गर्दै नागरिकहरूमा चेतना र सीपको स्तर अभिवृद्धि गरी नगरको प्राकृतिक सुन्दरताको संरक्षण र सर्म्वद्धन, नागरिकहरूमा मानवीय मूल्य र मान्यताको विकास र सोही अनुसारको सोच, चिन्तन र व्यवहारको कसीमा सुन्दर, सभ्य र समृद्ध पलुङटारको रूपमा आफूलाई उभ्याउने चुनौती पनि यस नगरपालिका समक्ष रहेको छ । यसैगरी परम्परागत बजार क्षेत्रलाई सुव्यवस्थित गरी मध्यपहाडी राजमार्गको यस हिस्सामा व्यापारिक केन्द्रको रूपमा आफूलाई विकास गर्ने चुनौती पनि नगरपालिका समक्ष रहेको देखिछ ।

नगरपालिकाको आफ्नो श्रोतले मात्र वढदो मागलाई सम्वोधन गर्न सकिने अवस्था छैन । यस कारण ठूला र पूँजी निर्माण हुने आयोजनाका लागि ऋण परिचालन पनि गर्नु पर्ने हुन सक्दछ तर हालसम्म नगरपालिकाले मागमा आधारित योजना निर्माण पद्धतिको विकास गरी नसकेको र आवधिक योजना तर्जुमा पश्चात यस तर्फ पनि नीतिगत रुपमा सम्बोधन गर्नु पर्ने अवस्था सृजना भएको छ । यसै गरी यस नगरपालिका लगायत यस क्षेत्रकै पर्यटन प्रर्वद्धनमा अहम महत्व राख्ने लिगलिगकोट, तालपोखरी जस्ता ठूला आयोजनाका लागि सरकारी लगानी भन्दा सार्वजनिक निजी साभेदारी (Public-Private Patnership PPP) नीतिको अभावमा निजी लगानी ल्याउनु पर्ने जोखिम देखिन्छ ।

सामाजिक समावेसीकरण, लैगिक समानता, लैगिक हिंसामुक्त नगरपालिका, विद्यालय जाने उमेर समुहका सवै बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भर्ना, निरक्षरता दर शून्यमा झार्ने, आधारभूत तथा माध्यमिक शिक्षालाई अनिवार्य एवं गुणात्मक बनाउने, आधारभूत स्वास्थ्य सुविधा, भूकम्प प्रतिरोधात्मक निर्माण जस्ता जोखिमहरू न्यूनीकरण गर्दै व्यवस्थित गर्नु पनि नगरपालिका सामु चुनौतीको रुपमा रहेका छन् ।

यस नगरपालिकाको अवस्थिति रणनीतिक रहेको, संघ, प्रदेश सरकारी तह वीचको अन्तरसम्बन्ध प्रगाढ रहेको र छिमेकी गाउपालिकाहरूसंगको अन्तरसम्बन्ध पनि अत्यन्त सुमधुर रहेको भएतापनि साझा हित र तुलनात्मक लाभका क्षेत्रको पहिचान, अन्तर सरकारी सहकार्य सम्बन्धी कार्ययोजनाको खाकाको अभावमा यस तर्फ खासै प्रगति हुन सकेको देखिदैन ।

# परिच्छेद–चार दीर्घकालीन सोच (दुरदृष्टि), आवधिक लक्ष्य तथा उद्देश्य

## ४.१ नगरको विकासको दीर्घकालिन सोच (Vision)

आवधिक योजना तर्जुमा कार्यशालाको क्रममा सहभागीहरू बीच नगरको समग्र विकास र समृद्धिका लागि प्रमुख अग्रणी क्षेत्रहरू सम्बन्धमा वृहत छलफल अन्तरक्रियाको निष्कर्षको रुपमा बिद्यमान धार्मिक, सांस्कृति र प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र प्रवर्द्धन, मानवीय सोच, संस्कार र व्यवहारमा पूर्वीय दर्शन एवं सनातन सभ्यता अनुरुपका मूल्य र मान्यताको अवलम्वन सहित सभ्य समाज निर्माण गर्दै वातावरणमैत्री भौतिक एवं सामाजिक पूर्वाधारको विकास, ठूला व्यवसायिक कृषि तथा औद्योगिक क्षेत्र विकास, खेल पर्यटन, मेडिकल पर्यटन, एकिकृत पर्यटन सर्किट, सूचना तथा सञ्चारमैत्री विद्यालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य बिमा कार्यक्रम, स्वच्छ खानेपानी आपूर्ति र स्थानीय संस्कृति एवम् पहिचान लगायतका क्षेत्रको सर्वाङ्गिण विकास मार्फत समृद्धि हासिल गर्न "मध्य पहाडी व्यापारिक पर्यटकीय शहर, सुन्दर समुन्नत र समृद्ध हाम्रो लिगलिग पालुङटार" को दिर्घकालीन सोच (Long Term Vision) निर्धारण गरिएको छ।

"मध्य पहाडी व्यापारिक पर्यटकीय शहर,

सुन्दर, समुन्नत र समृद्ध हाम्रो लिगलिग पालुङटार"

### ४.२ समष्टिगत लक्ष्य (Goal)

पालुङटार नगरपालिकाको दिर्घकालिन सोचलाई मध्यमकालिन अवधि अर्थात पहिलो आवधिक विकासको लागि आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकास हासिल गर्दै वातावरणमैत्री र शुसासनयुक्त विकासको सुनिश्चितता गर्दै पालुङटारबासीको जीवन स्तर उकास्ने समष्टिगत विकास लक्ष्य निर्धारण गरिएको छ।

पहिलो आवधिक योजना अवधि (२०७७/०७८–२०८१/०८२) सम्मका लागि देहाय बमोजिमका समग्र लक्ष सूचकहरू हासील हुने अपेक्षा गरिएको छ।

**तालिका२: लक्ष सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) ०७९/८० | ०८१ /८२ | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| १ | प्रति व्यक्ति बार्षिक आय रु. १ लाख २५ हजार भन्दा कम आम्दानी हुने घरधुरी | प्रतिशत | ४६ | ४१ | ३५ | १.१.१ |
| २ | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने घरधुरी | प्रतिशत | ५६ | ६० | ६५ | २.१.१ |
| ३ | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | ३१९३६ | ४७००० | ५७००० | २.४.१ |
| ४ | व्यवसायिक/प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | ४०७ | ७०० | १००० | ४.४.१ |
| ५ | बाल कुपोषण दर | प्रतिशत | ०.२ | ० | ० | २.२.१ |
| ६ | वाल विवाहको दर (पहिलो विवाह उमेर) | संख्या | १२२७२* | ० | ० | ५.३.१ |
| ७ | महिला हिंसाको घटना | संख्या | १६ | ८ | ० | ५.२.१ |
| ८ | मापदण्डअनुसार बनेका आवास घर | संख्या | ३२५५ | ४००० | ४५०० | ११.१.१ |
| ९ | बाह्रै महिना सञ्चालनहुने सडक | कि.मी | १०३ | ३५० | ५०० | ९.१.१ |
| १० | रुख विरुवाले ढाकेको वा हरियाली क्षेत्र | प्रतिशत | ४३.५२ | ४३.५२ | ४३.५२ | १५.१.१ |
| ११ | नगरपालिकाकाभित्रको बेरोजगारको संख्या | संख्या | ९८८ | ५०० | ३८८ | ८.६.१ |
| १२ | सुरक्षित बैदेशिक रोजगारीमा जाने संख्या | संख्या | २४७६ | २७०० | २९०० | ८.८.१ |
| १३ | उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | १० | २२ | ३० | ८.३.१ |

### ४.३ समष्टिगत उद्देश्य

नगरपालिकाको पहिलो आवधिक योजनाले समिष्टगत लक्ष्य हासिल गर्न बहुआयामिक विकासको प्रतिफल न्यायोचित बनाई जीवनस्तरमा सुधार ल्याउने उद्देश्य बमोजिम प्राथमिकता क्षेत्र निर्धारण र रणनीति अवलम्बन गरिने छ ।

### ४.४ विषयक्षेत्रगत बृहत उद्देश्यहरु

#### ४.४.१ आर्थिक क्षेत्र विकास

कृषिमा आधुनिकिकरण, व्यवसायिकिकरण, स्थानीय शीप, श्रोत साधनमा आधारित उद्योग एवं उद्यमशिलता बिकास, पर्यटन क्षेत्रको क्षमता बिकास गर्दै दिगो आर्थिक विकास भएको हुने

#### ४.४.२ सामाजिक क्षेत्र विकास

प्रविधिमैत्री र प्राविधिक गुणस्तरीय शिक्षा, सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्तिको निर्माण, लैगिक हिंसामुक्त सुसस्कृत एवं समतामूलक समाज निर्माण भएको हुने,

#### ४.४.३ पूर्वाधार क्षेत्र विकास

वातावरणमैत्री र दिगो भौतिक एवं सामाजिक पूर्वाधार विकास गरी आधारभूत पूर्वाधार सुविधामा विपन्न तथा पछाडी पारिएका वर्गको पहुच वृद्धि सहित सहित सुविधा सम्पन्न पालुङटारनिर्माण भएको हुने,

#### ४.४.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

वन तथा जैविक विविधताको संरक्षण गर्दै भू जलाधार तथा विपद् व्यवस्थापन सहित हरियाली नगर निर्माण भएको हुने,

#### ४.४.५ सुशासन तथा संस्थागत विकास

बिधि र प्रक्रियाको स्थापना र विकास गर्दै नगरपालिका तथा अन्य सरोकारवाला निकायहरुको कार्य सम्पादनको गुणस्तर, जवाफदेहीता र पारदर्शिता अभिवृद्धि भएको हुने ।

### ४.५ प्राथमिकता तथा रणनीतिहरु

- नगरपालिकाले आत्मसात गरेको दिर्घकालिन सोच (Vision), पहिलो आवधिक योजनाले निर्धारण गरेको लक्ष्य (Goal) र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छन,
- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन बमोजिम प्राप्त एकल तथा साझा अधिकारहरुको सुव्यबस्थित एवं समन्वयात्मक प्रयोग र अभ्यास गरी संघियता प्रर्वद्धन गर्न आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गर्ने,
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेश वीच सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने,
- कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण, स्थानीय शीप, श्रोतमा आधारित साना तथा घरेलु उद्योग र वनजन्य उद्यम व्यवसायको बिकास गरी रोजगारीको सृजना र दिगो आय बृद्धि गर्ने,
- गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, मानसिक स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वास्थ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने,
- व्यवस्थित यातायात पूर्वाधार, बजार, आवास, स्वच्छ उर्जा तथा संचार पुर्वाधारको विकासद्वारा अन्तरआवद्धता विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गर्ने,
- लैंगिक समानता तथा सामाजिक समावेसीकरण, सुशासन, जलवायु अनुकुलन, विपद् व्यवस्थापन, सुशासन तथा सदाचार प्रवर्द्धन जस्ता बिषयलाई स्थानीय बिकासका सबै प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाउने

- महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष रुपमा लाभान्वित भई लैंगिक समानता र सामाजिक समावेशकिरण अभिवृद्धि गर्ने,
- भाषिक तथा सांस्कृतिक पक्षले जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने ।

# परिच्छेद–पाँच आर्थिक क्षेत्र विकास

## ५.१ बिषय प्रवेश

नेपालको संविधानले मौलिक हकका रुपमा सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ सरकार, प्रदेश सरकारका साथसाथै स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ । यसलाई मुर्तरूप दिन संवैधानिक व्यवस्था, संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यकता छ । यसलाई मध्यनजर गरी यस नगरपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र अर्थात उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रूपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन आर्थिक बिकास क्षेत्रको बिद्यमान अवस्था, समस्या तथा चुनौतिको पृष्ठभूमिमा आवधिक बिकासको प्रभाव तहको लक्ष्य, बिषय क्षेत्रगत असर तहको उद्देश्य, लक्ष्य परिमाण तथा सो को प्राप्तीका लागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरू देहायअनुसार प्रस्तुत गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, उद्योग, व्यापार, सेवामूलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल समेत भएकाले भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन । यस परिवेशमा आधुनिक प्रविधिको कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ । नगरपालिकामा रहेका तातोपानी ताल सहितको जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेको छ । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका नगरबासीहरू क्रमशः साना उद्योगहरूको विकास तर्फ लागिरहेका छन् । यस नगरपालिकाका मुख्य आर्थिक क्रियाकलापहरूमा व्यापार व्यवसाय, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ।

कृषिमा आधारित पालुङ्टार न.पा. समुद्र सतहबाट मस्याङ्दी किनार ४०० मी. देखि लिगलिगकोट १४४० मिटरको उचाई पर्दछ । त्यसैले यो अर्धउष्णदेखि न्यानो शितोष्ण हावापानीसम्म पर्दछ । यहाँ ८५०० हे. क्षेत्रफल बालीले ढाकेको छ । नगरपालिकामा रहेका कुल ८,५२३ घरपरिवारहरू मध्ये आम्दानीको मुख्य पेशा कृषि हुने घरपरिवारको संख्या ६५११ अर्थात ७६.४ प्रतिशत, दोस्रोमा व्यापार तथा व्यवसाय गर्नेको संख्या ९५९ अर्थात ११.३ प्रतिशत, तेस्रोमा नोकरी गर्नेको संख्या ५६२ अर्थात ६.६ प्रतिशत, विप्रेषण क्षेत्रबाट कमाएर पठाएको रकम हुनेको संख्या २०३ घरपरिवार अर्थात २.४ प्रतिशत, सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा बाट १०१ अर्थात १.२ प्रतिशत आम्दानीको मुख्य श्रोत भएको देखिन्छ ।

कृषिमा पनि तरकारी खेतीलाई बढि जोड दिइएको छ । नगरपालिकामा रहेका नदि बनजंगल, सहितको पर्यटन क्षेत्र तथा जैविक विविधता नगरपालिकाको आर्थिक सम्वृद्धिको आधार बन्न सक्दछन् । आर्थिक विकास संभावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यवसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, उन्नत मल विउको न्युन उपलव्धता, कर्जामा कम पहुँच, वजारोन्मुख खेती प्रणाली नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ ।

यस नगरपालिकाको कृषि, वन तथा पशु क्षेत्र, पर्यटन क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावना भएकोले कृषि तथा वनमा आधारित साना उद्यम, पर्यटन क्षेत्रको बिकास, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको संभावना, समस्या तथा विकासका लागि अबलम्बन गर्नुपर्ने रणनीति निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

## ५.३ आर्थिक क्षेत्र विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजनाको लक्ष्य प्राप्तिमा योगदान दिने गरी आर्थिक विकास क्षेत्रको लागि– कृषिमा आधुनिकिकरण, व्यवसायिकिकरण, स्थानीय शीप, श्रोत साधनमा आधारित उद्योग एवं उद्यमशिलता बिकास, पर्यटन क्षेत्रको क्षमता

बिकास गर्दै दिगो आर्थिक विकास भएको हुनेउद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्य अनुसार देहाय बमोजिम लक्ष सूचकहरू हासील हुने अपेक्षा गरिएको छ ।

**तालिका ३: आर्थिक विकासको उद्देश्य लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| क्र.सं. | सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | (आ.व. ०७५/७६ सम्मको अवस्था) | ०७९/८० | ०८१ /८२ | |
| १ | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | ८१३४ | ८७०० | ९५०० | ८.३.१ |
| २ | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | संख्या | ४९९४ | ५५०० | ६००० | २.३.२ |
| ३ | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) हजारमा | रु. | ९१७४ | १५००० | २०००० | २.३.१ |
| ४ | पशुपंक्षी र सो जन्य उत्पादन मूल्य ( बार्षिक)हजारमा | रु. | १०२६६ | १७००० | २५००० | २.३.१ |
| ५ | औद्योगिक वस्तु र सेवा उत्पादन मूल्य (बार्षिक) | रु. | २३१० | ३३०० | ४३०० | ८.२.१ |
| ६ | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ९२९ | १३०० | १५०० | ८.३.१ |
| ७ | निकासी जन्य उद्योग | संख्या | | | | ८.२.१ |
| ८ | भमण गर्ने बाार्षिक पर्यटक (वाह्य) (अ.) | संख्या | ५०० | ७०० | १००० | |
| ९ | भ्रमण गर्ने बाार्षिक पर्यटक (आन्तरिक) (अ.) | संख्या | १५००० | २०००० | २५००० | |
| १० | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति (अ.) | जना | १५० | २५० | ४०० | ८.३.१ |

**प्रमुख रणनीतिहरू:**

- आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि विकास तथा खाद्य सुरक्षा, पशु विकास, वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन, पर्यटन बिकास, उद्योग, ब्यापार ब्यबसाय, वित्तीय तथा सहकारी क्षेत्रसंग सम्बन्धित संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,
- आर्थिक बिकास क्षेत्र अन्तर्गतका लक्ष्य, उद्देश्य र उपलब्धीको लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत बिनियोजन भए नभएको अनुगमन तथा मूल्यांकन पद्धतिको बिकास गर्ने,
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त आर्थिक विकास क्षेत्रसंग सम्बन्धित नमूना कानूनका मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने,
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी आर्थिक विकास क्षेत्र अन्तर्गतका सेवाहरू सुलभ र गुणस्तरीय रूपमा प्रवाह गर्ने,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई आर्थिक विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रूपमा समावेश र सम्बोधन गर्ने ।

### ५.३.१ कृषि विकास तथा खाद्य सुरक्षा

**क) संभावना, अवसर र विद्यमान अवस्था**

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त बनाउने लक्ष्य लिएको सन्दर्भमा संघीय सरकारले बि.सं.२०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । हाल मुलुक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ ।

नगरपालिकाको ठूलो क्षेत्रफल समथर फाँटले भरिएको हुँदा कृषि कार्यका लागि प्रतिशत जमिन रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्यखाद्यान्न बाली (धान, मकै, कोदो, गहुँ, मास, तील, भटमास), नगदे बाली (अदुवा, बेसार, खुर्सानी), मौषमी तथा वेमौषमी  तरकारी बाली (आलु, तरुल, पिँडालु, सखरखण्ड, शितलचिनी, गोलभेडा), फलफूल बाली ( नास्पती, लिची, अम्बा, कागती, सुन्तला, आँप (अमरपाली), मेवा, केरा, भुईंकटहर) को उत्पादन हुने गरेको छ ।

यस पालिकामा प्रशस्त खेती योग्य जमिन, प्रशस्त तरकारी खेती र उपयुक्त बजारको व्यवस्था रहेको छ । कृषि सहकारी संस्थाहरूको क्रियाशिलता रहेको यस पालिकामा तरकारी पकेट् क्षेत्रहरू वडा १, ४ र ६ रहेका छन् यसलाई अझ बढावा दिन सकिने देखिन्छ । अर्गानिक तरकारी, फलफुलको बढ्दो मागलाई ध्यान दिएर यस तर्फ आकर्षित गर्न सकिने सम्भावना छ । वडा न ३, ५ र ७ मा गेडागुडी, अदुवा, मकै खेतिको सम्भावना प्रचुर मात्रामा रहेको छ अन्य अधिकांश क्षेत्रहरूमा अन्नवाली धान, मकै र कोदो प्रमुख रहेका छन् । करिब ८५०० हे. बालीले ढाकेको क्षेत्रफल मध्ये धानबाली ५००० हे., मकै ४५०० हे. कोदो ८०० र गहुँ ५० हे. क्षेत्रफलमा खेती गरिन्छ । यसको उत्पादकत्व क्रमश: ३.२, २.८, १.४ र २.० मे.टन प्रतिहेक्टर पाईएको छ । पहाडी क्षेत्रमा हुने सबै प्रकारका खेति यस नगरपालिकामा हुने गरेको छ । अधिकांश परिवारहरू तरकारी खेती तथा पशुपालनमा संलग्न छन् । सहरीकरणको वृद्धिसँगै खेतीयोग्य जमिनको परिमाण पनि कमी हुदै गएको  छ । वडा नं ६, ७ र ८ लाई लिची र केरा खेतीका लागि विशेष सम्भाव्यता भएको क्षेत्रका रूपमा विकासित गरिएको छ । पालुङ्टारले प्रति वर्ष ४ देखि ५ करोड नेपाली रुपैँया बराबरको फलफूल निर्यात गर्छ ।  प्रत्यक्ष अप्रतक्ष्य ६७.४ प्रतिशत घरपरिवार कृषिमा आश्रित छन् ।

उत्पादित तरकारी पालुङटार, डुम्रे, चितवन र पोखरा जस्ता बजार केन्द्रहरूमा बिक्रि हुने गरेको छ भने यहा उत्पादन हुने आँप, केरा, लिचि, कागती जस्ता फलफुल तथा वनजन्य जडिवुटीहरू स्थानीय वजारमा खपत हुने गरेको छ । प्रशस्त सम्भावना भएका कृषि क्षेत्रहरूको अध्ययन गरी पकेट क्षेत्रको रूपमा बिस्तार र प्रर्वद्धन गर्न सकेको खण्डमा खाद्य सुरक्षा तर्फ अप्रत्यक्ष भएपनि योगदान गर्न सक्ने प्रचुर संभावना रहेको छ ।

परम्परागत कृषि प्रणालीमा सुधार गरी कृषि उत्पादकत्व बढाउन, खाद्यान्न बाली (धान, मकै, कोदो, गहुँ, मास, तील, भटमास), नगदे बाली (अदुवा, बेसार, खुर्सानी), मौषमी तथा वेमौषमी तरकारी बाली (आलु, तरुल, पिँडालु, सखरखण्ड, शितलचिनी, गोलभेडा), फलफूल बाली (नास्पती, लिची, अम्बा, कागती, सुन्तला, आँप (अमरपाली), मेवा, केरा, भुइँकटहर, सिँउडी फल र एभोकाडो) लगायतका बालीहरुको व्यावसायिक उच्पादनबाट उल्लेख्य आर्थिक लाभ लथा रोजगारी वृद्धि गर्न सकिने देखिन्छ ।

कृषिमा आधारित साना तथा मझौला कृषि प्रशोधन उद्योग (पालुङ्टारको प्रत्येक वडाको पहिचान झल्कने ब्राण्डमा फलफूल पाउडर, जुस, ज्याम, मार्मलेट, मसला, रोटी, आदी) संचालन गर्न सकिने प्रशस्त सम्भावना छ । वडा नं. ९ र १० मा प्राङ्गारिक खेती गर्न सकिने तथा घर बगैंचा कार्यक्रम सञ्चालन गरी पौष्टिकतत्व तथा आयआर्जनमा सुधार गर्न सकिन्छ ।

कम क्षेत्रफलमा ज्यादा उत्पादन हुने ड्रमस्टिक तरकारी (शितलचिनी तरकारी), ड्रागन फल (सिउँडी फल), एभोकाडो लगायतका नयाँ बालीहरु पालुङटारको लागि उपयुक्त हुने र आर्थिक उपार्जन समेत गर्न सकिने सम्भावना रहेको छ ।

**ख) समस्या तथा चुनौति**

यस नगरपालिकामा कृषि क्षेत्रमा उपलब्ध विशिष्ट संभावनाको बावजुद अधिकांश कृषकहरूमा व्यावसायिक कृषि सम्बन्धी प्राविधिक, व्यवस्थाकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी छ । परिणामस्वरूप उत्पादित बालीको सरंक्षण र भण्डारण, उत्पादकत्व वृद्धिका लागि मलखाद र विषादीको प्रयोग जस्ता कामलाई

व्यवस्थित र प्रभावकारी बनाउन सकेको छैन । भूउपयोग नीतिको अभावमा आवासीय भूमी र कृषि भूमीको वर्गिकरण हुन सकेको छैन जसका कारण कृषियोग्य जमीनको खण्डीकरण र कृषि भूमि संकुचन भई यान्त्रिकीकरणमा अवरोध सृजना भएको छ ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको उन्नत प्रजातिका बीउ बिजन उपलब्ध हुन सकेको छैन भने विरूवा उत्पादनका लागि नर्सरी नहुँदा कृषकहरूको माग र आवश्यकता अनुसारको विरूवा उपलव्ध हुन सकेका छैन । रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुबांशिक र कम गुणस्तरको बीउविजन प्रयोग गर्नु पर्ने बाध्यता रहेको छ । सुख्खाक्षेत्रमा सिंचाई सुविधाको अभाव, व्यवसायिक कृषकहरू संगठित हुन नसक्नु, सहुलियत दरमा कृषक बिमा तथा ऋण प्रबाहको अभाव जस्ता कारणहरूले गर्दा नगरपालिकाको करीव४४ प्रतिशत जनसंख्या अझ पनि खाद्य असुरक्षाको चुनौति सामना गर्न वाध्य भइरहेको अवस्था छ ।

खेतीका लागि उन्नत मल, वीउ तथा प्रविधिहरूको कमसल गुणस्तरको हुनुका साथै पर्याप्त रूपमा उपलब्ध हुन सकिरहेको छैन । दक्ष कृषि प्राविधिक उपलब्ध हुन सकिरहेका छैनन् । तरकारी भण्डारण सुविधा हुन नसक्दा उचित बजार मूल्य लिन तथा उत्पादित वस्तुलाई केहि समय सुरक्षित राख्न कठिनाई छ । माटो परीक्षण गरी सोहि अनुसार खेती गर्ने परिपाटी छैन । वाली उपचार सेवा सुविधा उपलब्ध सकिरहेको छैन । स्थानीय स्तरमा नै बीऊबिजन उत्पादन गर्ने, भण्डारणको लागि चिस्यान केन्द्रको स्थापना र आवस्यकता अनुसार प्रयाप्त सिंचाई व्यवस्था हुन सकिरहेको छैन । सिंचाईको अभाव तथा बैदेशिक रोजगारी तर्फ युवाहरू पलायन भै रहेको सन्दर्भमा बाँझो जग्गाहरू वृद्धि भइ रहेको छ । यसर्थ कृषिमा निर्भर नगरपालिका भएकोले यहाँको खाद्य सुरक्षा, पोषण तथा आयाआर्जनमा वृद्धि गर्न कृषि विकासलाई प्राथमिकतामा राखिनुपर्दछ ।

### ग) उद्देश्य

कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी आर्थिक सम्वृद्धि तथा खाद्य सुरक्षाको आधार तयार गर्ने ।

**घ) सूचक तथा लक्ष परिमाण**

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १ | कृषि उत्पादनमा संलग्न घरपरिवार | प्रतिशत | ५३ | ५४ | ५५ | २.३.१ |
| २ | आलु व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ५६ | ८० | १०० | २.३.१ |
| ३ | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ९५० | १२०० | १५०० | २.३.१ |
| ४ | अगुवा वा व्यवसायिक कृषक | संख्या | अ. ५० | १५० | २०० | २.३.१ |
| ५ | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | अ. ३० | ५० | १०० | २.३.१ |
| ६ | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ३५ | ४५ | ५० | २.३.१ |
| ७ | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १९ | २२ | २५ | ५.क.१ |
| ८ | खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | ३१९३६* | ३५००० | ४०००० | १२.२.२.३ |
| ९ | तरकारी उत्पादन | मे.ट. | ५६७० | ८००० | १०००० | १२.२.२.३ |
| १० | फलफुल उत्पादन | मे.ट. | २६५० | ४२०० | ५००० | १२.२.२.३ |
| ११ | मह उत्पादन (वार्षिक) | के.जी | ४८१ | ८०० | १२०० | १२.२.२.३ |
| १२ | कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट. | २०० | ५०० | ७०० | २.३.१ |
| १३ | एग्रो भेट | | ६ | ८ | १० | २.३.१ |
| १४ | व्यवसायिक कृषि नर्सरी | संख्या | ० | १ | १ | २.३.१ |
| १५ | कृषि सहकारी संस्था | संख्या | १३ | १५ | १७ | ८.३.१ |
| १६ | सहकारीमा आवद्ध कृषक | संख्या | १५०६ | २२०० | २७०० | ८.३.१ |
| १७ | कोल्ड स्टोर र रष्टिक स्टोरको क्षमता | मे.टन | ० | १०० | १०० | २.३.१ |
| १८ | कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | २ | ३ | ५ | |

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १९ | कृषिमा संलग्न जनसंख्या | संख्या | १५८८८ | | | २.३.१ |
| २० | सक्रिय व्यवसायिक कृषि तथा पशुपालन समुह सदस्य | संख्या | ४०० | ७०० | १२०० | २.३.१ |

### ङ) रणनीति

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहाय अनुसारको रणनीति अवलम्वन गरिने छ ।

- कृषि विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ,
- नगरपालिकालाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउन र गरिवी न्युनिकरण गर्न खेतीयोग्य जमिनलाई बाँझो राख्न नपाउने नीतिगत व्यवस्था गरी सामुहिक खेती तथा कवुलियती खेती (लिजहोल्ड फार्मिङ्ग) प्रर्वद्धन गरिनेछ,
- वैदेशिक रोजगारबाट फर्केका युवाहरूको शीप, योग्यता र बित्तीय क्षमताको अधिकतम परिचालन गरी कृषि तथा गैर कृषिमा आधारित साना तथा लघु उद्यम बिकास तथा रोजगारी सृजना गरिनेछ,
- स्थानीय रूपमा संभाव्य गैरकृषि उत्पादनहरू (केरा, कागती, उखु) जस्ता उच्च मूल्य वस्तुको उत्पादनमा वृद्धि, उत्पादित वस्तुलाई मूल्य श्रृखला विकास गरी आय वृद्धि गरिनेछ,
- कृषि उत्पादकत्व र उत्पादन वृद्धिका लागि स्थानीय हावापानी, जलवायु अनुकुलन हुने प्रकृतिको वोट विरूवाको नर्सरी फार्म हाउसको स्थापना, कृषिको व्यवसायिकरण, महिलामैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन र प्रर्वद्धन गरिनेछ,
- स्थानीय उत्पादनको व्यवस्थित भण्डारण, संचय, गुणस्तर वृद्धि सहित व्यवसायिकिकरणका लागि कृषि उत्पादन संकलन केन्द्रको स्थापना र उत्पादित वस्तुको मूल्य सृखला वृद्धिको लागि प्रशोधन उधोगको स्थापना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार लगानी प्रर्वद्धन गरिनेछ,
- कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधार र प्राविधिक जनशक्ति (कृषि ज्ञान सिकाई केन्द्र)को स्थापनाको गरिनेछ,
- कृषि उत्पादन तथा कृषकको लगानी सुरक्षाका लागि कृषि विमा प्रर्वद्धन र सहुलियत ऋण सुविधाको प्रवन्ध गरिनेछ,
- अर्ग्यानिक कृषि पकेट क्षेत्रको विकासका लागि एक वडा एक अर्ग्यानिक फर्म स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ,
- सिस्नु खेती तथा बहुबर्षिय फलफुल तथा नगदेबाली उत्पादनमा जोड दिईने छ ।
- भूउपयोग नीति र योजना तर्जुमा गरी खेतीयोग्य जमिनलाई खण्डिकरण गर्न निरूत्साहित गरिनेछ ।
- स्थानीय सम्भावना अध्ययन गरी एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ नदी उकास तथा खाली पर्ति जग्गाहरूमा बस्ति विहिन कृषि को अवधारण अनुरूप समुह मार्फत वगर खेती कार्यक्रम संचालन गरि स्वरोजगार मुलक कार्यक्रम संचालन गर्न प्राविधीक सहयोग साथै अनुदानको व्यवस्था गरिनेछ ।
- सहकारी संग साझेदारी कार्यक्रम अन्तरगत कृषिको व्यवसायीकरण तथा बजारीकरणमा सहकारी संस्थाहरू संगको सहकार्यमा विभिन्न कार्यक्रम संचालन गरिनेछ,

### च) प्रमुख कार्यक्रम

- भू उपयोग नीति तथा योजना तर्जुमा कार्यक्रम
- कृषि पूर्वाधार निर्माण कार्यकम
- कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास
- व्यवसायिक तथा कृषिमा यान्त्रिकरण विशेष कार्यक्रम
- बजार प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम
- कृषि सिकाई केन्द्र प्रर्वद्धन कार्यक्रम
- कृषि उपज संकलन, बजारीकरण तथा गुणस्तर अभिबृद्धिका लागि सहकारी प्रर्वद्धन कार्यक्रम
- कृषि उपज संकलन, बजारीकरण तथा गुणस्तर अभिबृद्धिका लागि सहकारी प्रर्वद्धन कार्यक्रम
- प्राविधिक दक्ष जनशक्ति तथा क्षमता बिकास कार्यक्रम
- एक घर एक फलफुलको बिरूवा रोपण कार्यक्रम
- एक वडा एक उत्पादनका लागि उद्यमशीलता विकास कार्यक्रम कार्यक्रम
- कृषिमा आधारित शीपमूलक तथा रोजगारीमूलक तालिम कार्यक्रम

## ५.३.२ पशुपंक्षी विकास

### क) संभावना, अवसर र विद्यमान अवस्था

पालुङटार नगरपालिका पशु पंछी पालन क्षेत्रमा पनि कृषि सरहकै जनसंख्या संलग्न रहेका छन् । यस क्षेत्रबाट वार्षिक करिब ६ लाख लिटर दुध, वार्षिक करिब १००० क्विनटल मासु (खसी बोका) तथा करिब ४.८१ क्विनटल मह उत्पदन हुने गरेको छ ।  त्यसैगरी २ वटा व्यवसायिक डेरी पसल सञ्चालनमा रहेका छन् भने ५ वटा सार्वजनिक पोखरीहरूमा माछापालन र २५ वटा व्यवसायिक कुखुरापालन फर्महरू संचालनमा रहेको छन् । त्यसैगरी व्यवसायिक १८ वटा पशु फर्महरु रहेका छन् ।

दुध र दुधजन्य उत्पादन र विक्रीका लागि व्यवसायिक पशुपालन, मासुका लागि बाखापालनको ठूलो सम्भावना देखिन्छ । प्रयाप्त जंगल क्षेत्र रहेकाले व्यवसायिक मौरी पालनबाट ठूलो लाभ लिन सकिन्छ । प्रदेश राजधानी पोखरा र भरतपूर महानगरपालिका नजिकमा भएको र संघीय राजधानीको पनि सहज पहूँच भएकाले उत्पादित वस्तुले बजार पाउन सजिलो छ । पशु विकासका लागि प्रर्याप्त चरण क्षेत्र विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको भएतापनि उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

### ख) समस्या तथा चुनौति

उत्पादकत्व वृद्धिका लागि उन्नत नश्लसुधार, व्यवसायिक र बिबिधिकरण सहित प्रतिष्पर्धात्मक बजारको बिकास हुन नसक्नु, प्रविधि तथा आधारभूत प्राविधिक सेवा, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतिको रूपमा रहिरहेको छ । यसै गरी सामुदायिक दाना उद्योगको अभावमा अन्यत्रबाट आयात गर्दा हुन सक्ने मूल्यवृद्धि, बनका कारण चरण क्षेत्रमा समस्या, दुग्ध संकलन र ढुवानीको समस्या, पशुवधशाला, पशु बिमा सम्बन्धी चेतनाको कमी, घाँसको कमी, प्राविधिक जनशक्तिको कमी जस्ता पक्षपनि थप समस्याको रूपमा रहेको छ ।

### ग) उद्देश्य

पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायिकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य तथा पोषण सुरक्षा तथा गरिबी न्यूनिकरण गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १ | कृत्रिम गर्भाधान केन्द्र | संख्या | १४ | १७ | २० | २.५.१ |
| २ | दुध तथा दुग्धजन्य उत्पादन | लि. | ६ लाख | ६.५ लाख | ७ लाख | २.३.१ |
| ३ | गोठ सुधार, प्रोत्साहन कार्यक्रम | संख्या | | | | २.३.१ |
| ४ | मासु पसल सुधार | संख्या | १८ | २२ | २७ | २.३.१ |
| ५ | पशु स्वास्थ्य सेवा प्रदान गर्ने एग्रोभेट | संख्या | ६ | ८ | १० | २.३.१ |
| ६ | युवा स्वरोजगार फर्म | संख्या | ० | १२ | २० | २.३.१ |
| ७ | पशुपालन तालिम गोष्ठी | संख्या | ५ | १० | १५ | ४.४.१ |
| ८ | दुध प्रशोधन तथा बजारीकरण | संख्या | १ | २ | ३ | २.३.१ |
| ९ | सक्रिय व्यवसायिक कृषि तथा पशुपालन सूमह | संख्या | १९ | २२ | २५ | ८.२.१ |

### ङ) रणनीति

- पशु विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने,
- पशुजन्य उत्पादनको लागत घटाउन र प्रतिस्पर्धात्मक क्षमता बढाउन व्यवसायको व्यवसायिकरण, नश्ल सुधार, कृतिम गर्भाधान, आधारभूत पूर्वाधार सहित एकद्वार प्राविधिक सेवा केन्द्र मार्फत प्राविधिक सेवामैत्री बनाउने,
- व्यवसायिक पशुपालक किसानहरूको क्षमता बिकासका लागि तालिम तथा प्रविधि प्रशारण गरि प्रत्सोहन गर्ने,
- पशुपंक्षी पालक कृषकहरूको क्षमता बिकासका लागि सुचना प्रवाह गरी कृषक सहभागिता बढाउने,
- गरिबी न्यूनीकरणको माध्यमको रूपमा पशुपंछी पालन, मौरी पालन, माछापालन लगायतका उत्पादनमा अनुदान सहित प्रोत्साहन गरिने छ,
- व्यवसायिक पशुपालनका लागि आवश्यक घांसको नियमित आपूर्ति तथा चरणक्षेत्रका लागि सामुदायिक वन उपभोक्ता समुहहरूसंगको सहकार्य प्रर्वद्धन गरिनेछ,
- दुध संकलन, दुवानी व्यवस्था एवंम प्रशोधन उधोग स्थापना गर्न सहकारी मार्फत सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पूंजि परिचालन गरिनेछ,
- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध विक्रि गर्ने किसानलाई प्रति लिटर रू.१ अनुदान उपलब्ध गरिनेछ,
- स्वस्थ्य मासु उत्पाद र उपभोग प्रर्वद्धनका लागि सरकारी र निजी क्षेत्रको सहकार्यमा मासुजांच प्रणाली व्यवस्थित गरी बधशाला मार्फत स्वच्छ र गुणस्तरीय मासु उपभोगमा सहजिकरण गरिनेछ,

### च) प्रमुख कार्यक्रम

- पशु प्रजनन तथा पशु आहार प्रर्वद्धन कार्यक्रम
- पशुपंक्षी पकेट प्याकेज तथा बृहत पशु विकास कार्यक्रम,
- पशु स्वास्थ्य तथा विमा कार्यक्रम,
- दुध व्यवसाय प्रवर्धन तथा प्रसोधन अनुदान कार्यक्रम,
- ब्यवसायिक पन्छीपालन कार्यक्रम
- व्यवसायिक मत्स्य बिकास कार्यक्रम,
- मासु पसल सुधार तथा बधशाला स्थापना
- माछा, मह, वंगुर कुखुरा सहकारी प्रर्वद्धन कार्यक्रम
- एग्रो मार्ट (प्रशोधन प्याकेजिङ्ग) कार्यक्रम

### ५.३.३ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी

#### क) संभावना, अवसर र विद्यमान अवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न रोजगारीको हकको व्यवस्था गरेको छ । पालुङटार नगरपालिकाको हकमा जनसंख्याको आर्थिक रूपले सक्रिय (१४–५९ वर्ष समूह) जनसंख्या करिब ५६ प्रतिशत रहेको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिले स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस नगरपालिकाबाट वैदेशिक रोजगारीमा जानेको संख्या २४७६ रहेको र वार्षिक रूपमा औषत करिब ६.५४ करोड विप्रेषण भित्रिने गरेको अनुमान छ ।

यस आधारमा यस नगरपालिकाबाट युवा पलायनको अवस्था त्यत्ति गम्भिर भइनसकेको र युवाहरू देशकै अन्य क्षेत्रमा गई बिभिन्न रोजगारीमा रहेको अवस्था देखिएको छ । उपयुक्त जीवनपयोगी सीपको विकास गरी युवावर्गलाई कृषि तथा गैरकृषि क्षेत्रमा आकर्षित गर्न सकिने संभावन देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण, शीप तथा अनुभवलाई आफ्नो थातथलोमा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न सकेको खण्डमा स्थानीय आर्थिक विकासमा योगदान पुग्नका साथै रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ। यस नगरपालिकाले सुरू गरेको प्राविधिक बिद्यालयबाट युवाहरूलाई जीवनपयोगी सीप प्रदान गरी उद्यमी बनाउन सकिने पर्याप्त संभावना वढेको छ ।

#### ख. समस्या र चुनौती

युवाहरूमा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय रूपमा जनशक्तिको कमी, पारिवारिक समस्या र परनिर्भरता बढी रहेको छ । नगरमा भित्रिएको विप्रेषण आय उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोगजन्य क्षेत्रमा खर्च भइरहेको अवस्था छ। युवाहरू पलायन हुंदा स्थानीय उत्पादन र उत्पादकत्व क्रमशः ह्रास हुदै गएको अवस्था नै नगरपालिकाको लागि प्रमुख चुनौति रहेको छ । यसै गरी नगरमा गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सुविधाको अभाव, निर्वाहमुखी उत्पादन प्रणाली, श्रमप्रतिको सम्मानको अभाव, स्थानीय शीप र श्रोतको महत्व वारेमा प्रचार प्रसार हुन नसक्नु जस्ता समस्याहरू नै सुरक्षित आप्रवासन क्षेत्रको प्रमुख चुनौति रहेको छ ।

#### ग. उद्देश्य

वैदेशिक रोजगारमा संलग्न जनशक्ति तथा तिनका परिवारहरूको वैदेशिक रोजगारीबाट आर्थिक लाभ वृद्धि हुने

#### घ. सूचक तथा लक्ष परिमाणः

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १ | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जानेको संख्या | संख्या | १९३३ | २१०० | २५०० | ४.४.१ |
| २ | सीपमूलक तालिम | संख्या | ४०७ | १००० | १५०० | ४.४.१ |
| ३ | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | पटक | ० | १२ | २० | ८.८.१ |
| ४ | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | प्रतिशत | २० | ४० | ६० | १०.६.२ |
| ६ | वैदेशिक रोजगारीबाट फर्केर पालिका क्षेत्रमा व्यवसाय गर्ने | संख्या | अ. २० | १०० | १५० | ८.३.१ |
| ७ | विप्रेषण (बार्षिक रु.) | लाख | ६५४० | १०००० | १२००० | १०.ग.१ |

#### ङ. रणनीति

- सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने,
- स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्ने,

- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगारसम्बन्धी व्यापक सूचना प्रवाह, सिप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदान गर्ने,
- नगरपालिकाभित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यमशीलता र लगानी प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,
- वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पुँजीलाई परिचालन गर्न कृषिजन्य, उद्योग र सेवा व्यवसाय सञ्चालन गर्नसंवर्द्धन केन्द्रमार्फत नव उद्यमी सहयोग कार्यक्रम सञ्चालन गर्ने,

**च. प्रमुख कार्यक्रम**

- सूचना प्रविधि, वेब र सामाजिक सञ्जालमा आधारित रोजगार सूचना पोर्टल सञ्चालन,
- सुरक्षित आप्रवासन सचेतना कार्यक्रम
- व्यवसायिक सीप विकास तालिम,
- वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवार र फर्किएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श,
- महिला उद्यमशीलता तथा सीप विकास तालिम र पुँजीमा पहुँच,
- युवा स्वरोजगार कार्यक्रम सञ्चालन,
- वैदेशिक रोजगारीबाट प्राप्त रेमिटान्स प्रर्वद्धन कार्यक्रम

### ५.३.४ उद्योग, व्यापार तथा व्यवसाय

**क) संभावना, अवसर र विद्यमान अवस्था**

यस पालुङटार नगरपालिकाको ठांटीपोखरी, सातदोबाटे सेरा, विरद्धी, पौवाटार, बाह्रपिर्के, आँपपिपल, भञ्याङ्ग लगायतका क्षेत्रहरू मुख्य प्रमुख व्यापारिक केन्द्रको रूपमा बिकास भइरहेको अवस्था छ । कृषि पेशाका अलावा व्यापार, सेवामूलक व्यवसाय, नोकरी, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट लयागतका व्यवसाय संचालन भइरहका छन् । थोक, खुद्रा बजार, मासुपसल, होटल, रेस्टुरेन्ट गरि करिव २८५ वटा व्यवसाय संचालनमा रहेका छन् । हालसम्म७ वटा लघु उद्योगहरू संचालन भएका छन् भने २० भन्दा बढि घरेलु उद्योगहरू संचालनमा छन् ।

यस नगरपालिकामा स्थानीय उत्पादनमा आधारित साना तथा मझौला कृषि प्रशोधन उद्योगव्यावसायको सम्भावना राम्रो देखिन्छ । स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित साना उद्यम, लघु तथा साना उद्योगहरूको संचालन गर्न सकिने संभावना देखिन्छ । कृषि तथा पशुजन्य प्रशोधन उद्योगको संभावना देखिन्छ । व्यापारिक केन्द्र आसपास स्थानीय शिपमा आधारित साना उद्यम व्यवसाय प्रर्वद्धन गरी रोजगारीका अवसरहरू सृजना गर्न सकिने सम्भावना रहेको छ ।

**ख) समस्या तथा चुनौति**

उद्योग तथा व्यवसाय प्रर्वद्धन तर्फ स्पष्ट नीतिको अभाव, तालिम तथा प्रशिक्षण केन्द्रको अभावमा दक्ष जनशक्ति तथा प्राविधिक ज्ञान तथा सिपको कमी, स्थानीय शिपको प्रर्वद्धन गरी उद्यममा लगानी प्रर्वद्धन गर्न नसक्नु, बजार सञ्जाल विस्तार हुन नसक्नु, निजि तथा सहकारी क्षेत्रलाई उधोग तथा व्यवसायमा लगानीको वातावरण निर्माण गर्न नसक्नु, उधोग स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार तथा संरचनाको कमी, उधमशिलता तथा व्यवसायिक ज्ञानको कमी, इन्घन तथा उर्जाको सहज सुविधाको कमी, आवश्यक पर्ने कच्चा पदार्थको अभाव जस्ता समस्या र चुनौति देखिन्छ ।

**ग) उद्देश्य**

स्थानीय श्रोत, साधन र जनशक्तिलाई व्यावसायिकरण गर्दै, स्वरोजगारमुलक, रोजगारमुलक, उद्योग व्यवसायहरूको विकास गरी आर्थिक सम्वृद्धिमा टेवा पुऱ्याउने ।

## घ) सूचक तथा लक्ष परिमाण

| क.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १ | चालु लघु उद्योग | संख्या | | | | ९.३.१ |
| २ | चालु घरेलु उद्योग | संख्या | | | | ९.३.१ |
| ३ | चालु साना उद्योग | संख्या | | | | ९.३.१ |
| ४ | चालु मझौला उद्योग | संख्या | | | | ९.३.१ |
| ५ | सुचारु व्यापार व्यवसाय | संख्या | २८५ | ३०० | ३१० | ९.३.१ |
| ६ | निकासीजन्य कच्चा पदार्थको परिमाण | क्विन्टल | | | | |
| ७ | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | | | | |
| ८ | उद्यम सृजना र विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | | | | |
| ९ | व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | | | | ४.४.१ |
| १० | दाना उद्योग सुचारु | संख्या | १ | २ | २ | ९.३.१ |
| ११ | लोकल कुखुरापालन | संख्या | १ | ५ | ७ | २.५.१ |
| १२ | बंगुरपालन | संख्या | १० | १२ | १५ | २.५.१ |
| १३ | गाईपालन | संख्या | ५ | १० | १५ | २.५.१ |
| १४ | भैसीपालन | संख्या | ५ | १० | १५ | २.५.१ |
| १५ | मौरीपालन घरधुरी (घार) | संख्या | ९५/३९४ | १००/१००० | १००/१५०० | २.५.१ |
| १६ | माछापालन संलग्न घरधुरी | संख्या | ३५ | | | २.५.१ |
| १७ | व्यवसायिक पशुपालन फर्म | संख्या | २० | २२ | २५ | २.५.१ |
| १८ | दुग्ध सहकारी | संख्या | २ | २ | ३ | २.४.१ |
| १९ | व्यवसायिक तरकारी खेती | संख्या | | | | २.४.१ |

## ङ) रणनीति

- स्थानीय ब्यापार, बस्तुको माग, आपूर्ति तथा अनुगमन तथा उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने,
- घरेलु तथा साना उद्योग दर्ता, संचालन, नियमनको व्यवस्थालाई प्रभावकारी वनाउन एकद्वार प्रणाली कार्यान्वयन गरिनेछ,
- निजि क्षेत्र, सहकारी, सरकारी निकायहरूको बिचमा आपसी समन्वय र सहकार्यमा उद्योग व्यवसाय बिकास तथा प्रवधर्द्धनका नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ,
- महिला तथा पिछडीएका वर्ग, बेरोजगार युवाहरूको सिप, व्यवसायिक क्षमता र उद्यमशिलताको बिकाश गरी आत्मनिर्भर पालुङटार निर्माण गरिनेछ,
- आवश्यक पूर्वाधारहरू (प्रशिक्षण केन्द्र, वित्तिय संस्थाहरू, सुचना केन्द्र, यातायात, विद्युत, पानी) आवश्यक जनशक्ति र प्रविधिको विकाश गरी व्यवसायिक वातावरण निर्माण गरिनेछ,
- स्थानिय स्तरमा उपलब्ध महिला बचत तथा सहकारीहरू लाई व्यवसायिककरण गर्न आवश्यक क्षमता बिकास गरिनेछ,
- नगरपालिका भित्र स्थापना हुने कृषि, घरेलु, पर्यटन, साना उद्योगमा लाग्ने दर्ता शुल्क मिनाहा गरी करछुटको रणनीति अवलम्वन गरिनेछ,
- स्थानीय सिपलाई आधुनिकिकरण र व्यवसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उधोगहरूको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरू संचालन गरिनेछ,

- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रूपमा विकास गरिनेछ,
- नगरपालिकाको उपयुक्त स्थानमा सम्भाव्यता अध्ययन गरी हाट बजार संचालन गरिने छ,
- श्रम मुलक घरेलु तथा साना उधोगहरूको विकास गरि रोजगारी सिर्जनामा सहयोगको लागी नगरपालिकाबाट तालिम र घुम्तिकोषको व्यवस्था गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- नगर उद्यम व्यवसाय नीति तर्जुमा कार्यक्रम,
- उद्यम तथा उद्योगको सम्भाव्यता अध्ययन
- गैरबन पैदावर उद्योग संचालन सहयोग कार्यक्रम
- काठमा आधारित उद्योग प्रोत्साहन
- व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम
- सार्वजनिक निजी अवधारणामा आधारित व्यवसायमा प्रोत्साहन कार्यक्रम
- युवा उद्यम बिकास कार्यक्रम,
- परम्परागत पेशा तथा शीप सम्बर्द्धन कार्यक्रम
- नगरपालिकाबाट तालिम र घुम्तिकोष
- वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारलाई व्यवसाय स्टार्टअप सहयोग कार्यक्रम
- लगानी सम्मेलन

### ५.३.५ पर्यटन विकास

**क) संभावना, अवसर र विद्यमान अवस्था**

नगरपालिका क्षेत्रमा रहेको अन्नपूर्ण, मिरकोट, हर्मीकोट, पञ्चयान, ढिकी डाडा, चेपेघाट, तालपोखरी, च्याङ्ली महादेव, बालथुङ, जैथुङ, च्याङ्ली भिमसेन थान, कोटगढी, लगामकोट लगायतका स्थानहरु पर्यटनको रूपमा विकास हुँदै गरेको र विभिन्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो नगरपालिकाका गहनाको रूपमा विभिन्न किसिमका जातजातिका रहनसहन तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । पालुङटार नगरपालिकालाई ऐतिहासिक रुपमा चिनाउने लिगलिगकोटमा वर्षेनी १५००० को हाराहारीमा आन्तरीक तथा केही बाह्य पर्यटकहरुले अवलोकन गर्ने गर्दछन् । यस क्षेत्र लगायत यहाका अन्य पर्यटकीय क्षेत्रको प्रचार प्रसार र आवश्यक भौतिक सूविधाहरु व्यवस्थापन गर्न सके यस नगरपालिकालाई पर्यटकीय हरियाली नगरको रुपमा चिनाउने तथा आन्तरिक एवं बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।कृषि-स्पोर्टस् ऐतिहासिक पर्यटकीय पार्क, जेष्ठ नागरिक तथा बाल उद्यान (मनोरञ्जन पार्क), चेपे किनारदेखि लिगलिगकोट द्रव्य शाहको दरवार क्षेत्र, गाईखुर घले राजाको दरवार जस्ता क्षेत्रमा उद्यान (पार्क) स्थापना गरी थप पर्यटकीय क्षेत्र विकास गर्न सकिने सम्भावना रहेको छ । ठाँटीपोखरीमा ८ वटा कोठा क्षमताकोनेवागुठी घरवास संचालनमा छ ।

**ख) समस्या तथा चुनौति**

पर्यटन क्षेत्रसंग सम्बन्धित सभावना तथा अवसरहरूको प्रचुरता भएतापनि पर्यटन व्यवसायको विकास तथा विस्तारका लागि आबश्यक रणनिति तथा कार्ययोजनाको अभाव, कमजोर पूर्वाधार तथा भौतिक संरचना, स्थानिय सरकार तथा समुदायसंग आवश्यक पर्यटक विकासको लागि यथोचित सोच र संस्कारको कमी, पर्यटकिय गन्तव्यहरूको पहिचान खोज तथा अनुसंन्धान र पर्यटकीय पथहरूको पहिचान एवं प्रवर्द्धन हुन नसक्नु, पार्क तथा संग्राहलय, पर्यटकीय गाईड, सूचना तथा सेवाको कमीका कारण पर्यटन क्षेत्रबाट नगरपालिकाले कुनै लाभ लिन सकेको अवस्था छैन ।

**ग. उद्देश्य:**

पर्यटन (धार्मिक, प्राकृतिक र सम्पदा) लाई दिगो आर्थिक विकासको आधारको रूपमा विकास गर्ने ।

### घ. सूचक तथा लक्ष परिमाण

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १ | मुख्य पर्यटन क्षेत्र | संख्यां | ६ | ८ | १० | ८.९ |
| २ | सहायक पर्यटन क्षेत्र | संख्या | ४ | ५ | ७ | ८.९ |
| ३ | होमस्टे (घरबास) | कोठा | ८ | २० | ३० | ८.९ |
| ४ | संग्रहालय | संख्या | ० | १ | १ | ८.९ |
| ५ | कल्चर ग्रुप निर्माण | संख्या | २ | ३ | ५ | ८.९ |
| ६ | सूचना केन्द्र | संख्यां | ० | १ | १ | ८.९ |
| ७ | पथ प्रदर्शक (अ.) | संख्या | ५ | ७ | १० | ८.९ |
| ८ | पैदल बाटो निर्माण | कि.मी. | ५ | १० | १५ | ८.९ |

### ङ) रणनीति

- स्थानीय पर्यटन प्रर्वद्धन गर्न आवश्यक नीति, कानून, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने ।
- दिगो पर्यटन विकासको लागि नीति नियम र योजना निर्माण गरी कार्यान्वयन गर्ने,
- आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नको लागि प्रवर्धनात्मक कार्यक्रमहरू संचालन गर्ने,
- पर्यटन विकाशको लागि आवश्यक पूर्वाधार सहित पर्यटक पदमार्ग निर्माण गर्ने,
- पर्यटकको बसाई अवधि बढाउनको लागि आवश्यक स्थानहरूमा होम स्टे, होटल, (जलयात्रा) ऱ्याफ्टिङ, प्याराग्लाईडिङ, ट्रेकिङ, अवलोकन, अनुसन्धान आदिको लागि नीति बनाई कार्यान्वयन गर्ने
- पर्यटन क्षेत्रको पुर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यकम तथा योजनाहरू पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।

### च) प्रमुख कार्यक्रम

- पर्यटन पूर्वाधार निर्माण बिकास कार्यक्रम
- पर्यटन प्रवर्धनात्मक कार्यक्रम
- सार्वजनिक निजी क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम
- होम स्टे, होटल, ऱ्याफ्टिङ, प्याराग्लाईडिङ, ट्रेकिङ, अवलोकन, अनुसन्धान कार्यक्रम
- पालुङटार महोत्सव प्रर्वद्धन कार्यक्रम
- सामुदायिक लज (होम स्टे) संचालन

## ५.४.६ बैंक, वित्तीय संस्था एवं सहकारी

### क) संभावना, अवसर र विद्यमान अवस्था

पालुङटार नगरपालिकामा बैक, वित्तिय संस्था एवम् सहकारी संस्थाले विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । यस नगरपालिकामा ११ वटा वाणिज्य बैक शाखा कार्यालयहरु, ८ वटा रमिटान्स सेवा प्रदायक वित्तिय संस्थाहरू र वचत तथा ऋण, कृषि, दुग्ध तथा बहुउद्देश्यीय गरी ३२ वटा सहकारी संस्थाहरू रहेका छन् । अधिकांश वचत तथा ऋण सहकारी संस्था छन् भने, तिन वटा दुग्घ सहकारी संस्थाहरू रहेका छन् । नगरपालिकाका ४६ प्रतिशत घरपरिवार विभिन्न स्तरका सहकारी संघ संस्थामा आवद्ध छन् । नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । त्यसैगरी साप्ताहिक रूपमा लाग्ने विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि वित्तिय कारोबारको मात्रामा वृद्धि गराएको छ ।

## ख) समस्या तथा चुनौति

बित्तीय साक्षरता, उद्यमशीलता र बजारीकरण जस्ता क्षेत्रमा प्रर्याप्त ज्ञान शीपको अभावका कारण अधिकांश सहकारी संस्था मार्फत परिचालन हुने पूंजि उत्पादन वा उद्यम बिकासमा भन्दा सामाजिक व्यवहार र उपभोग्य क्षेत्रमा नै वढि लगानी भइरहेको अवस्था छ। ग्रामीण क्षेत्रमा वाणिज्य बैकको पहुँच पुग्न सकिरहेको छैन।

## ग) उद्देश्य

निजि क्षेत्र, सहकारी र सरकारी निकायहरूको सहकार्यमा स्थानीय तथा बाह्य पूँजीको प्रभावकारी परिचालन गर्दै दिगो व्यवसायिक क्षेत्रहरूको विकास गर्ने।

## घ) सूचक तथा लक्ष परिमाण

| क्र.सं. | सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८१ /८२ | |
| १ | बचत तथा ऋण सहकारी | संख्या | १५ | १७ | २० | ८.१०.१ |
| २ | कृषी सहकारी | संख्या | १३ | १७ | २० | ८.१०.१ |
| ३ | दुग्ध सहकारी | संख्या | ३ | ४ | ५ | ८.१०.१ |
| ४ | बहुउद्देश्यीय सहकारी | संख्या | १ | १ | १ | ८.१०.१ |
| ५ | रेमिट्यान्स सेवा प्रदायक वित्तिय संस्था | संख्या | ८ | १० | १२ | ८.१०.१ |
| ६ | बैंक शाखा कार्यालय | | ११ | १५ | १७ | ८.१०.१ |
| ७ | विभिन्न सहकारी संघ संस्थामा अवद्ध घरधुरी | संख्या | ४३२१ | ६००० | ७५०० | ८.१०.२ |

## ङ) रणनीति

- बित्तीय तथा सहकारी क्षेत्रको बिकासका लागि आवश्यक स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने,
- वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गर्ने
- स्थानिय स्तरमा उपलब्ध निजी, सहकारी र सरकारी क्षेत्रको पूँजीलाई व्यवसायिक तर्फ लगानी प्रर्वद्धन गर्ने,
- सहकारी अनुदान लक्षित वर्गा तथा समुदायसम्म पुऱ्याउन सहकारी मार्फत वितरण गर्न नीति निर्माण गर्न कार्यान्वयन गर्ने
- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रूपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रूपमा विकास गरिनेछ,
- महिला सहकारी र टोल बिकास संस्था मार्फत सिपमुलक, स्वरोजगारमुलक तालिम संचालन गर्नुको साथै अबलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गर्न जोड दिइने छ,
- सहकारी संस्था मार्फत घरघरमा रोजगारी, टोलटोलमा सहकारी कार्यक्रम संचालन गरिनेछ।

## च) प्रमुख कार्यक्रम

- वित्तिय सेवा प्रर्वद्धन कार्यक्रम
- व्यवसाय साक्षरता तालीम कार्यक्रम
- महिला वचत तथा सहकारीहरू व्यवसाय प्रर्वद्धन कार्यक्रम
- निजी, सहकारी र सरकारी क्षेत्र पूँजी परिचालन कार्यक्रम
- सहकारी प्रोत्सहान तथा सचेतना कार्यक्रम
- घरघरमा रोजगारी, टोलटोलमा सहकारी कार्यक्रम

## ५.४ प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा आर्थिक बिकास क्षेत्र अन्तर्गत कूल १ अर्ब १० करोड ८७ लाख अर्थात लागत अनुमानको १४.५६ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । जस अन्तर्गत कृषि तथा खाद्य सुरक्षा तर्फ २८ करोड, पशुपंक्षी क्षेत्र बिकास तर्फ १७ करोड २० लाख, सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी तर्फ ७ करोड २२ लाख, उद्यम तथा व्यापार व्यवसाय तर्फ १९ करोड ७० लाख, पर्यटन तर्फ ३१ करोड र वैक, सहकारी तथा बित्तिय क्षेत्र तर्फ ७ करोड ७५ लाख खर्च हुने अनुमान गरिएको छ । आर्थिक क्षेत्र सम्बद्ध बिकास कार्यहरूमा सरकारी क्षेत्रको अलावा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको समेत लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ ।

# परिच्छेद–छ सामाजिक क्षेत्र विकास

## ६.१ विषय प्रवेश

नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरू तयार भईसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ भने १५ औं राष्ट्रिय योजनाले समेत उपरोक्त विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । पालुङटार नगरपालिकामा स्वस्थ्य, सक्षम र सृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सकृय नागरिकहरूलाई आर्थिक विकासका बिभिन्न क्षेत्रमा सहभागी बनाउन र समाजलाई लैङ्गिकमैत्री, विभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा बिद्यमान संभावना र अवसर, समस्या तथा चुनौतिका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

पालुङटार नगरपालिकाको लागि स्मार्ट सिटीले गरेको घरपरिवार सर्वेक्षण २०७५ अनुसार नगरपालिकाको साक्षरता ७२.२ प्रतिशत रहेको छ भने सामान्य लेखपढ मात्र गर्न सक्ने साक्षर जनसंख्या ६.३७ प्रतिशत, आधारभूत शिक्षा पूरा गर्ने १६.९४ प्रतिशत, निम्न माध्यामिक तह पूरा गर्ने १५.२४ प्रतिशत, माध्यामिक तह पूरा गर्ने ८.३३ प्रतिशत, स्नातक तह पूरा गर्ने ४.६३ प्रतिशत, स्नात्तकोत्तर वा सो भन्दा माथीको तह पूरा गर्ने १.१२ प्रतिशत रहेको छ । नगर क्षेत्रमा एउटा प्राविधिक विद्यालय रहेको छ जसमा २१४ जना विद्यार्थी अध्ययनरत छन् ।

नगरपालिका भित्र एउटा अस्पताल, ७ वटा वडामा स्वास्थ्य चौकी, एउटा आयूर्वेदिकऔषद्यालय लगायतका स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरिरहेका छन् । करिब ६० प्रतिशत महिलाहरूले प्रोटोकल अनुसारको गर्भवती जाँच गर्ने गरेका छन् भने ७० प्रतिशत वालिवालिकाले विभिन्न स्वास्थ्य संस्थाहरूबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । यस क्षेत्रमा ५ वटा बर्थिंग सेन्टर संचालनमा रहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ३६रहेको छ ।

यस नगरपालिकाको शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेसीकरण, युवा तथा खेलकूद र कला, भाषा तथा संस्कृति लगायत स्थानीय तहको लागि उपलब्ध सामाजिक विकासको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ६.३ सामाजिक क्षेत्र विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

प्रथम आवधिक योजनाको लक्ष्य अनुसार सामाजिक विकास क्षेत्रको लागि –प्रविधिमैत्री गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्तिको निर्माण, लैगिक हिंसामुक्त सुसस्कृत एवं समतामूलक समाज निर्माण गर्ने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

**तालिका ४: सामाजिक विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८१ /०८२ | |
| ५ वर्ष देखि माथिको साक्षर जनसंख्या | प्रतिशत | ७२.२ | ७३ | ७४ | ४.६.१ |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | जना | २१४ | ३५० | ५०० | ४.३.१ |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २१७२ | २५०० | २७०० | |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८१ /०८२ | |
| मातृ मृत्यु दर प्रतिलाख | संख्या | | | | ३.१.१ |
| बाल मृत्यु प्रतिहजार | संख्या | | | | ३.२.१ |
| पाइपप्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | प्रतिशत | ६८ | ७५ | ९० | ६.१.१ |
| सरसफाई सेवा र सुविधा उपलब्ध परिवार | संख्या | | प्रत्येक घरमा डस्टवीन कुहिने, नकुहिने | १ फोहोर फाल्ने गाडी | ६.२.१ |
| स्थानीय समिति/संरचनाको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व ( जनप्रतिनिधि ) | संख्या | | | | |
| नगरस्तर व्यवसायिक खेलाडीविभिन्न विधामा | संख्या | | | | |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ५८ | ७० | १०० | |
| जीवनपयोगी सीप प्राप्त तथा क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ५०० | १२०० | १५०० | |

**प्रमुख रणनीतिहरू:**

- सामाजिक विकास क्षेत्र अन्तर्गत आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित क्षेत्र, लैंगिक समानता तथा सामाजिक समावेसीकरण, युवा तथा खेलकुद, भाषा, कला, साहित्य र संस्कृति संरक्षण क्षेत्रसंग सम्बन्धित संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,
- सामाजिक विकास क्षेत्र अन्तर्गतका लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धी (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत बिनियोजन भए नभएको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास गर्ने,
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त सामाजिक क्षेत्र विकाससंग सम्बन्धित नमूना कानूनका मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सामाजिक क्षेत्र अन्तर्गतका सेवाहरू सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई सामाजिक क्षेत्र विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

### ६.३.१ शिक्षा विकास

#### क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिकाको औषत साक्षरता ७२.२ प्रतिशत भएतापनि १५ देखि ६० बर्ष उमेर समुह (जसलाई आर्थिक रुपमा सक्रिय जनशक्ति मानिन्छ) को करिव ७७ प्रतिशत साक्षर रहेको हुंदा आर्थिक गतिविधि तथा उत्पादनशील जनसंख्याको यो हिस्साले ठूलो संभावना वोकेको छ । यसै गरी शैक्षिक संस्थाहरूको भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था पनि कमजोर देखिदैन । हालै संचालनमा आएको प्राविधिक (इन्जिनियरिङ्ग) बिद्यालयबाट नगरको लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन हुने संभावना वढेर गएको छ भने बिद्यालय सुधार योजना अन्तर्गत बिद्यालयहरूमा स्थानीय पाठ्यक्रमलाई पनि समावेस गरेर स्थानीय स्थानीय परिवेस वारेमा सुसूचित गराउने र नगरको समग्र आर्थिक तथा सामाजिक कृयाकलापहरूमा सहभागीता वृद्धिका साथै प्राप्त अवसरहरूको अधिकतम उपयोगको संभावना देखिन्छ ।

## ख) समस्या तथा चुनौति

नगरका शैक्षिक क्षेत्रमा आधारभूत, माध्यामिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरू विद्यमान रहेका छन । अधिकांश विद्यालयमा विद्यार्थी संख्या घट्ने क्रम वढ्दो छ (विद्यालय छोड्ने दर १७.७१ प्रतिशत) र भौगोलिक दुरी समेतलाई मध्य नजर गर्दा केही विद्यालयहरू गाभ्नुपर्ने अवस्था देखिन्छ । विद्यालयहरूमा तहगत र बिषयगत शिक्षक, छात्रामैत्री शौचालयको व्यवस्था सहित सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको कमी छ भने वालमैत्री विद्यालय हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्पुटर शिक्षक र सुचना प्रविधिको उपयोगका साथै अतिरिक्त क्रियाकलापको कमिले शिक्षाको गुणस्तर मा सुधार हुन सकिरहेको छैन ।

## ग) उद्देश्य

प्रविधिमैत्री गुणस्तरीय, सीपमुलक, रोजगारयुक्त, प्रतिस्पर्धी नैतिक, चरित्रवान एवं अनुशासित शैक्षिक दक्ष जनशक्ति उत्पादन गर्ने ।

## घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | (आ.व. ०७५/०७६ सम्मको अवस्था) | ०७९/०८० | ०८१ /०८२ | |
| विद्यालय वाहिर रहेका (७ कक्षा) बालबालिका | प्रतिशत | ८.२५ | ४ | ० | |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | संख्या | १२४८ | उमेर पुगेका सबै | उमेर पुगेका सबै | ४.२.२ |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा १२ को उतिर्ण दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा १० को सिकाई उपलब्धी दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा १२ को सिकाई उपलब्धी दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | | | | ४.१.१ |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | | | | ४.१.१ |
| एसईई CGPA | प्राप्तांक | २.९ | ३.२ | ३.३ | ४.१.१ |
| विद्यालय छोड्ने दर | प्रतिशत | १७.७१ | १० | ० | ४.१.१ |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | | | | ४.२.१ |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | विद्यालय प्रतिशत | | | | ४.क.१ |
| छात्रवृत्ती पाउने विद्यार्थी | प्रतिशत | | | | ४.३.१ |
| वालक्लव गठन भएका विद्यालय | संख्या | | | | |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | | | | ४.५.१ |
| महिला शिक्षकको अनुपात | संख्या | | | | ४.५.१ |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएकाविद्यालय | संख्या | ८ | ११ | १३ | ४.क.१ |
| प्राविधिक विद्यालय, अध्यनरत विद्यार्थी | संख्या | १/२१४ | ३/४०० | ५/५०० | ४.३.१ |
| पुस्तकालय भएकाविद्यालय | संख्या | ८ | ११ | १३ | ४.क.१ |
| उच्च शिक्षा क्याम्पस | संख्या | २ | ३ | ३ | |
| अपाङ्ग छात्रबृत्ति | | | | | ४.३.१ |
| आधारभूत तह छात्रबृत्ति | | | | | ४.३.१ |
| म.बि.स. छात्रबृत्ति | | | | | ४.३.१ |
| ECDस्रोत व्यक्ति | सख्या | ३७ | ४५ | ५३ | |

### ङ) रणनीति

- आधारभूत शिक्षा क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने,
- सवै बिद्यालयहरूमा तहगत र (अंग्रेजी, गणित र बिज्ञान) विषय शिक्षकको व्यवस्थापन शिक्षाको गुणस्तर सुधार गर्ने,
- शिक्षण पद्धतिमा नयाँ प्रविधिको प्रयोग र स्थानिय परिवेश अनुसारको पाठयक्रम निर्माण गरी व्यवसायिक शिक्षा प्रर्वद्धन गरी रोजगारीको अवसर सृजना गर्ने,
- राहत तथा अस्थायी निजी बालकोटा कल्याणकारी कोषको स्थापना गरी राहत तथा अस्थायी शिक्षकहरूको पेशागत सुरक्षाको व्यवस्था गर्ने,
- आधारभूत तह तथा माध्यमिक तहसम्म अध्ययन गर्ने अनाथ अपाङ्ग सिमान्तकृत विद्यार्थीलाई निशुल्क शिक्षाको व्यवस्था गरी बिद्यालय छोड्ने प्रवृतिमा सुधार गर्ने,
- सवै विद्यालयहरूलाइ बालमैत्री, अपांगमैत्री, र लैंगिकमैत्री बनाई विद्यालयमा सबैको पहुँच सुनिश्चित गर्ने,
- एक विद्यालय एक उद्यम कार्यक्रम संचालन गरी व्यवसायिक र जीवनउपयोगी शिक्षा पद्धति विकासगर्ने,
- संस्कृत, प्राविधिक तथा व्यवसायिक शिक्षा एवं विशेष शिक्षा संचालनका लागि विद्यालयहरूको स्थापना गर्ने,
- शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अविभावकहरूको सचेतना वृद्धि गर्ने,
- नमुना विद्यालय छनौट तथा पुरस्कारको व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुधारका लागि प्रोत्साहन गर्ने,
- विद्यालय शिक्षामा विद्यार्थीको निरन्तरता वृद्धि गर्न दिवा खाजा लगायतका प्रोत्साहनका कार्यक्रम संचालन गर्ने,
- प्रौढ तथा साक्षरता कार्यक्रम संचालन गरि साक्षर पालिका घोषण गर्ने,
- प्रत्येक विद्यालयको खाली जमिनमा बृक्षारोपन फुलवारी र वगैंचाको निर्माण गरि हराभरा बनाउने,
- शिक्षा क्षेत्रसंग सम्बन्धित सवै कामलाई एकद्धार प्रणालीबाट सम्पादन गर्न नगर शैक्षिक सुधार कोष स्थापना गरी कार्यक्रमहरू संचालन गर्ने ।

### च) प्रमुख कार्यक्रम

- तहगत बिषयगत शिक्षक व्यवस्थापन सहित बिद्यालय क्षेत्र सुधार कार्यक्रम
- वाल कक्षा थप कार्यक्रम
- कृषि र सिपमूलक शिक्षा, योग र व्यायम स्थानीय सरकार र कानुनी सचेतना अभिबृद्धि कार्यक्रम,
- नमुना विद्यालय निर्माण कार्यक्रम
- बिद्यालय तहमा सूचना प्रविधि प्रर्वद्धन कार्यक्रम
- विद्यालय भौतिक पूर्वाधार विकास (शिक्षक बिद्यार्थी आवास) कार्यक्रम
- सूचना प्रविधियुक्त कक्षा व्यवस्थापन कार्यक्रम
- साक्षर पालुङटार कार्यक्रम,
- एक विद्यालय एक उद्यम कार्यक्रम
- बिद्यालय बगैचा कार्यक्रम
- अल्पसंख्यक र पिछडिएका वर्गका छात्राहरूलाई उच्चशिक्षामा पहुँच बिस्तार कार्यक्रम
- नगर शैक्षिक सुधार कोष स्थापना तथा संचालन कार्यक्रम
- उत्कृष्ट शिक्षक बिद्यार्थी सम्मान कार्यक्रम

### ६.३.२ आधारभूत स्वास्थ्य

#### क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिका भित्र एउटा अस्पताल, ७ वटा वडामा स्वास्थ्य चौकी, ५ वटा शहरी स्वास्थ्य क्लिनिक, १८ वटा गाउँघर क्लिनिक, एउटा सामुदायिक स्वास्थ्य क्लिनिक, र एउटा आयूर्वेदिक औषद्यालय लगायतका स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरिरहेका छन् । नगरमा २९ वटा खोप केन्द्र र ६५ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू क्रियाशिल रहेका छन् । करिब ६० प्रतिशत महिलाहरूले प्रोटोकल अनुसारको गर्भवती जाँच गर्ने गरेका छन् भने ७० प्रतिशत वालिवालिकाले विभिन्न स्वास्थ्य संस्थाहरूबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । नगर क्षेत्रमा ५ वटा बर्थिंग सेन्टर संचालनमा रहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ३६ रहेको छ ।७ वटा एम्बुलेन्स ले नगरबासीलाई सेवा प्रदान गरिरहेका छन् । आगामी दिनमा आँपपिपल अस्पतालाई २५ शैयाको बनाउने तथा थप एउटा अस्पताल निर्माण, थप ३ वटा वडामा स्वास्थ्यचौकी स्थापना, शहरी स्वास्थ्य क्लिनिकहरूमा सुविधासम्पन्न वर्थिङ सेन्टर स्थापना, प्रत्येक स्वास्थ्य संस्थामा ल्याव सेवा विस्तार, थप एउटा आयुर्वेद औषद्यालय संचालनमा आउने संभावना रहेकोले नगरबासीमा आधारभूत स्वास्थ्य सेवा प्रवाहमा थप प्रभावकारी हुने प्रवल संभावना देखिन्छ ।

#### ख) समस्या तथा चुनौति

नगरपालिकाका केही वडाहरूमा स्वास्थ्य सेवा केन्द्रको पहुँच नभएको कारण आधारभूत स्वास्थ्य सुविधाबाट बन्चित भइरहेको, भएका स्वास्थ्य केन्द्रहरूमा पनि प्रयाप्त दक्ष जनशक्ति, उपकरण तथा औषधीको कमी, खानेपानी तथा शौचालय जस्ता आधारभूत पूर्वाधार जस्ता समस्याहरू रहेका छन । महिला तथा बालबालिकामा कुपोषणको चक्र निरन्तर चलिरहेको, कम तौल भएका नवजात शिशु जन्मदर १०.५ प्रतिशत रहेको, संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच, पोषण शिक्षामा कमी लगायतका समस्या विद्यमान रहेका छन् ।

#### ग) उद्देश्य

सम्पूर्ण नगरबासीमा गुणस्तरिय स्वास्थ्य सेवामा सहज पहुँच बृद्धि गर्ने

#### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | (आ.व. ०७५/०७६ सम्मको अवस्था) | ०७९/०८० | ०८१ /०८२ | |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र र अस्पताल जाने जनसंख्या | प्रतिशत | ५७ | ७५ | ८५ | |
| २५०० ग्राम भन्दा कम तौल जन्म भएका शिशु | प्रतिशत | १०.५ | ७ | ५ | २.२.२ |
| मातृ मृत्यु दर प्रतिलाख | संख्या | | | | ३.१.१ |
| बाल मृत्यु प्रतिहजार | संख्या | | | | ३.२.१ |
| नवजात शिशु मृत्युदर प्रतिहजार | संख्या | | | | ३.२.२ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला (न.पा. भित्र मात्र) | प्रतिशत | ३६ | ९० | १०० | ३.८.१ |
| झाडापखालाको संक्रमण दर | जना | १०७९ | शून्यमा झार्ने | | ३.३.५ |
| स्वास प्रश्वासको संक्रमण (ARI) दर | जना | १०४१ | १ प्रतिशतमा झार्ने | | ३.४.१ |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | ४२ | ६५ | ७५ | ३.८.१ |
| भिटामिन ए प्राप्त गर्ने वालवालिका | संख्या | ३०४५ | प्राप्त गर्नु पर्ने सबै बाल बालिका | | |
| सबै खोप लगाएका वालवालिका | प्रतिशत | ६९.९ | प्राप्त गर्नु पर्ने सबै बाल बालिका | | ३.८.१ |
| परिवार नियोजनका साधनको प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १४६०* | | | ३.७.१ |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१ /०८२ | |
| स्वास्थ्य विमा गर्ने परिवार सख्या | प्रतिशत | | | | ३.८.१ |
| स्वास्थ्य सूचना, शिक्षा र सूचना सचेतना कार्यक्रममा सहभागी | प्रतिशत | | | | |
| स्वास्थ्य शिविर पटक | पटक | | | | ३.८.१ |
| सक्रिय म.स्वा.स्व.से. | जना | ६५ | ७० | ७५ | ३.८.१ |
| निजि तथा समुदायमा आधारित स्वास्थ्यसंस्था | संख्या | २ | ३ | ५ | |
| आयोडिन युक्त नुन प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | | | |
| आधारभूत सुविधा (खानेपानि,शौचालय,बर्थिंग वार्ड र परामर्श केन्द्र) उपलब्ध स्वास्थ्य संस्था | संख्या | १४ | १४ | १४ | ३.८.१ |
| गाउँघर क्लिनीक | संख्या | १८ | २० | २० | ३.८.१ |
| अस्पताल निर्माण | संख्या | ० | १ | १ | ३.८.१ |
| एकीकृत स्वास्थ्य सेवा प्रणालीमा आवद्धता | संख्या | | | | ३.८.१ |
| ५ वटा परिवार नियोजन सेवा भएका स्वास्थ्य संस्था | संख्या | ८ | ११ | १२ | ३.७.१ |
| पटके स्वास्थ्य सेवा | पटक | ४८ | १०० | १५० | ३.८.१ |
| योग ध्यान व्यायाम केन्द्र संचालन | संख्या | १ | ३ | ५ | |
| गर्भवती पूर्व फोलिक एसिड खाने महिला | प्रतिशत | ४७३* | | | ३.८.१ |
| गर्भ जांच कम्तिमा ४ पटक | प्रतिशत | ५७.८ | ७५ | ९० | ३.८.१ |
| स्वास्थ्य संस्थाको पूर्वाधार सुधार भएको | संख्या | ८ | ११ | १२ | |
| एम्बुलेन्स संख्या वृद्धि | वटा | ७ | ८ | ९ | ३.८.१ |
| स्थानीय स्तरमा स्वास्थ्य सूचक तयार | स्थिति | भएको | भएको | भएको | |
| टि.डी. २ लगाउने गर्भवती महिला | प्रतिशत | ५६.२ | ७० | ९० | ३.८.१ |
| वालवालिकाको वृद्धि अनुगमन | प्रतिशत | ११७१* | | | |
| आइरन चक्की पाएका गर्भवती महिला | संख्या | ४७३* | | | ३.८.१ |
| ६ महिना सम्म स्तनपान मात्र गराउने आमा | प्रतिशत | ९८.४ | १०० | १०० | |
| परिवार नियोजनको लामो समय सम्मको साधन प्रयोग गर्ने महिला | जना | ९६० | | | ३.७.१ |
| समयमा थप आहार खुवाउन शुरु गरेका आमा | प्रतिशत | ७५.१ | ९० | १०० | |
| आफ्नै स्वास्थ्य सेवाको भवन भएको | संख्या | १३ | १३ | १३ | |
| सुरक्षित गर्भपतन गराउने स्वास्थ्य संस्था | संख्या | ५ | ६ | ७ | ३.८.१ |
| प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | संख्या | १ | ५ | ७ | ३.८.१ |
| इन्टरनेट सेवा भएका स्वास्थ्य संस्था | संख्या | ५ | सबैमा | सबैमा | |
| स्वास्थ्य संस्थामा अनलाइन रिपोर्टिंग सिस्टम | संख्या | ५ | सबै | सबै | |
| कुल प्रजनन दर | प्रतिशत | | | | ३.७.१ |
| सुत्केरी जाँच गराउने महिला | प्रतिशत | ५५३* | | | ३.८.१ |
| दक्ष प्रसुतिकर्मी तालिम प्राप्त स्वास्थ्यकर्मी | जना | ४२ | ५० | ६० | ३.८.१ |
| बिद्यालयमा नर्स उपलब्ध विद्यालय | संख्या | ० | १० | १५ | |

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१ /०८२ | |
| सवारी साधन युक्त स्वास्थ्य संस्था | संस्था | ४ | ६ | १० | |
| कम्प्युटर युक्त स्वास्थ्य संस्था | संस्था | ८ | ११ | १२ | |
| किशोर किशोरी लक्षित साथी शिक्षा कार्यक्रम | वडा | ० | ५ | १० | |
| विद्यालयमा किशोरीलाई सेनेटरी प्याड उपलब्ध गराउने | संख्या | | सबै | सबै | |

**ङ) रणनीति**

- आधारभूत स्वास्थ्य क्षेत्रको विकास सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।
- ५० शैयाको पालुङटार अस्पताल निर्माण गरी आधारभूत स्वास्थ्यको प्रत्याभूती गरिनेछ,
- नगरका प्रत्येक वडालाई पूर्ण गर्भ जाँच वडा सुनिश्चित गरिनेछ,
- बर्थिङ्ग सेन्टरको सुविधा बिस्तार गरी संस्थागत सुत्केरी मार्फत मातृ र शिशु मृत्युदर घटाइनेछ,
- स्वास्थ्य बिमा लगायतका माध्यमबाट अत्यावश्यक आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहूँच वृद्धि गरिनेछ,
- आकस्मीक स्वास्थ्य सेवाको प्रत्याभूति सहित महामारी तथा विपतबाट प्रभावितलाई सेवाको प्रत्याभूती गरिनेछ,
- योग ध्यान, प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक स्वास्थ्य दक्ष जनशक्ति मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ,
- बहुक्षेत्रिय पोषण अभियान मार्फत पूर्ण पोषण युक्त नगर घोषणा गरिनेछ,

**च) प्रमुख कार्यक्रम**

- स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम
- सुरक्षित मातृत्व कार्यक्रम,
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको क्षमता सुधार कार्यक्रम,
- आकस्मीक तथा महामारी रोग नियन्त्रण कार्यक्रम,
- स्वास्थ्य बिमा कार्यक्रम
- रोग निदानका लागि एक्सरे मेसिन, ल्याव र फार्मेसिको व्यवस्थापन कार्यक्रम
- विपन्न महिला, दलित, अलपसंख्यक र जेष्ठ नागरिकहरूको लागि घरघरमा स्वास्थ्य सेवा कार्यक्रम
- वृहत स्वास्थ्य शिविर तथा जेष्ठ नागरिक शिविर कार्यक्रम
- ध्यान र योग स्वस्थ्य शरीर, सकरात्मक सोच र व्यक्तित्व विकास कार्यक्रम

### ६.३.३ खानेपानी तथा सरसफाई

**क) विद्यमान अवस्था, संभावना र अवसर**

खानेपानी र सरसफाईका क्षेत्रमा पालुङटार नगरपालिकाको स्थिति सुधारोन्मुख देखिएको छ । करिव ६९ प्रतिशत जनसंख्याले खानेपानीका लागि पाइप तथा धाराप्रयोगमा रहेको छ भने १७ प्रतिशत जनसंख्याले इनार वा कुवाको पानी उपभोग गरिरहेको अवस्था छ । करिब १३.७४ प्रतिशत जनसंख्याले पहाड तथा झरनाबाट संकलित पानी प्रयोग गरिरहेका छन् । नगरपालिकाले आगामी ५ वर्ष भित्र सबै नागरिकलाई आधारभूत खानेपानी पूर्वधारमा पहुँच सुनिश्चता गर्न एक घर एक धारा निति लिई खानेपानिको श्रोत संरक्षण, खानेपानीको वैकल्पिक आपूर्ति व्यवस्थित तथा निर्माणाधिन लिगलिगकोट खानेपानी, धारापानी लिफ्ट खानेपानी, लिफ्टखानेपानी, पौवाटार खानेपानी, वेतिनी धाप खोला खानेपानी, देवकोटा लकंग खानेपानी जस्ता आयोजनाबाट नगरवासीहरूलाई सुरक्षित खानेपानीको पहुँच बिस्तार हुने संभावना देखिन्छ । यसै गरी सुख्खा ग्रस्त क्षेत्रको हरेक घरमा आकासे पानी संकलन गर्नको लागि रिजर्भ ट्याङकी

निर्माण कार्यप्रर्वद्धनबाट पनि खानेपानीको क्षेत्रमा थप प्रभाव पर्ने देखिन्छ । मर्स्याङ्गदी नदीको पानीलाई भूमिगत लिफ्ट प्रविधिबाट खानेपानी आपूर्ति गर्नका लागि डिपिआर समेत निर्माण भइसकेको छ ।

नगरपालिकामा हाल सम्ममा करिब ४१ प्रतिशत घरधुरीमा साधारण शौचालय, करिव ४९ प्रतिशत घरधुरीमा सेफ्टी टैंक सहितको शौचालय र ८ प्रतिशत घरधुरीमा सुविधा सम्पन्न शौचालय रहेको देखिन्छ । नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि वडा नं. ३ र ४ को सिमानामा पर्ने गिद्धे खोलामा फोहर व्यस्थापन केन्द्र निर्माणको अन्तिम चरणमा पुगेकाले नगरको वातावरण तथा स्वच्छतामा थप टेवा पुग्ने देखिन्छ ।

### ख) समस्या तथा चुनौति

नगरपालिकामा खानेपानीको स्रोत तथा निर्मित पूर्वाधारको संरक्षण तथा नियमित मर्मत सम्भारमा कमी देखिएको छ । पालुङटार नगरपलिका स्मार्ट नगरको रुपमा विकसित गर्न अगाडि बढिसकेको भएतापनि अझै करीव २.६३ प्रतिशत प्रतिशत अर्थात २४९ घरधुरीमा शौचालय नभएको अवस्था देखिएको छ । जलाधार क्षेत्रको संरक्षण, खानेपानीका मुहान सुक्दै जाने क्रम वृद्धिका कारण पानीका लागि ३७२ घरधुरीले३० मिनेट भन्दा बढी सयम खर्चिनु परिरहेको छ । नगरको मूख्य बजार क्षेत्रहरूबाट निष्काशन हुने कुहिने र नकुहिने फोहोरको उचित व्यवस्थापनका पनि प्रमुख चुनौतिको रुपमा देखिएको छ ।

### ग) उद्देश्य

सर्बसुलभ स्वच्छ खानेपानी र वातावरणीय सरसफाईमा पहुँच बृद्धि गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | (आ.व. ०७५/०७६ सम्मको अवस्था) | ०७९/०८० | ०८१/०८२ | |
| निजी धारा उपलब्ध घरधुरी | संख्या | १२१२ | १५०० | १७०० | ६.१.१ |
| पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६४६३ | ६७०० | ७००० | ६.१.१ |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | संख्या | ६४६३ | ७५०० | ८५०० | ६.१.१ |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | संख्या | ९१८९ | सबै | सबै | ६.२.१ |
| सामुदायिक तथा सार्वजनिक शौचालय | संख्या | ९२ | १५० | ३०० | ६.२.१ |
| जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | जनसंख्या | ३०२७ | ७००० | ८८१७ | ६.२.१ |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने घरधुरी | संख्या | ९०१६ | | | ६.३.१ |
| सार्वजनिक स्थानमा डस्टविन राख्ने | संख्या | ५० | २०० | ३०० | ६.३.१ |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | १ | ५ | १० | |

### ङ) रणनीति

- खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।
- सवै नागरिकलाई आधारभूत खानेपानी पूर्वाधारमा पहुँच सुनिश्चित गरिनेछ,
- पालिका क्षेत्र तथा आसपासका अन्य क्षेत्रमा उपलव्ध खानेपानी तथा जलाधार क्षेहरूको संरक्षण गरिनेछ,
- पालिका क्षेत्रभित्र क्रियाशील खानेपानी उपभोक्ता समितिहरूको प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ,
- पालिका क्षेत्रबाट निस्कने जैविक तथा अजैविक फोहोरमैलाको उचित व्यवस्थापन गर्ने व्यवस्था गर्ने,
- पालिकालाई पूर्ण सरसफाईयुक्त र वातावरणमैत्री बनाइनेछ,
- कुहिने र नकुहिने फोहोरलाई श्रोतमा वर्गिकरण सहित संकलन र ढुवानीको व्यवस्थापन गर्ने ।

**च) प्रमुख कार्यक्रम**

- वृहत खानेपानी आयोजना निर्माण
- लिफ्ट खानेपानी व्यवस्थापन
- खानेपानी सुधार तथा व्यवस्थापन
- उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि कार्यक्रम
- सुख्खा क्षेत्रमा आकासे पानी संकलन प्रर्वद्धन कार्यक्रम
- पूर्ण सरसफाई कार्यक्रम
- जैविक तथा अजैविक फोहर वर्गिकरण तथा व्यवस्थापन

### ६.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

**क) विद्यमान अवस्था, संभावना र अवसर**

सामाजिक विकास अन्तर्गत अत्यन्तै सम्वेदनशील मानिएको लक्षित वर्ग तथा सामाजिक समावेसीकरण क्षेत्रको सन्दर्भमा पालुङटार नगरपालिकालाई हेर्दा कूल जनसंख्याको करिव ४९.५४ प्रतिशत अर्थात १८७०१ जनसंख्या महिलाको रहेको छ । १४ बर्ष भन्दा कम उमेरको जनसंख्या ८२५७ रहेको छ भने ६० बर्ष भन्दा वढि उमेर समुहका जनसंख्या ४७५४, दलित महिला १३६५, पुरुष १३५६ र अन्य २ गरी कूल २७२३ रहेको छ । नगरका विभिन्न वडामा गरी अति अशक्त अपांग ३५५ र पूर्ण अपांगता भएका व्यक्तिको संख्या १३९ रहेको छ । महिला सशक्तिकरण तर्फ १०० महिला समुह, ६५ महिला समितिमा करिव २००० महिलाहरू संगठित रहेको छन् भने व्यवसायिक सीप मुलक तालिम प्राप्त गर्ने महिलाको संख्या १३४५ छ । नगरक्षेत्र भित्र १९ वटा वाल संरक्षण समिति गठन भएका छन। लैगिक हिंसा निवारणका लागि १५ वटा निगरानी समुह सहित लैगिक हिंसा निवारण उद्धार समिति र लैङ्गिक हिंसा निवारण कोष स्थापना समेत क्रियाशील रहेको छन् ।

यस आधारमा बिद्यालय उमेर समुहका जनसंख्यालाई शिक्षा दिक्षा, आदीवासी, जनजाति, दलित, उत्पिडित, अपांगता भएका, एकल महिलाहरूका लागि नेतृत्व विकास, अपाङ्ग, महिला लक्षित व्यावसायिक शीप, लैगिक हिंसा विरुद्ध क्रियाशील संयन्त्रहरूलाई प्रभावकारी परिचालन गर्न सकेको खण्डमा नगरलाई लैगिक बिभेद, हिसा, रुढीवादी अन्धबिश्वासमुक्त बनाई सामाजिक सदभाव र न्यायपूर्ण समाज निर्माण गर्न सकिने संभावना देखिन्छ ।

**ख) समस्या तथा चुनौति**

लक्षित समुदायको खण्डिकृत तथ्यांक अद्यावधिक नहुनु, महिला समूह तथा समितिहरूमा सबै महिला आवद्ध नहुनु, महिलाहरूमा व्यवसायिक सिप तथा तालिम, नेतृत्वको अभाव, विशेष शिक्षा प्रणालीको कमी देखिन्छ । सक्रिय रुपमा बालक्लवको संचालन र परिचालन नभएको तथा बालअधिकारको पर्याप्त जानकारी बालबालिकामा नभएको अवस्था छ । दलित सन्जाल गठन, जेष्ठ नागरिक दिवा सेवा केन्द्र जस्ता महत्वपूर्ण सुविधाको व्यवस्था हुन सकिरहेको छैन । सामाजिक बिकृति तर्फ वाल विवाह, वहुविवाह, महिला हिंसासम्वन्ध बिच्छेद लगायतका घटनाहरू न्यायिक समितिमा अभिलेखिकरण हुने गरेको र केही घटनाहरूसनुवाईको चरणमा भएबाट यस्ता सामाजिक बिकृति तर्फ यथेष्ट ध्यान दिनु पर्ने अवस्था देखिएको छ ।

**ग) उद्देश्य**

लक्षित वर्गको समाबेशीकरण सहभागिता, बैयक्तिक, आर्थिक, सामाजिक सशक्तिकरण भएको हुनेछ ।

## घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) ०७८/०७९ | ०८० /०८१ | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी ( महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | १३ | १७ | २० | १०.३ |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | | | | ५.१.१ |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ० | १५ | २५ | १०.२.१ |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १३४५ | २५०० | ३००० | ८.३.१ |
| उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित, बहुविवाह | संख्या | | | | ५.१.१ |
| लक्षितवर्गबाट उजुरी गुनासो (बार्षिक) | संख्या | | | | |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग जेष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएको व्यक्ति | संख्या | | | | १.३.१ |
| जेष्ठ नागरिक | संख्या | ३०३८ | सबै | सबै | १.३.१ |
| जेष्ठ नागरिक दलित | संख्या | ७८१ | सबै | सबै | १.३.१ |
| एकल महिला | संख्या | १४७८ | सबै | सबै | १.३.१ |
| पूर्ण अपांगता | संख्या | १३९ | सबै | सबै | १.३.१ |
| अति अशक्त अपांग | संख्या | ३५५ | सबै | सबै | १.३.१ |
| बालबालिका सुरक्षा भत्ता दलित | संख्या | १०३३ | सबै | सबै | १.३.१ |
| जेष्ठ नागरिक औषधि उपचार प्राप्त | संख्या | ३२४२ | सबै | सबै | १.३.१ |
| घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | | | | |
| महिला समूह | संख्या | १०० | १२० | १५० | ५.२.२ |
| महिला समिति संस्था | संख्या | ६५ | ७० | ७५ | ५.२.२ |
| महिला समिति सदस्य संस्था | संख्या | ६ | ८ | १० | ५.२.२ |
| महिला सहकारी संस्था सदस्य | संख्या | २००० | ३५०० | ४००० | ५.२.२ |
| महिला सहकारी संस्था सदस्य | संख्या | | | | ५.२.२ |
| १५ वर्षको उमेरभन्दा पहिला र १८ वर्षको उमेरभन्दा पहिला विवाह भएका वा वैवाहिक मिलन (In union) मा रहेका २० देखि २४ वर्ष उमेर समूहका महिलाहरूको अनुपात | संख्या | | | | ५.३.१ |
| मानव वेचविखन विरुद्धको समिति गठन | संख्या | | | | |
| मानव बेचविखन सुरक्षा कोष स्थापना | संख्या | | | | |
| मानव बेचविखन पुनस्थापना केन्द्र स्थापना | संख्या | | | | |
| लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह गठन | संख्या | १५ | १७ | २० | |
| लैङ्गिक हिंसा निवारण कोष स्थापना | संख्या | १ | १ | १ | |
| एकल महिला सुरक्षा कोष स्थापना | | | | | १.३.१ |
| बाल क्लब गठन | | | | | |
| बाल सन्जाल गठन | | | | | |
| बाल उद्धार कोष स्थापना | संख्या | | | | १.३.१ |
| बाल संरक्षण समिति गठन | संख्या | १९ | १९ | १९ | |
| आपलकालिन मनोसामाजिक विमर्श | | | | | |

## ङ) रणनीति

- लैगिक समानता र सामाजिक समावेसीकरण सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।
- लैङ्गिक तथा समावेशीता विषय र क्षेत्रगत खण्डीकृत तथ्यांकको संकलन, विश्लेषण र नियमित रूपमा अद्यावधिक गराई पहूँच नक्सा समेत तयार गरी कार्यान्वयनमा ल्याइने छ,
- पालिकाका योजना तथा कार्यक्रमहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरी तर्जुमा गरिनेछ,
- महिला सशक्तिकरणका लागि लैङ्गिक संवेदनशील बजेट र लैङ्गिक बजेट परीक्षण प्रणालीको अवलम्बन गरिनेछ,
- घरेलु वा सामाजिक हिंसामा परेका महिलालाई पुनःस्थापन केन्द्रमा बस्ने, मनोसामाजिक परामर्श लिने साथै कानुनी संरक्षणको व्यवस्था समेत मिलाइनेछ,
- कार्यस्थलहरूलाई लैङ्गिक, यौन हिसां, छुवाछुत एवं विभेदमुक्त बनाउन व्यवस्थापन पक्षलाइ संस्थागत जीम्मेवारी निर्वाह गर्न लगाइने छ,
- सवै महिलाहरूलाई समूहमा आबद्ध गराई शसक्तिकरण गरिनेछ,
- महिला सहकारी संस्था सुचारु रुपले संचालन गर्नको लागि सहकारी शिक्षा, नेतृत्व तथा संस्थागत विकास, लेखा व्यवस्थापन तालिम तथा महिला संस्थाको भवन निर्माण गर्ने साथै विउ पूँजी कोष स्थापना गरिनेछ,
- महिला सहकारी संस्थाको सदस्यहरूको सहभागितामा व्यवसायिक संभाव्यता अध्ययन गरि थप आयआर्जन कार्यक्रम संचालन गरिनेछ,
- विद्यालय विमूख किशोरीहरूको लागी जीवनउपयोगी सीप तथा व्यवसायमूलक कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाइनेछ,
- लक्षित समूह कार्यक्रमअन्तर्गत घरेलु तथा सामाजिक हिंसामा परेका महिलालाई पुनस्थापन केन्द्रमा वस्ने, मनोसामाजिक परामर्श सेवा लिनुका साथै कानुनी संरक्षणको व्यवस्था समेत मिलाइ सीप विकास जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ,
- लक्षित वर्ग तथा सामाजिक समावेशिकरणतर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समूहलाई सशक्तीकरण गरि मागमा आधारित कार्यक्रम तयार गरी अझ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ,
- आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सर्म्वद्धन गरिनेछ,
- बालमैत्री स्थानीय शासन लागू गर्नका लागि बालश्रम उन्मुलन, बाल विवाह, बाल हिंसा उन्मुलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रम संचालन गरिनेछ,
- निगरानी समूहको क्षमता विकास लैङ्गिक हिंसा निवारण कोष स्थापना मानव बेचविखन सुरक्षा कोष स्थापना र पालिका स्तरीय पुर्नस्थापना केन्द्र स्थापना तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी विभिन्न क्रियाकलापहरू संचालन गरिनेछ,
- सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित गरी सुलभ र सहज बनाइनेछ,
- दलित तथा अपाङ्गहरूलाई विविध विषयमा सीपमूलक तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ,
- महिला स्वास्थ्य स्वयम्सेविकाहरूको क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ,
- बालबालिकाहरूको लागी बाल अधिकार, बाल बिबाह, बाल हिंसा सम्बन्धी कार्यक्रम संचालन र पालिका स्तरीय बाल उद्धार कोष स्थापना गरिनेछ,
- बालबालिकालाई कुनै पनि बालश्रम तथा अपहरण हुन नदिन जनचेतना अभिवृद्दि गरिनेछ,
- एकल महिलाहरूको लागी आयआर्जन कार्यक्रम संचालन तथा एकल महिला कोष स्थापना गरिनेछ,
- ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरि सार्वजनिक यातायात र सरकारी अस्पतालमा छुटको सहुलियत प्रदान गरिनेछ,

- अपाङ्गता भएका व्यक्तिहरूको लागी अपाङ्गता मैत्री पूर्वाधार निर्माण, परिचय-पत्र वितरण सीप विकास तालिम आवश्यकता अनुसार सामग्रीहरू वितरण गरिनेछ,
- महिला शसक्तिकरण शिक्षामा महिलाको पहुँच, महिला हिंसा शसक्तिकरण, अन्ध विश्वास रुढीवादी प्रथाका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालग गरिनेछ,
- महिला पुरुष सम विकास तालिम र आधारभूत तालिम, अनुशिक्षण महिलालाई सहकारी संस्थामा आवद्ध गरिनेछ,

### च) प्रमुख कार्यक्रम

- लक्षित समूह सहभागिता, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम
- महिला जनप्रतिनिधिहरूलाई स्थानीय सरकार संचालन एवं नेतृत्व विकास सम्बन्धी क्षमता विकास कार्यक्रम
- महिला सहकारी संस्था अन्तरगत व्यवसायिक समूह विकास कार्यक्रम
- वालमैत्री नगरपालिका प्रर्वद्धन कार्यक्रम
- घरेलु तथा लैगिक हिंसा तथा यौनजन्य हिंसा न्यूनीकरण कार्यक्रम
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लागी बहुआयामिक कार्यक्रम
- एकल महिला सहयोग कार्यक्रम
- जेष्ठ नागरिकका लागि बिश्राम गृह निर्माण
- विद्यालय विमूख किशोरीको बहुआयामिक विकास कार्यक्रम
- आपतकालिन संरक्षण सेवामा महिला समूहको परिचालन
- संस्थागत विकास र सामूहिक गतिशिलता

## ६.३.५ युवा तथा खेलकूद

### क) विद्यमान अवस्था, संभावना र अवसर

पालुङटार नगरपालिका भित्र युवाहरू प्रशस्त छन तर २४७६ युवाहरूकामको सिलसिलामा विदेशमा छन । काम गर्ने सोच छ, सामुहिकता छ, खेलाडीहरू छन, साक्षर युवा छन र सामुहिकता समेत छ । यस आधारमा युवा परिचालन खाका सहित नगरपालिका क्षेत्रबाट उत्पादित युवा खेलाडीहरूको उचित सम्मान, आधारभूत खेलकुद पूर्वाधारहरू निर्माण गर्न सकेको खण्डमा खेलकुद क्षेत्रले फड्को मार्न सक्ने देखिन्छ । यस नगरपालिकाको आयोजनामा संचालित प्रथम मेयर कप अन्तर पालिका स्तरीय फूटबल प्रतियोगिता संचालनवाट नगरपालिकाको पहिचानलाई छिमेकी र प्रदेश स्तरीय पालिकाहरूमा प्रबर्धन गर्न सघाउ पुगेको तथ्यलाई हृदयांगम गरी लिगलिग दौड तथा नगरस्तरीय खेलकूद कार्यक्रमहरू निश्चित शर्त सहित निजि क्षेत्रका संस्थाहरूसंग करार सम्फौता गरि संचालन गर्न सकिने देखिन्छ । यसै गरी युवाहरूलाई स्थानीय शीप तथा श्रोतमा आधारित उद्यम विकास, स्थानीय उत्पादकत्वमा वृद्धि, एक वडा एक बिशेष खेलमैदान निर्माण गर्न सकेको खण्डमा नगरमै रोजगारीको संभावनाको ढोका खुल्ने र युवाको बैदेशिक रोजगारी प्रतिको आकर्षण घट्न गई पालिकाको उत्पादन वृद्धि हुने प्रवल सम्भावना रहेको छ ।

### ख) समस्या तथा चुनौति

युवा तथा खेलकुदको क्षेत्रमा युवाहरूमा शिपको कमी, श्रम संस्कार छैन, मानवीय भावनाको कमी, पूंजिको अभाव, बजारको सिमितता, सामुहिक भावनाको कमी र प्रोत्साहनको कमीका कारण युवाशक्ति स्थानीय ठाँउमा भन्दा बिदेशमा रमाइरहेको अवस्था छ । जसको कारण उत्पादन तथा उत्पादकत्वमा कमी आइरहेको छ । यसै गरी युवाहरूको अतिरिक्त समयका लागि आवश्यक खेलमैदानको कमी, खेल प्रशिक्षकको व्यवस्था नहुनु, प्रतियोगिताहरूको आयोजना हुन नसक्नु, उत्कृष्ट खेलाडीहरूको सम्मान हुन नसक्नु जस्ता कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाव परेको छैन । युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन भइरहेको छ ।

### ग) उद्देश्य

निष्ठावान, आदर्शयुक्त, अनुशासित, शिक्षित, रचनात्मक, सीपयुक्त, उद्यमी, सवल र देशभक्त युवाजनशक्ति तयार भएको हुने

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७८/०७९ | ०८०/०८१ | |
| वैदेशिक रोजगारीमा गएका युवा | संख्या | २४७६ | २००० | १५०० | ४.४.१ |
| युवाक्लब, संजाल तथा संस्था | संख्या | | | | |
| युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | संख्या | | | | |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ५०० | १००० | २००० | ८.३.१ |
| कवर्डहल तथा खेलकुद मैदान | संख्या | ३ | १ | १ | |
| नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | १ | ५ | १० | |
| प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | | | | |
| राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | | | | |

### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत युवा तथा खेलकुद विकास क्षेत्र सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।
- युवा क्लब गठन, परिचालनको माध्यमबाट युवा सृजना, सामाजिक जागरण, सामाजिक परिचालन तथा विकासका कार्य संचालन गरिनेछ,
- खेलाडीहरूका लागि प्रशिक्षण प्रोत्साहन गर्दै खेल संस्कृतिको विकासको लागि विद्यालयस्तरबाटै विविध खेलकूद संचालन गर्न पहल गरिनेछ,
- युवाहरूलाई वैदेशिक पलायन हुनबाट रोक्दै, उद्यम व्यवसाय र श्रम गर्न सक्षम बनाइनेछ,
- श्रममैत्री प्रविधिको विकाश गरि श्रमको सम्मान गर्ने बानी बसाली काम गर्ने सीपयुक्त युवा निर्माण गर्ने ( Skill hand and Creative mind) भएका युवा तयार गरिनेछ,
- राज्य प्रति उत्तरदायी, विकाशप्रति जिम्मेवार र सम्वृद्धिको सम्वाहक युवा निर्माण गर्ने । रणनितिक नारा - "दुईरुप्पे राष्ट्रको लागि मेरो लगानी सदाका लागि" युवा परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ,
- युवाहरूमा रहेको सामुहिक भावना र जागरुकतालाई मध्यनजर गरेर जिम्मेवार नागरिक निर्माण हुने गरि समाजसेवाको भावना जगाउन युवाक्लवहरू संसद गठन गरी क्षमता अभिबृद्धि गरिनेछ,
- खेलाडीहरूलाई व्यवसायीक, उत्तरदायी, लगनशील र प्रतिभावान हुन अभिप्रेरित गर्न तथा पालिकाको पहिचान स्थापित गर्न पालिकास्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गरी खेलकुद प्रर्वद्धन गरिनेछ ।
- पालिकालाई खेलकुद पर्यटनको रुपमा प्रर्वद्धन गरिनेछ ।

### च) प्रमुख कार्यक्रम

- वडास्तरीय खेलमैदान, कर्वडहल तथा खेलकुद (लिगलिगे दौड, मेयर कप फुटवल) प्रतियोगिता
- युवा उद्यमशिलता, स्वरोजगार तथा रोजगार कार्यक्रम,
- सीपविकास तथा क्षमता अभिबृद्धि प्रशिक्षण कार्यक्रम
- युवा पालिका निमार्ण कोष प्रर्वद्धन कार्यक्रम
- युवा क्लब तथा युवा संसद अभ्यास कार्यक्रम
- युवा हेल्पडेस्क तथा सूचना केन्द्र निमार्ण तथा मनोपरामर्श केन्द्र कार्यक्रम

### ६.३.६ कला, भाषा, साहित्य र संस्कृति

#### क) विद्यमान अवस्था, संभावना र अवसर

भाषागत तथा जातिगत बिबिधता पालुङटार नगरपालिकाको सामाजिक सम्पत्ति मान्न सकिन्छ । नगरमा आदिवासी जनजातीका बिभिन्न कार्यक्रमहरू संचालन हुने गरेका छन् । नगरमा बिभिन्न बिधाका साहित्यकार, कलाकारहरू छन, सांस्कृतिक बिबिधता युक्त रहन सहन छ र मनोरन्जनप्रमी जनताहरू छन । खोप्लाङ्गमा लाग्ने अन्नपूर्ण मेला, कालमाटामा लाग्ने ताल पोखरी जात्रा, च्याङ्लीमा लाग्ने शिवरात्री जात्रा लगायतका मेला तथा जात्राहरुले यस नगरपालिकाको ऐतिहासिक परम्परागत संस्कृतिमा उल्लेख्य योगदान पुर्‍याउदै आएको छ । यसको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्न सकेको खण्डमा सभ्य र सुसंस्कृतयुक्त समाजको निर्माण गर्न सकिन्छ । कुमाल, वोटे, माझि जातीको प्रथा परम्परा संरक्षणका लागि नगरस्तरीय संग्रहालयको सम्भावना रहेको छ । जाती विशेषले परम्परागत रुपमा उत्पादन गरिएको हस्तकलाका समाग्रीहरू, फोटो फ्रेम, टोपी, आदिलाई प्रोत्साहन स्वरुप विभिन्न कार्यक्रमहरूमा प्रदर्शनी गर्न सक्ने देखिन्छ । वार्षिक रुपमा हुने स्थानीय मेला पर्व, जात्रा आदिको प्रर्वद्धनबाट नगरको सांस्कृतिक विकासमा थप टेवा पुग्ने देखिन्छ ।

#### ख) समस्या तथा चुनौति

पालिकाको क्षेत्रगत योजनाको अभावमा यस क्षेत्रले अत्यन्त कम प्राथमिकता पाएको, नगरमा साहित्य केन्द्र, पुस्तकालय, प्रविधिको प्रचार प्रसारको कमी, भाषा कला संस्कृतिको संरक्षण र सर्म्बद्धनका लागि वाचलनालय, नाटकघर, संग्रहालय जस्ता संरचनाहरूको अभाव रहेको छ ।

#### ग) उद्देश्य

भाषा, कला, साहित्य र सम्पदालाई प्रष्फुटन तथा प्रवर्द्धन गर्दै विविधताभित्रको एकता कायम राखी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म प्रचार प्रसार गरी जनताको जीवनस्तर उकास्ने ।

#### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | (आ.व. ०७५/०७६ सम्मको अवस्था) | ०७८/०७९ | ०८०/०८१ | |
| कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | अ. २० | ३० | ५० | १२.ख.१ |
| संरक्षित कला, सँस्कृति र सम्पदाका प्रकार | संख्या | १० | १३ | १५ | १२.ख.१ |
| कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्वन गर्ने व्यक्ति | संख्या | ५ | १० | १५ | १२.ख.१ |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्यसंबन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | ५ | ७ | १२.ख.१ |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषासाहित्यमा आधारित प्रकाशन | संख्या | ० | ५ | ७ | १२.ख.१ |

#### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐन अनुसार नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत भाषा, कला, साहित्य र संस्कृति संरक्षण सम्वन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने
- साहित्य, कला र प्रतिभाको प्रवर्द्धन, खोज, अनुसन्धान, अन्वेषण, ऐतिहासिक महत्वका स्थान, सम्पदाको संरक्षणका लागि आवश्यक भौतिक पूर्वाधार (सभागृह, पुस्तकालय, संग्राहलय, फिल्महल, अध्ययन अनुसन्धान केन्द्र) जस्ता सुविधाको विकास गरिनेछ,
- कुमाल, वोटे, माझि जातीको प्रथा परम्परा संरक्षणका लागि नगरस्तरीय संग्रहालयको निर्माण गर्ने
- परम्परागत रुपमा उत्पादन गरिएको हस्तकलाका समाग्रीहरूलाई प्रोत्साहन एवं प्रर्दशन गर्ने

- स्थानीय मौलक भाषा, कला,साहित्य कला संस्कृति र उत्पादनलाई प्रोत्साहन गर्न प्रचार प्रसारलाई व्यापक बनाइ स्थानीय पर्यटन प्रर्वद्धन गरिनेछ ।

### च) प्रमुख कार्यक्रम

- स्थानीय कला, साहित्य, भाषा, संस्कृति संरक्षणका लागि पूर्वाधार सुविधा प्रर्वद्धन कार्यक्रमः (कला केन्द्र, जनजाती तथा संस्कृति (कुमाल, वोटे, माझि) संग्राहलय, पुस्तकालय, नाट्यकेन्द्र, पालिका सभागृह) निर्माण
- पालुङटार महोत्सव
- वार्षिक साहित्यिक प्रतियोगिता कार्यक्रम
- वार्षिक प्रकाशन कार्यक्रम

## ६.४ प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा सामाजिक क्षेत्र विकासका लागि कूल १ अर्ब ६४ करोड ६५ लाख अर्थात कूल लागत अनुमानको २१.६२ प्रतिशत रहेको छ । जस अन्तर्गत शिक्षा तर्फ २६ करोड ७० लाख, आधारभूत स्वास्थ्य तर्फ ४७ करोड, खानेपानी तथा सरसफाई तर्फ २३ करोड ५० लाख, लक्षित क्षेत्र तर्फ १६ करोड, युवा तथा खेलकुद तर्फ ३२ करोड ७५ लाख र भाषा, कला, साहित्य र संस्कृति संरक्षण तर्फ १८ करोड ७० लाखखर्च अनुमान गरिएको छ । सामाजिक क्षेत्र सम्बद्ध कार्यक्रमहरूमा सरकारी क्षेत्रको अलावा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको समेत लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ ।

## परिच्छेद–सात पूर्वाधार क्षेत्र विकास

### ७.१ विषय प्रवेश

पालुङटार नगरपालिकाको आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक तथा वाटो, पुल पुलेसा निर्माण, परम्परागत गोरेटो, आवास, सिंचाइ पूर्वाधार, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र संचार तथा सूचना प्रविधिको उपयोग जस्ता क्षेत्रहरू पर्दछन् । नगरपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदमका सम्बन्धमा संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

### ७.२ विद्यमान अवस्था

पृथ्वी राजमार्ग हुँदै देशको राजधानी काठमाडौँबाट पालुङ्टार नगरपालिका सजिलै पुग्न सकिन्छ । यो नगरपालिकालाई मोटर बाटोले छिमेकी जिल्ला लमजुङ् र तनहुँसँग राम्रोसित जोडेको छ । हाल नगरक्षेत्रमा करीव ३६ कि.मि.कालोपत्रे सडक रहेको छ । नगरपालिकाको सवै वडा जोडिने गरी करिव ८४ कि.मि. ग्राभेल सडक र ४५२ कि.मी कच्ची धुले सडक रहेको छ भने करिब १०३ कि.मि.सडकमा बाह्रै महिना सवारी साधन चल्न सक्ने अवस्था रहेको छ । नगरपालिका भित्रका वडाहरूमा विभिन्न स्थानमा ७ वटा पक्की पुल, १४ वटा कच्चि पुल र ९ वटा झोलुङ्गे पुलले अन्तरवडा आवतजावतमा सहजता थपेका छन् ।नगर क्षेत्रभित्र आन्तरिक तथा वाह्य गरी करीव ५ वटा गन्तव्यका लागि सार्वजनिक वस विङ्गर जिप तथा माइक्रो बस मार्फत काठमाडौं, पोखरा, नारायणगढ, डुम्रेका लागि दैनिक यातायात सुविधा संचालनमा रहेको छ भने दैनिक करिब २० वटाको संख्यामा मालवाहक सवारी साधनबाट नगरपालिकाको आवश्यक सामानहरू ढुवानी सेवा संचालन गरिरहेका छन ।

सवै भन्दा महत्वपूर्ण पक्ष नगरपालिकाको सडक यातायात गुरुयोजना (Municipal Transport Management Master Plan) तर्जुमा भई नगर क्षेत्रभित्रका सडकहरूलाई ४ वर्गमा बिभाजन गरी सोको सडक अधिकार क्षेत्र (Right of Way [ROW]) तथा सडक संकेत (Road Code No.) सहित स्तरवृद्धिका लागि लाग्ने लागत अनुमान समेत तयार भइसकेको अवस्था छ भने १० वटा सडक आयोजनाहरूको बिस्तृत परियोजना प्रतिवेदन (Detail Project Report - DPR) तयार भइसकेको अवस्था छ । नगरपालिकाभित्रका ठाँटीपोखरी, सातदोबाटे सेरा, विरद्धी, पौवाटार, बाह्रपिर्के, आँपपिपल भञ्याङ्ग नै प्रमुख वजारकेन्द्रको रुपमा रहेको देखिन्छ भने अन्य वजार केन्द्रहरूमा आधारभूत पूर्वाधार सुविधाहरूको कमी देखिन्छ ।

नगरपालिका भित्र विद्युत सेवा जोडिएका घरधुरी ८८.२ प्रतिशत रहेको छ भने ९.८ प्रतिशत घरधुरीमा सोलार सुविधा जडान भएको छ । इन्धनको लागि दाउराको प्रयोग गर्ने घरधुरीसंख्या ६,२३९ रहेको छ भने एल.पी.ग्यास २४२५, वायोग्यास ४६१ र मटितेल प्रयोग गर्ने १४घरधुरी रहेको छ । संचार क्षेत्रतर्फ एउटा पालुङटार एफएम सहित टेलिफोन लाइन तथा मोबाइल टावरबाट करिब ७८ प्रतिशत जनता समक्ष टेलिफोन तथा मोवाइल सेवाको पहूँच पुगेको छ भने नगरपालिकाको प्रशासकीय भवनहरूमा ईन्टरनेट सुविधा पुगेको अवस्था देखिन्छ ।

### ७.३ पूर्वाधार विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजनाको लक्ष्य हासिल गर्न पूर्वाधार विकास क्षेत्रको लागि – वातावरणमैत्री र दिगो भौतिक र सामाजिक पूर्वाधार विकास सहित सुविधा सम्पन्न पालुङटार भएको हुनेछ,भन्ने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

**तालिका ५: पूर्वाधार विकासको उद्देश्य सूचक (आधार रेखा) तथा आवधिक योजनाको लक्ष परिमाणाम**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| बाह्रै महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | १०३ | ३०० | ५०० | ९.१.१ |
| पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | ४० | ३० | १४ | ९.१.२ |
| प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | ० | ४ | १० | |
| सुरक्षित र बसोबास योग्य वस्तीमा बसोबास गर्ने | प्रतिशत | ९० | १०० | १०० | ११.१.१ |
| पक्की घरमा बसोबास गर्ने परिवार | परिवार | २२०० | ५००० | ८००० | ११.१.१ |

**प्रमुख रणनीतिहरू**

- पूर्वाधार क्षेत्र विकास अन्तर्गत स्थानीय सडक तथा यातायात, पुल पुलेसा, सिंचाइ पूर्वाधार, बिद्युत तथा वैकल्पिक उर्जा, संचार तथा सूचना प्रविधिसंग सम्बन्धित संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,
- पूर्वाधार क्षेत्र विकास अन्तर्गतका लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धी (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत बिनियोजन भए नभएको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास गर्ने,
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त पूर्वाधार क्षेत्र विकाससंग सम्बन्धित नमूना मापदण्ड मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी पूर्वाधार क्षेत्र अन्तर्गतका सेवाहरू सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई पूर्वाधार विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

### ७.३.१ सडक पुल तथा यातायात

#### क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माण भई नगरमा हाल ३२५ वटा सडकहरु रहेका छन् यी सडकहरुलाई ४ वर्गमा वर्गीकरण गरिएको छ । क वर्गको करिब ५२ कि.मी सडक सहित कुल ४९४ कि.मी सडक रहेको जस मध्ये ४१.०२५ कि.मी रिंग रोड सडक समेत प्रस्ताव गरिएको छ ।

पलिकाभित्र सवै वडा जोडिने गरी करिव ४५२ कि.मि.कच्ची सडक, ८४ कि.मी. ग्राभेल सडक र ३६ कि.मी कालोपत्रे सडक रहेको छ । करिब १०३ कि.मि.सडकमा मात्र बाह्रै महिना सवारी साधन चल्न सक्ने अवस्था रहेको छ । छिमेकी पालिकाहरूगोरखा, राइनस, भानु, दबन्दीपुर जोड्ने ४ गरी ७ वटा पक्कीपुल मार्फत आन्तरिक तथा वाह्य यातायात सेवा संचालन भइरहेको छ भने आबुखैरेनी गाउँपालिका जोड्ने एउटा झोलुङ्गे पुल सहित ९ वटा झोलुङ्गे र १४ वटा कच्ची पुल मार्फत पालिकाको बिभिन्न क्षेत्रवीच आवागमन सहज बनाएको छ । नगर क्षेत्रवाट आन्तरिक तथा वाह्य गरी करीव ५ गन्तव्यमा सार्वजनिक यातायात सेवा संचालनमा रहेको छ ।

#### ख) समस्या र चुनौती

सडक मापदण्डको कार्यन्वयनमा कठिनाई हुन, अधिकांश सडकहरू कम चौडाइका हुनु, सडक दायावाया नालीको समस्या, ग्राभेल सडक तथा जीर्ण अवस्थाका कारण आवतजावतमा कठिनाई, सडक कटान, रिटेनिङ वाल तथा पुल जस्ता काममा ढिलाई जस्ता समस्याहरू प्रमुख रहेका छन । पालिकाको ८,९ र १० नं.वडामा पक्की सडकको पहुँचनै पुगेको छैन । घरघरमा सडक भन्ने नगरपालिकाको अघोषित नीतिका कारण केही वस्तीहरूमा सडक पहुँचका लागि

नाङ्गा पहाडलाई छिया छिया हुने गरी सडक निर्माण गरिएको छ भने यसबाट भविष्यमा आइपर्न सक्ने विपदलाई रोकथाम गर्न आगामी दिनमा घरघरमा सडक नीतिलाई परिमार्जन गरी सडक दायावाया घर निर्माण अभियान संचालन गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ ।

**ग) उद्देश्य**

सार्वजनिक आवागमनका लागि सुविधायुक्त सडक र यातायात सेवाको पहुच वृद्धि भई अन्तरआवद्धता र बजार विकास भएको हुनेछ ।

घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | संख्या | ५ | ७ | १० | ९.१.२ |
| कालोपत्रे सडक | किमी | ३६ | १०० | १३३ | ९.१.२ |
| ग्राभेल सडक | किमी | ८४ | १३० | १५० | ९.१.२ |
| कच्ची सडक | किमी | ४५२ | ५०० | ५०० | ९.१.२ |
| पक्की पुल एवं झोलुङ्गे पुल | संख्या | ७ | १५ | २५ | |
| यातायात सुचारु सडक लम्बाई | किमी | १०३ | २०० | ५०० | ९.१.१ |
| नगरपालिकामा संचालित ४ पाँग्रे सार्वजनिक यातायातका साधन | संख्या | १४ | २० | ३० | १०.२.१ |
| सडक नालीको लम्बाई | किमी | २८ | २०० | ३०० | |
| नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | २० | ३० | ५० | ९.१.२ |
| सडक किनारा वृक्षारोपण लम्बाई | किमि | ० | ४ | २० | १५.२.१ |
| सौर्य सडक वत्ति | संख्या | ८० | ५०० | १००० | ७.३.१ |

**ङ) रणनीति**

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तब्य र त्यस अन्तर्गत सडक यातायात क्षेत्रका लागि आवश्यक स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ,
- आगामी ५ बर्ष भित्र सडक यातायात गुरुयोजना अनुसार सडकको वर्गिकरण र प्राथमिकता राखी सडकहरूको स्तरोन्नती गरिनेछ,
- सडक सुरक्षा जस्ता सवै पक्षहरूलाई ध्यानमा राखी प्रमुख सडकहरूको दायावाया हरियाली सहित पाकिंङ्ग सुविधाको विकास सहित नियमित मर्मत सम्भारका लागि संघ, प्रदेश र अन्य स्थानिय तहबिच सहकार्य गरिनेछ,
- सार्वजनिक यातायातका सवारी साधनहरूलाई ब्यवस्थित, मर्यादित र भरपर्दो बनाउनका लागि आवश्यक समन्वय सहकार्य गरिनेछ,
- नगर स्तरीय सडक मर्मत सम्भार कोष कार्यविधि तर्जुमा गरी सडक तथा यातायात सम्बन्धी सम्पूर्ण कामहरूलाई व्यवस्थित बनाइनेछ ।

**च) प्रमुख कार्यक्रम**

- सडक स्तरोन्नति (कालोपत्रे १०० कि.मी.) कार्यक्रम
- सडक स्तरोन्नति (ग्रावेल ६६ कि.मि.)
- कच्ची सडक स्तरोन्नति (२२२ कि.मि.)
- पक्की नाला निर्माण (दुवै साईड)

- अन्तरआवद्धता प्रर्वद्धन पुल निर्माण तथा मर्मत कार्यक्रम (४ वटा पक्की)
- सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार
- वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण कार्यक्रम
- वस विसौनी तथा प्रतिक्षालय निर्माण
- सडक अतिक्रमण न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रम

### ७.३.२ सिंचाई पूर्वाधार

**क) विद्यमान अवस्था, संभावना र अवसर**

सिँचाईको लागि चेपे, मरस्यांदी, दरौँदी, बोहोरे खोला, ढाँड खोला, मृदि खोला, न्यौपाने खोला, खारखोला, विर्दी खोला, बडहरे खोला, जुडी खोला, भुसन्नी खोला, कोप्रिंग खोला, प्याउदी खोला छन् ।यस नगरपालिका क्षेत्रबाट वग्ने वडरे, बोरे, भुसुन्डे, बुढी, क्षेदी, खार लगायतका खोला आसपासका क्षेत्रमास्थानीय ससाना कूलो सिचाईको माध्यमबाट कृषि कार्यमा टेवा पुगिरहेको अवस्था छ । अधिकांश खेतीयोग्य जमिनको धरातलीय स्वरुप र जलाधार क्षेत्रको न्युनताका कारण सिचाई सुविधा पुऱ्याउन कठिन देखिएतापनि यस नगरपालिका भएर वग्ने चेपे, दरौदी र मर्स्याङ्दीजस्ता ठूला नदि प्रणालीबाट लिफ्ट सिचाई आयोजनासहित वहुउद्देश्यीय परियोजनाको रुपमा विकास गर्न सकेको खण्डमा यस नगरपालिकाको अधिकांश सुख्खा भूमिलाई कृषि उव्जाउ भूमिमा परिवर्तन गर्न सकिने ठूलो संभावन देखिन्छ । साथै कम पानी चाहिने बालीहरूको प्रवर्द्धन गर्न सकिन्छ भने भिरालो जग्गामा खेती गर्ने कृषि प्रविधि (Sloping agriculture land technology-SALT) प्रवर्द्धन गर्न सकिन्छ ।

**ख) समस्या तथा चुनौति**

वडा नं. ६ मा भएको कृषि कार्यक्रममा त्यहाँ करिब ८० प्रतिशत भूभाग असिँचित क्षेत्रफल पर्दछन् ।अव्यवस्थित वस्ति विकास, जथाभावी सडक निर्माण, जलाधार क्षेत्रको संरक्षणको अभाव र जलवायु परिवर्तनको प्रभावका कारण अधिकांश सहतपानीका मुहानहरू सुक्दै गएको अवस्था छ भने परम्परागत रुपमा संचालित मुहान तथा कुलोहरू समयमै मर्मत सम्भार एवं बिस्तार हुन नसक्दा खेतीयोग्य जमिनमा सिंचाई सुविधा क्रमशः घट्दै गइरहेको छ । यसको प्रत्यक्ष असर कृषि उत्पादनमा पर्न गएको अवस्था छ ।

**ग) उद्देश्य**

आधुनिक सिचाई प्रबिधिको उपयोग गर्दै सम्भावित जमिनलाई हराभरा गरि खाद्य सुरक्षा सहित आत्मनिर्भर बन्ने ।

**घ) सूचक तथा लक्ष परिमाण**

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | (आ.व. ०७५/०७६ सम्मको अवस्था) | ०७९/०८० | ०८१/०८२ | |
| बाह्रै महिना सिंचाई हुने घरधुरी | संख्या | ५४६ | १५०० | २५०० | ६.५.१ |
| प्रयोगमा आएका सिचाई प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदी) | संख्या | ३ | ५ | ७ | ६.५.१ |
| सुचारु सिंचाई आयोजना | संख्या | ७ | १० | ११ | ६.५.१ |

**ङ) रणनीति**

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत सिंचाई पूर्वाधार विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।

- सिंचाइ तथा अन्य वहुउद्देश्यीय उपयोगको संभावना भएका (चेपे, दरौदी,मर्स्याङ्दी जस्ता ठूला नदी तथा बोहोरे, वडरे, बोरे, भुसुन्डे, बुढी, क्षेदी, खार, मृद्धि लगायतका खोला) जस्ता जलाधार क्षेत्रको अध्ययन अनुसन्धान उपयुक्त प्रविधिमा आधारित सिंचाई परियोजना विकास गरी ५ वर्षभित्र सबै सिँचाई योग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउने
- जलाधार क्षेत्रको कमी भएका सुख्खा क्षेत्रका लागि थोपा सिचाई लगायतका अन्य प्रविधिको विकास तथा बिस्तार गरी सिचाई क्षेत्रको बिस्तार गरिनेछ,
- सिचाई आयोजनाहरूको नियमित मर्मत सम्भार, दिगो उपयोगिताका लागि उपभोक्ता समितिको संस्थागत क्षमता विकास गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- आकासे पानी संकलन कार्यक्रम
- लिफ्ट सिचाई विकास कार्यक्रम
- भूमिगत सिंचाई निर्माण कार्यक्रम
- साना तथा मझौला सिचाई कार्यक्रम

### ७.३.३ आवास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन

**क) विद्यमान अवस्था, संभावना र अवसर**

पालुङटार नगरपालिका स्मार्ट सिटी तथा हरियाली नगरपालिकाको अवधारण अनुसार अगाडी बढिरहेको छ । त्यसैगरी, भू-उपयोग योजना तथा भवन निर्माण मापदण्ड २०७६ निर्माण भई कर्यन्वयनको चरणमा रहेको छ । नगर क्षेत्रका प्रमुख बजारकेन्द्रहरूठाँटीपोखरी तथा आसपासका क्षेत्रहरूमा वस्ती विकासको क्रम तिव्र रहेको छ । यो क्रमलाई समयमै व्यवस्थित बनाउन सकिएन भने अव्यवस्थित वस्ती, कमजोर संरचनाका कारण एकातिर विकासको लागत अत्याधिक रुपमा वढ्न जाने देखिन्छ भने अर्कोतिर विपद जोखिमको अवस्था पनि त्यतिकै मात्रामा वढ्न जाने देखिन्छ ।

**ख) समस्या र चुनौति**

वसोवासका लागि अनुपयुक्त धरातल, अव्यवस्थित वस्ती, कमजोर संरचना, विपद जोखिमको वस्तुपरक बिश्लेषण हुन नसक्नु नै आवास तथा सार्वजनिक निर्माण तर्फको प्रमुख समस्या वा चुनौति देखिन्छ । व्यवस्थित वस्ति विकासको लागि भवन तथा योजना मापदण्ड, राष्ट्रिय भवन संहिताको पूर्ण परिपालना गर्ने जस्ता चुनौतिहरू विद्यमान रहेको छ ।

**ग) उद्देश्य**

सुविधा सम्पन्न, सुरक्षित आवास, एकीकृत, बस्ती एवं व्यवस्थित बजारको निर्माण हुने ।

**घ) सूचक तथा लक्ष परिमाण**

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| आधारभुत पूर्वाधारयुक्त व्यवस्थीत बजार | स्थान | ० | ४ | १० | ११.१.१ |
| सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ९० | १०० | १०० | ११.१.१ |
| भुकम्प प्रतिरोधी घर निर्माण गर्न दक्ष व्यक्ति | संख्या | ३० | ३०० | ५०० | ११.१.१ |
| भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन संरचना | संख्या | ४० | १२० | २५० | ११.१.१ |
| भूकम्प प्रतिरोधी भवन प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ३५ | ७५ | १०० | ११.१.१ |
| चट्याङ्ग रहित घर निर्माण | प्रतिशत | १० | ६० | ८० | ११.१.१ |

**ङ) रणनीति**

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आवस, सार्वजनिक निर्माण र वजार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- भवन मापदण्ड पूर्ण कार्यन्वयन गरी वस्ती विकासलाई व्यवस्थित बनाइनेछ भने सुरक्षित आवासका लागि राष्ट्रिय भवन संहिताको कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ,
- स्मार्ट सिटी योजना अनुसारको स्र्माट ठाँटीपोखरी निर्माण तथा समुदाय सहितको सहभागितामा कार्यन्वयन गर्ने,
- सुरक्षित आवास निर्माणकर्मिहरूलाई क्षमता विकास कार्यक्रम संचालन गर्ने,
- चापाभन्ज्याङ, विरुवाटार गाईखुर बेतैनी, बिजुलिडाडा, शेरा, आपपिपल, मिलनचोक, खुर्पाजुङ लगायतका क्षेत्रमा शहरी पूर्वाधार विकास गरी नया शहर विकास गरिनेछ ।

**च) प्रमुख कार्यक्रम**

- स्मार्ट सिटी योजना कार्यन्वयन कार्यक्रम
- एकिकृत आवास कार्यक्रम (एकिकृत बस्ति विकास, वडा न. १ र ४)
- पूर्वधार निर्माण गर्न दक्ष जनशक्ति विकास कार्यक्रम
- व्यवस्थित बजार व्यवस्थापन कार्यक्रम (ठाँटीपोखरी, आँपपिपल, वडडाँडा र सातदोबाटो)
- सार्वजनिक संरचना (वडाकार्यालय) निर्माण कार्यक्रम

### ७.३.४ विद्युत तथा वैकल्पिक उर्जा

**क) विद्यमान अवस्था, संभावना र अवसर**

यस नगरपालिकामा करीब ८८.२ प्रतिशत घरहरूमा बिद्युत सेवा उपलव्ध रहेको, ९.८ प्रतिशत घरधुरीमा सौर्य उर्जाको उपयोग भइरहेको र ४.९ प्रतिशत घरधुरीमा वायोग्यास तथा २५.६ प्रतिशत घरधुरीमा एल.पी.ग्यासको उपयोग भइरहेको अवस्था छ । करिब २० प्रतिशत घरधुरीमा मात्र धुवाँरहित चुल्हो जडान भएको अवस्था छ । खाना पकाउने इन्धनको उपयोगको आधारमा यस नगरपालिकामा ६२४९ घरधुरीमा अर्थात करिब ६६ प्रतिशत दाउराको प्रयोग भइरहेको छ भने करीव १४ घरधुरीले अझै पनि मट्टितेलको प्रयोग गरिरहेको अवस्था छ । नगरपालिकाको वैकल्पिक उर्जा योजना अनुसार ५९.९ वायोग्यास, ९.९३ विद्युत, २६.८३ प्रतिशत एल.पि.ग्याँस तथा दाउरा प्रयोगलाई ३.३४ प्रतिशतमा झार्न सकिने सम्भावना रहेको छ ।

**ख) समस्या र चुनौति**

यस नगरपालिकामा विद्युत सेवा पुग्न वांकी घरधुरीहरूमा बिद्युत वा अन्य वैकल्पिक उर्जा (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) जस्ता सुविधाको विस्तार पूर्ण रुपमा हुन सकिरहेको अवस्था छैन । विद्युतको वितरण प्रणाली व्यवस्थित हुन नसक्दा, भएका स्थानमा पनि काठका जीर्ण पोल आदीका कारण जोखिम वढ्दो छ भने भोल्टेजका कमीका कारण उद्योग व्यवसाय संचालन हुन असहजता वढिरहेको छ । करिव ६६ प्रतिशत घरधुरीले खाना पकाउने इन्धनको रुपमा दाउरा प्रयोग गरिरहेको तर सुधारिएको चुलोको प्रयोगमा कमीले ग्रामीण बस्तीहरूमा स्वास प्रस्वास रोगको जोखिमा रहेको देखिन्छ । यसै गरी सार्वजनिक स्थल एवं महत्वपूर्ण सडकहरूमा सडकबत्तीको व्यवस्था प्रयाप्त हुन सकेको छैन ।

**ग) उद्देश्य**

उज्यालोयुक्त, धुँवामुक्त पालुङटार भएको हुने ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| विद्युत सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९५ | १०० | १०० | ७.१.१ |
| सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | ९३० | ११०० | १३०० | ७.२.१ |
| सुधारिएको उर्जा (एलपि) प्रयोग गर्ने घरधुरी | संख्या | २४२५ | ३४०० | ५००० | ७.१.१ |
| गोबर ग्याँस प्रयोग गर्ने घरपरिवार | संख्या | ४६१ | ५५० | ६५० | ७.१.१ |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २९८१ | ४५०० | ५५०० | ७.१.१ |

### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐन अनुसार नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत जल बिद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- विद्युत नपुगेका घरधुरीहरूमा बिद्युत वा सौर्य उर्जा सहित अन्य वैकल्पिक उर्जाको प्रर्वद्धन गर्ने,
- लघु जलविद्युत उत्पादन गर्न पूर्व संभाव्यता अध्ययन गर्ने
- सुधारिएको उर्जा तथा धुवाँ रहित चुलो प्रयोग गर्न प्रोत्साहन गर्ने,

### च) प्रमुख कार्यक्रम

- बिद्युतिकरण तथा वैकल्पिक उर्जा प्रर्वद्धन कार्यक्रम
- लघु जलविद्युत उत्पादन गर्न पूर्व संभाव्यता अध्ययन
- वायोग्यास प्रर्वद्धनका लागि अनुदान कार्यक्रम
- सडक सौर्यबत्ति कार्यक्रम
- नगरपालिका उज्यालो कार्यक्रम

## ७.३.५ सूचना तथा संचार प्रविधि

### क) विद्यमान अवस्था, संभावना र अवसर

पालुङटार नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्नका लागि ICT योजना तथा MIS योजना तयार भएको छ । नगरपालिकामा टेलिकम सेवाका PSTN टेलिफोन लाइन तथा मोबाइल टावर मार्फत टेलिफोन, इन्टरनेट तथा मोबाइल सेवा उपलब्ध भइरहेको अवस्था छ। मोबाइल फोन प्रयोग गर्ने जनसंख्या करीब ७८ प्रतिशत रहेका छन्। नगर क्षेत्रभित्र ५१५३ अर्थात कूल घरधुरीसंख्याको करिब ५५ प्रतिशत घरधुरीले टेलिभिजन सेवा उपभोग गरिरहेको छ। कूल घरधुरी मध्ये ३३६ घरधुरी अर्थात ३.६ प्रतिशत घरधुरीमा कम्प्युटर सुविधा रहेको छ भने ३०३ घरधुरी अर्थात ३.२ प्रतिशत घरधुरीले इन्टरनेट सुविधाउपभोग गरिरहेको अवस्था छ। यस नगरपालिकाको प्रशासकीय भवन र वडा कार्यालयहरूमा इन्टरनेट सुविधा सहित सिसिटिभि लगायत अन्य संचार प्रविधि भित्रिएको अवस्था छ। नगरपालिका कार्यालयमा डिजिटल नागरिक बडापत्र मार्फत सूचनाहरू उपलब्ध गराइएको छ। त्यसैगरी नगर क्षेत्रमा सूचना प्रवाह गर्ने एउटा पालुङटार एफ.एम समेत रहेको छ।

### ख) समस्या र चुनौति

नगरलाई स्मार्ट सिटीको रुपमा विकास गर्ने प्रकया अघि बढेपनि नगरबासीमा पूर्ण रुपले ICT सम्बन्धि अभिमुखिकरण भएको छैन । मोबाइल फोनको पहुँच तथा उपलव्ध सेवामा गुणस्तर वृद्धि हुन सकिरहेको छैन । वडा नं १ मा इन्टरनेटको सुविधा उपलब्ध हुन सकेको छैन। नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरूमा इन्टरनेट सुविधा भएतापनि सर्वसाधारणको लागि गुणस्तरीय इन्टरनेट सुविधा उपलव्ध छैन। वेभसाइट, मोबाइल एप्स, फेसबुक, ट्विटर मार्फत सूचना सम्प्रेषण भएतापनि सवैमा यसको पहुँच पुग्न सकेको देखिदैन।

### ग) उद्देश्य

सबै नगरबासीमा सुचना तथा संचारको पहुँच पुगेको हुने ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| कम्प्युटर / टेलिजिन उपलब्ध परिवार | प्रतिशत | ७५ | ९५ | १०० | |
| इन्टरनेट सेवा प्रयोग गर्ने परिवार | प्रतिशत | ३५ | ५५ | ७५ | १७.८.१ |
| टेलिफोन मोवाइल सुविधा पुगेका परिवार | प्रतिशत | ८० | ९० | ९५ | ९.ग.१ |
| स्थानिय स्तरमा भएका प्रकाशन र प्रसारण | संख्या | २ | १० | १५ | |
| इन्टरनेट संचालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | संख्या | ३५ | ५० | ८० | ४.क.२ |
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने घरधुर | संख्या | ८१ | २०० | ५०० | १७.८.१ |

### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत सूचना प्रविध तथा संचार क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- यान्त्रिक उपकरण भएका नेटवर्क टावरमा गुणस्तर बृद्धि गरी बडा स्तरको सेवा प्रदायक संस्थाहरूमा इन्टरनेट सुबिधाको व्यवस्था गरिनेछ,
- एफ.एम.टेलिभिजन तथा पत्रपत्रिका प्रकाशनका लागि प्रोत्साहन गरी स्थानीय संचार माध्यमको प्रर्वद्धन गरिनेछ,
- स्थानीय टेलिभिजन संचालन गर्ने उपयुक्त वातावरण सृजना गरी प्रभावकारी संचार माध्यमको विकास गरिनेछ,
- स्थानीय क्षेत्रमा ईन्टरनेटको व्यवस्था गरी सूचना प्रविधिमाथी नागरिकहरको पहुच वृद्धि गरिनेछ,
- नगरका सवै बजार क्षेत्रहरूमा CC TV जडान निगरानी क्षमता अभिबृद्धि गरिनेछ ।

### च) प्रमुख कार्यक्रम

- संचार क्षेत्र प्रवर्धन एवम प्रोत्साहन कार्यक्रम
- ईन्टरनेट व्यवस्था कार्यक्रम
- CC TV जडान तथा व्यवस्थापन कार्यक्रम
- नगर विकास बुलेटिन प्रकाशन र गतिविधि प्रशारण
- सूचना प्रविधि केन्द्र संचालन

### ७.४ प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा पूर्वाधार क्षेत्र विकासका लागि कूल ४ अर्ब ४८ करोड २९ लाख लागत अनुमान गरिएको छ जुन कुल लागत अनुमानको ५८.६८ प्रतिशत हो । जस अन्तर्गत सडक तथा यातायात पूर्वाधार तर्फ ३ अर्व ५४ करोड, सिचाइ पूर्वाधार तर्फ ३६ करोड ७० लाख, आवास तथा वस्ती विकास तर्फ २९ करोड ५० लाख, बिद्युत तथा वैकल्पिक उर्जा तर्फ १९ करोड र सूचना संचार प्रविधि विकास तर्फ ९ करोड हाराहारीमा खर्च हुने अनुमान गरिएको छ ।

## परिच्छेद–आठ वन, वातावरण तथा विपद व्यवस्थापन

### ८.१ विषय प्रवेश

नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रदान गरेको छ त्यसै गरी भाग ४ धारा ५१(६) माप्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान रहेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । नेपालको संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ ।

यसका अतिरिक्त देशले स्वीकार गरेको दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरू समेत हासिल गर्न तीनै तहका सरकारहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ । यस योजनामा नगरपालिकाले उल्लेखित क्षेत्रहरूमा बिद्यमान संभावना तथा अवसर र समस्या तथा चुनौतीको पृष्ठभूमिमा क्षेत्रगत उद्देश्य, रणनीतिक तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यो योजना तर्जुमा गरिएको छ ।

### ८.२ वर्तमान अवस्था

वन अनुसन्धान तथा सर्वेक्षण विभागको २०७३/७४ को तथ्याङ्क अनुसार कुल नगर क्षेत्रफलको ७.९ वर्ग कि.मि. अर्थात ४३२० हेक्टर वन क्षेत्र रहेको छ जसमा ४० कबुलियती वन, ७१ सामुदायिक वन रहेको छ । जैविक विविधतायुक्त वन क्षेत्रमा पाखानभेद, पानी अमला, कुरीलो, गुराँस, अमला, हरी, बरी, काउलो, बोझो, ऐंसेलु, सल्लाको खोटो, घोरताप्रे जस्ता जडिबुटि पाइन्छन । वन क्षेत्रमा बाँदर, मृग, सालक, खरायो, मयुर जस्ता वन्यजन्तुहरू पाइन्छन । वन सम्पदा तथा वन्यजन्तुको उचित संरक्षण, सर्म्वद्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रुपमा विकास गर्न सकिने संभावना प्रचूर रहेको छ । विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिमलगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन । वि.सं २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घरहरू निर्माण भइरहेको हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले सोभन्दा अगाडिको तुलनामा सुरक्षित अवस्थाको आँकलन गर्न सकिन्छ ।

### ८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

आवधिक योजनाको लक्ष्य हासिल गर्न वन, वातावरण तथा बिवद व्यवस्थापन क्षेत्रको लागि – <u>वन तथा जैविक विविधताको संरक्षण गर्दै भू जलाधार तथा विपद् व्यवस्थापन सहित हरियाली नगर निर्माण गर्ने</u>वृहत उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

**तालिका ६: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधार रेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ४३.५२ | ४४ | ४५ | १५.१.१ |
| संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | ४३२० | ४३५० | ४४०० | १५.१.१ |
| संरक्षित तथा चरन क्षेत्र | हेक्टर | ०.०८ | ०.०९ | ०.१५ | |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | १४ | ७ | ३ | ११.५.२ |
| उत्पादित काठ | क्यूफिट | | | | १२.२.२ |
| उत्पादित दाउरा | क्विन्टल | | | | १२.२.२ |
| उत्पादित गैह्रकाष्ठ वन पैदावर | केजी | | | | |
| वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | १ | ३ | ५ | |
| हरित आय कार्यक्रमबाट लाभन्वित विपन्न परिवार | प्रतिशत | ० | ५ | १० | |

### ८.३.१ वन तथा जैविक विविधता

#### क) विद्यमान अवस्था, संभावना र अवसर

जैविक विविधताले भरिपूर्ण यस नगरपालिका भित्र रहेको ४३.५२ प्रतिशत वन क्षेत्र अन्तर्गत ४० कवुलियती वन, ७१ सामुदायिक वन रहेका छन् भने वनको केही हिसा निजि वनले ओगटेको छ । पाखानभेद, पानी अमला, कुरीलो, गुराँस, अमला, हरों, बरों, काउलो, बोझो, ऐंसेलु, सल्लाको खोटो, घोरताप्रे जस्ता जडिबुटि पाइन्छन । वन क्षेत्रमा बाँदर, मृग, सालक, खरायो, मयुर जस्ता वन्यजन्तुहरू पाइन्छन । वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, सर्म्वद्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रुपमा विकास गर्न सकिने प्रचूर संभावना रहेको छ । त्यस्तै, गाईखुरको ठूलो पाखालाईजैविक विविधता क्षेत्र स्थापना गर्न सकिने सम्भावन पनि उत्तिकै रहेको छ ।

#### ख) समस्या र चुनौति

जथाभावी वन फडानी, वन नर्सरीको अभाव, खुल्ला चरिचरण, जडिबुटि र अन्य वन पैदावार पहिचान र संरक्षण हुन नसक्नु, सामुदायिक तथा कवुलियती वन व्यवस्थापन कार्ययोजनाको अभाव, जडिबुटीहरूको उचित व्यवस्थापनका लागि सिपमूलक तालिम एवम् दक्ष जनशक्तिको कमी, जडिबुटीहरूको उत्पादन, बजार व्यवस्थापन सम्बन्धी अध्ययनको कमी, जैविक विविधता सम्बन्धी अभिलेखन हुन नसक्नु, मिचाहा प्रजातिका बनस्पतीहरूको व्यवस्थापन योजनाको कमी, वन्य जन्तुबाट बालिनाली र घरपालुवा चौपायाको क्षती, वन वातावरणसंग सम्बन्धी प्राविधिक जनसक्ति र प्राविधिक सेवा उपल्वध हुन नसक्नु,सामुदायिक वन क्षेत्रमा प्राकृतिक प्रकोप जन्य समस्याहरू रहनु, स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन नियम कार्यविधि नहुनु जस्ता समस्याहरू रहेको छ ।

#### ग) उद्देश्य

वन तथा जैविक विविधतातको संवर्धन, संरक्षण, सदुपयोग गरी वैज्ञानिक व्यवस्थापन गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| वनको संचिती दर (मि³/हेक्टर) | प्रतिशत | | | | १५.१.१ |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | | | १५.१.१ |
| व्यवस्थित कबुलियती वन क्षेत्र | हेक्टर | ३९३६.९३ | ४२५० | ४५०० | १५.१.१ |
| सामुदायिक वन क्षेत्र | हेक्टर | ११२.४ | | | १५.१.१ |
| सरकारद्धारा व्यवस्थित वन क्षेत्र | हेक्टर | | | | १५.१.१ |
| निजी वन क्षेत्र | हेक्टर | १३ | १८ | २० | १५.१.१ |
| वृक्षारोपण क्षेत्र | हेक्टर | | | | १५.२.१ |
| आयमूलक कार्य संचालित वन क्षेत्र | हेक्टर | ० | २ | ५ | १५.१.१ |
| जैविक विविधता युक्त क्षेत्र | हेक्टर | | | | १५.१.१ |
| गैरकाष्ठ वन पैदावारहरूको व्यवसायिक खेती गरिएको अद्यावधिक क्षेत्रफल | हेक्टर | | | | |

### ङ) रणनीति

- नगर स्तरीय वन नर्सरी स्थापना गरी आवश्यक वृक्षहरूको उत्पादन गर्ने व्यवस्था मिलाउने,
- वन व्यवस्थापन ऐन नियम बनाई वन व्यवस्थापन गरी हरियाली बढाउने,
- जडिबुटि तथा अन्य वन सम्पदाको उत्पादन, संकलन, प्रशोधन जस्ता कार्यलाई व्यवसायिक रुपमा प्रर्वद्धन गर्ने,
- सामुदायिक र कवुलियती वनको वैज्ञानिक व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- जैविक बिबिधता र वन सम्पदाको अभिलेखि तयार गरी संरक्षण योजना तर्जुमा गरी लागु गर्ने
- वृक्षारोपण गर्न नगरवासीलाई प्रोत्साहन गर्ने
- प्रविधि मैत्री आधुनिक चुलो प्रयोगमा प्रोत्साहन गर्ने

### च) प्रमुख कार्यक्रम

- वहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन
- वैज्ञानिक वन व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि वन समुहको क्षमता अभिबृद्धि कार्यक्रम
- जडिबुटि संकलन, प्रशोधन र बजार व्यवस्थापनका सम्बन्धी क्षमता विकास कार्यक्रम
- प्रविधि मैत्री आधुनिक चुलो प्रर्वधन कार्यक्रम
- वन, वातावरण र हरियाली प्रवर्धन सचेतनामुलक कार्यक्रम
- वृक्षारोपण विस्तार तथा हरियाली प्रवर्धन कार्यक्रम
- नदी, नहर किनारा तथा सडक दायावायाँ वृक्षारोपण कार्यक्रम

## ८.३.२ भूमी तथा जलाधार व्यवस्थापन

### क) विद्यमान अवस्था, संभावना र अवसर

वर्षैभरि पानी बहने चेपे, दरौदी र मर्स्याङ्दी जस्ता ठूला नदी नै पालुङटार नगरपालिकाको प्रमुख जलाधार क्षेत्र रहेको छ। जुन छिमेकी जिल्ला लम्जुङ्ग र तनहूँ को साझेदार नदी पनि हो। त्यसैगरी पालिका भित्र रहेका वडरे, बोरे, भुसुन्डे, बुढी, क्षेदी, खार, मृद्धि लगायतका खोला, वोहोरे खोला जलाधार क्षेत्रको रुपमा रहेका छन्। ताल पोखरी, ठाँटी पोखरी, तातोपानीलगायतका पोखरीहरूको समुचित संरक्षण गर्नु आवश्यक छ।नगरपालकामा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ।

### ख) समस्या र चुनौति

अवैज्ञानिक तरिकाले प्राकृतिक श्रोतको दोहन, जथाभावी नदीजन्य पदार्थ उत्खनन, जथाभावी सडक निर्माण, जोखिम युक्त वस्तीमा आवश्यक तटबन्धन नहुनु, वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जसका कारण अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खाक्षेत्रको विस्तार जस्ता समस्या एवं चुनौतीको रुपमा रहेको छ ।

### ग) उद्देश्य

भू संरक्षण गर्न वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| संरक्षित पानी मुहान क्षेत्रफल | प्रतिशत | १.८७ | २ | ३ | ६.५.१ |
| संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | ९५०२ | ११००२ | १५००० | २.४.१ |
| पुनर्स्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल | हेक्टर | | | | २.४.१ |
| नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | हेक्टर | | | | २.४.१ |
| नदी नियन्त्रण लम्बाई | किमी | १.५ | ३ | ५ | २.४.१ |
| स्पर तथा बाँध, चेकड्याम | किमी | ० | १ | २ | २.४.१ |
| उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | संख्या | | ५ | ७ | २.४.१ |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील घर संख्या | संख्या | ९९८ | ३९८ | ९८ | २.४.१ |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | हेक्टर | | | | ६.६.१ |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | ० | १० | २५ | १५.३.१ |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | रोपनी | ४३.५ | ४५ | ७५ | १५.१.२ |

### ङ) रणनीति

- सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्यांकन गरि वातावरण जोगाउने उचित उपाय अवलम्बन गर्ने ।
- वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने
- पूर्वसूचना प्रणाली स्थापना गर्ने
- जलाधार क्षेत्र संरक्षणका लागि रिचार्ज पोखरी निर्माण गर्ने
- सिमसार क्षेत्रको संरक्षण गर्ने
- जथाभावी पूर्वाधार विकास (बाटो) नियन्त्रण गर्ने
- भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग गर्ने
- अनाबृष्टी, अतिबृष्टी, अल्पबृष्टी रोक्न सूचना दिने संयंत्र स्थापना गर्ने ।
- पानी संकलन पोखरीहरू निर्माण गर्ने
- कुलो कुलोसोहरू नाली दायाँबायाँ बृक्षरोपण गर्ने
- जंगल भित्र ठाउँ ठाँउमा पोखरी निर्माण गर्ने ।
- सिमसार क्षेत्रको उचित संरक्षण गर्ने
- समुह परिचालन तथा अभिमुखिकरण कार्य गर्ने ।
- भएका मुहान संरक्षण तथा स्थानीय बाली संरक्षण कार्यक्रमहरू संचालन गर्ने ।

## च) प्रमुख कार्यक्रम

- भू तथा जलाधार क्षेत्र नक्सांकन कार्यक्रम
- नदि नियन्त्रण कार्यक्रम
- भू संरक्षण  सम्बन्धी सचेतना तथा पूर्व सूचना प्रणली प्रर्वद्धन कार्यक्रम
- पूर्व सुचना प्रणाली प्रर्वद्धन कार्यक्रम
- अग्लो डाँडा/भू भागमा रिचार्ज पोखरी निर्माण

## ८.३.३ वातावरण तथा स्वच्छता

### क) विद्यमान अवस्था, संभावना र अवसर

हरित नगर विकास कार्यक्रम लागू भएका सात नगरपालिकामा मध्ये पालङ्टार नगरपालिका पनि एक हो । जसका लागि ग्लाबेल ग्रिन ग्रोथ इन्स्टिटयूटले हरित नगर विकासका लागि पालङ्टार नगरपालिकाको अवस्था विश्लेषण समेत गरेको छ । नगरपालिकाका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रुपमा वा हरियाली क्षेत्रको रहेको, केही बजार केन्द्र बाहेक अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ । फोहरमैला व्यवस्थापनका लागि छाया नेपालले प्राविधिक सहयोग गरिरहेको छ भने वडा नं. ३ र ४ को सिमानामा पर्ने गिद्धे खोलामा फोहर व्यस्थापन केन्द्र निर्माणको अन्तिम चरणमा पुगेकाले नगरको वातावरण तथा स्वच्छतामा थप टेवा पुग्ने देखिन्छ ।

### ख) समस्या र चुनौति

नगरपालिकाका ३,४ र ५ नं. वडा क्षेत्रहरू बजार केन्द्रका रुपमा विकास भइरहेको हुंदा ती क्षेत्रमा सिसा र प्लाष्टिक जन्य फोहोर व्यस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । ६४ प्रतिशत कुहिने फोहर उत्पन्न भएता पनि स्रोतमा नै वर्गीकरण गर्ने परिपाटी नबसेकाले नगर क्षेत्रमा दैनिक करिब २.०१५ मे.ट. फोहरमैला उत्पन्न हुने गरेको छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको धुलो व्यवस्थापनमा समस्या, सरसफाई सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने प्रयाप्त कार्यक्रम नहनु मुख्य चुनौतीको रुपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोका कारणले हुने आगलागीका घटनाको जोखिम वढि, वातावरण प्रदुषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमि ल्याउन नसकिएको र बैकल्पिक उर्जा वा बायोमास, सौर्य उर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु तथा अव्यवस्थित साना इट्टाभटाले समेत वातावरण प्रदूषण गर्नु प्रमुख समस्या र चुनौतीको रुपमा रहेको छ ।

### ग) उद्देश्य

वातावरण संरक्षणको लागि वैकल्पिक उर्जाको प्रवर्धन गर्ने र फोहोरमैलाको व्यवस्थापन गर्दै स्वच्छता कायम गर्ने ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ४ | ५ | ६ | ११.७.१ |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ४ | ६ | ७ | ११.६.१ |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | १०८८ | २५८८ | ३५८८ | ११.६.१ |
| निष्काशित फोहोरमैलाको औषत परिमाण (दैनिक) | मे.टन | २.०१५ | १.५ | १ | ११.६.१ |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | संख्या | ६४५७ | ४००० | २५०० | १२.२.१ |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | संख्या | ३०२७ | ७००० | ८८१७ | ११.६.१ |
| घरभित्रको धुवाँमुक्त घरधुरी | संख्या | २९८१ | १९८१ | ९८१ | ७.२.१ |

**ङ) रणनीति**

- हरियाली क्षेत्र विस्तार गर्ने
- बजार क्षेत्रबाट निस्कने कुहिने फोहर मलको रुपमा प्रयोग, नकुहिने पुनः प्रयोग गर्न सकिने फोहरबारे घरघरमा र व्यक्ति व्यक्तिमा जनचेतना जगाउने कार्यक्रम सहित फोहर व्यववस्थापन गर्ने
- वातावरण स्वच्छताका लागि सरसफाई अभियान संचालन गर्ने
- जलवायु परिवर्तन अनुकुलन योजना निर्माण गर्ने
- सामुदायिक वन समूह परिचालन गर्ने
- एक घर एक सुधारिएको चूलो अभियान संचालन गर्ने ।
- गोवर ग्याँस तथा वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने ।
- अति आवश्यक सार्वजनिक स्थान तथा बजार क्षेत्रमा सार्वजनिक शौचालय निमार्ण गर्ने
- बजार क्षेत्रका सडकहरूमा Greenbeltबनाउनु पर्ने
- वातावरण मैत्री दाहसंस्कार घाट व्यवस्थापन गर्नुपर्ने

**च) प्रमुख कार्यक्रम**

- समुदायमा आधारित वडा तथा टोल सरसफाई कार्यक्रम
- फोहोर वर्गीकरण तथा व्यवस्थापन कार्यक्रम
- फोहोर व्यवस्थापन ल्याण्डफिल साइट डिपिआर तयारी, निर्माण र संचालन
- फोहोर संकलन र व्यवस्थापनका लागी सवारी साधन खरीद
- वातावरणमैत्री स्थानीय शासन कार्यक्रम
- ग्रिन पार्क निर्माण तथा संचालन
- सार्वजनिक शौचालय निर्माण कार्यक्रम
- प्लाष्टिजन्य पदार्थहरुको प्रयोगमा नियन्त्रण गर्न ऐन नियम निर्माण
- एक घर एक सुधारिएको चुलो अभियान संचालन गर्ने
- धुँवाबाट स्वास्थमा असरपर्ने बारे जनचेतना जगाउने सामुदायिक वन समूह परिचालन कार्यक्रम
- वातावरण मैत्री दाहसंस्कार घाट निर्माण तथा व्यवस्थापन

### ८.३.४ विपद व्यवस्थापन

**क) विद्यमान अवस्था, संभावना र अवसर**

नगरस्तरीय विपद् जोखिम व्यवस्थापनका समिति क्रियाशील रहेको अवस्था छ भने आपतकालिन कोषको स्थापनाबाट नगरपालिका विपद जोखिमको पूर्व तयारी र राहत उद्धारका लागि तयारी अवस्थामा रहेको देखिन्छ । नगरपालिकाले उच्च र मध्यम जोखिम क्षेत्रहरू पहिचान गरी विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् भने हालका दिनमा भुकम्प प्रतिरोधी भवनहरू पनि तिव्र निर्माण हुन थालेको छ । नगरमा आपतकालिन स्वास्थ्य सेवा उपलब्ध गर्ने ७ वटा एम्बुलेन्सहरू रहेको छ । प्राथमिक उपचारका लागिमेडिकल अधिकृत सहितको आपतकालिन उद्धार समिति समेत उपलब्ध छ । नगरपालिकाले विपद् व्यवस्थापनका लागि कानून समेत तर्जुमा गरी विपद पछिको नगद तथा वस्तुगत राहतको व्यवस्था समेत रहनु सवल पक्ष मानिएको छ ।

**ख) समस्या र चुनौति**

भमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ । विभिन्न स्थानमा नाङ्गा डाँडाहरू रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ। विपद्

पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । यसै गरी आपतकालिन सेवाका दमकल तथा रक्त संचार सेवाको व्यवस्था नहुनु, विपद आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम उपकरणहरूको व्यवस्था सहज नहुनु, नगरमा शव वाहन सेवा नहुनु, बिपद पुर्व सूचना प्रणलीको अभाव, सडक सुरक्षा सचेतना केन्द्र नहुनु जस्ता समस्या तथा चुनौतिहरू रहेका छन ।

### ग) उद्देश्य

विपद् जोखिम तथा क्षती न्यूनीकरण भई सूरक्षित नगरको निर्माण हुनेछ ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र घरधुरी | संख्या | २७२३ | ४००० | ५००० | ११.१.१ |
| वस्ती अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | संख्या | ५९३ | २९३ | १०० | |
| विपदबाट क्षती भएको घरधुरी (भुकम्प) | संख्या | ३६२२ | ५०० | ० | ११.५.२ |
| विपदबाट क्षती भएको घरधुरी (बाढी पैरो र आगलागी जन्य) | संख्या | ११८६ | ८०० | ३०० | ११.५.२ |
| खुल्ला क्षेत्र र स्थान भएको घरधुरी | संख्या | ५१३८ | ६००० | ७००० | ११.१.१ |
| तालिम प्राप्त स्वयंसेवक | जना | ५६६ | ७०० | ८५० | १३.१.२ |
| विपद् व्यवस्थापन स्थानीय कोष (हजार) | रु. | ३००० | ५००० | १०००० | |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरू | संख्या | १२ | १४ | १५ | |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | संख्या | २ | ४ | ५ | १३.१.२ |

### ङ) रणनीति

- बहुविपद् प्रतिरोधी घर तथा संरचना निर्माणका लागि स्पष्ट नीतिगत व्यवस्था गर्ने
- प्राकृतिक विपद जोखीम क्षेत्रको नक्सांकन गर्ने कार्यविधि तयार गर्ने
- विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने
- भू उपयोग तथा एकीकृत बस्ती विकास योजना कार्यान्वयनमा ल्याउने
- विपद व्यवस्थापन सम्बन्धी छुट्टै योजना र कार्यक्रम कार्यान्वयन गर्ने
- सडक आयोजना वा प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्यांकन कायक्रम
- राहत सामग्रीको पर्याप्त भण्डारण गर्न सम्बन्धित संघ संस्थाहरूसँग सहकार्य गर्ने
- वृक्षारोपण, वायो-ईन्जिनियरीङ्गको कार्यक्रम गरी कार्यान्वयन गर्ने
- विपद जोखीमको पूर्वसूचना दिने प्रणालीको व्यवस्था गर्ने

### च) प्रमुख कार्यक्रम

- विपद् व्यवस्थापन समिति क्षमता अभिबृद्धि कार्यक्रम
- आपत्कालीन आश्रयस्थल निर्माण
- विपद पूर्व तयारी कार्यक्रम
- नगरस्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना
- वडामा विपद् व्यस्थापन समिति गठन
- सामुदायिक विपद रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम

- दमकल व्यवस्थापन कार्यक्रम
- आपत्कालीन उद्दार सामग्रीहरु व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम
- रक्त संकलन केन्द्र स्थापना र संचालन
- सडक सुरक्षा सचेतना केन्द्र स्थापना गर्ने

## ८.४ प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा वन, वातावरण र विपद व्यवस्थापन क्षेत्रका लागि २९ करोड २० लाख खर्च हुने अनुमान गरिएको जुन कूल अनुमानको ३.८३ प्रतिशत रहेको छ । यस अन्तर्गत वन तथा जैविक विविधता संरक्षण तर्फ १४ करोड २० लाख, जलाधार तथा भूसंरक्षण तर्फ ४ करोड ३० लाख, वातावरण तथा स्वच्छता तर्फ ६७ करोड र विपद व्यवस्थापन तर्फ ३८ करोड खर्च हुने अनुमान गरिएको छ ।

# परिच्छेद–नौ सुशासन तथा संस्थागत विकास

## ९.१ विषय प्रवेश

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरूले बिधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सवै काम तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । आवधिक विकास योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

## ९.२ विद्यमान अवस्था

राज्यको पुनःसंरचनाअधिको तत्कालिन चार गा.वि.स र पुनःसंरचना पश्चात्कोतीन गा.वि.स मिलेर बनेको पालङ्टार नगरपालिका संस्थागत तथा संरचनागत रुपमा हरियाली नगर एवं स्मार्ट सिटीका लागि विकसित हुँदै गएको छ । नगरसभा सहितको नगर कार्यपालिकाको प्रशासकीय भवन निर्माण अन्तिम चरणमा पुगेको, कार्य सम्पादनलाई सूचना प्रविधिसंग आवद्धता, जनशक्तिलाई सूचना प्रविधिमा अभ्यस्ता बनाउने लगायत काम सम्पन्न गरिसकेको भएतापनि परिवर्तित सन्दर्भमा नगरपालिकाको संगठन संरचना तथा आवश्यक जनशक्तिको खाका निर्माण, आवश्यक बिज्ञ जनशक्तिको व्यवस्थापन, आन्तरिकस्रोतको एथेष्ट पहिचान तथा परिचालन जस्ता समस्याहरू अझै रहेको देखिन्छ । सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना र जनशक्तिको व्यवस्था र प्रविधिको उपयोगमा तत्काल कार्यन्वयनकारी भूमिका निर्वाह गरिनु आवश्यक देखिएको छ ।

## ९.३ सुशासन तथा संस्थागत क्षेत्र विकासको उद्देश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

प्रथम आवधिक योजना अन्तर्गत सुशासन तथा संस्थागत विकास क्षेत्रका लागि –बिधि र प्रक्रियाको स्थापना र विकास गर्दै नगरपालिका तथा अन्य सरोकारवाला निकायहरूको कार्य सम्पादनको गुणस्तर, जवाफदेहीता र पारदर्शिता अभिवृद्धि भएको हुने उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्य प्राप्तीका लागि लक्ष/परिमाण सूचकहरू देहाय अनुसार हासील हुने अपेक्षा गरिएको छ ।

**तालिका ७: सुशासन तथा संस्थागत विकासको उद्देश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष परिमाण)**

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | (आ.व. ०७५/०७६ सम्मको अवस्था) | ०७९/०८० | ०८१/०८२ | |
| नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | ८० | ८५ | १६.६.२ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. | १८२१५ | ३४००० | ४५००० | १६.६.१ |
| सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न, पिछडिएको र लक्षित वर्ग (घरधुरी) | प्रतिशत | ४० | ८० | ९० | |
| नगरपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | २ | १० | १२ | |
| नगरपालिका क्रियाशिल तथा साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | १० | १२ | |

**प्रमुख रणनीतिहरू**

- सुशासन तथा संस्थागत क्षेत्र विकास अन्तर्गत सुशासन, ऐन निमय तर्जुमा तथा जवाफदेहिता, संस्थागत संरचना तथा मानव संसाधन विकास, श्रोत परिचानल र योजना व्यवस्थापन जस्ता संविधान प्रदत्त एकल

अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,

- सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धी (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत बिनियोजन भए नभएको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास गर्ने,
- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त सुशासन तथा संस्थागत विकास क्षेत्रसंग सम्बन्धित नमूना मापदण्ड मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतका सेवाहरू सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई यस अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

### ९.३.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता

#### क) विद्यमान अवस्था, संभावना र अवसर

पालङुटार नगरपालिकाको नगरसभाले सार्वजनिक सेवा प्रवाहलाई चुस्त वनाउनको लागि बिबिध बिषय वा क्षेत्रका गरी २५ वटा ऐन तथा कानून तर्जुमा गरी कार्यान्वयमा ल्याइसकेको छ भने बिषयगत समितिलाई क्रियाशील बनाएको छ । पारदर्शिताको लागि प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्र तथा नगर कार्यपालिका भवनमा डिजिटल नोटिस बोर्डको शुरुवात भएको । योजना अनुगमन तथा मूल्यांकन समिति समावेशी बनाएको छ । पारदर्शिताको लागि चौमासिक रुपमा सार्वजनिक सुनुवाइ हुने गरेको छ भने मासिक रुपमा आय व्ययका विवरण सार्वजनिक गर्ने गरिएबाट नगरपालिकाले सुशासन कायम गर्ने तर्फ क्रमशः अग्रसर रहेको संकेत पाइन्छ । नगरपालिकाको लागि प्रवक्ता तोकिएको तथा गुनासो सुन्ने व्यवस्था समेत रहेको छ । सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

#### ख) समस्या र चुनौति

यस नगरपालिकालाई पारदर्शी, जवाफदेहि, नतिजामुलक, एवं विधिसम्मत ढंगबाट सञ्चालन गर्न आवश्यक पर्ने पदाधिकारीहरू र कर्मचारीहरूको आचारसंहिता, पदाधिकारीहरूको सम्पत्ती सार्वजनिक गर्ने कार्यविधि तयार पारिएको छैन । यसै गरी नगर सरकारको लागि आवश्यक ऐन, नियम तथा कार्यविधिहरू बनाउदा स्थानीय परिवेस बमोजिम बनाउन नसकिएको, सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी एवं व्यवस्थित बनाउन नसकिएको, उपभोक्ता समितिमा सार्वजनिक परिक्षण सम्वन्धी ज्ञान सिपको कमी एवं सामाजिक जवाफदेहिता, पारदर्शिता तथा उत्तरदायित्व सम्वन्धी कार्यविधि तथा प्रभावकारी अभ्यासको कमी प्रमुख समस्याको रुपमा रहेको छ । विद्यालय, स्वास्थ्य संस्था, पशु शाखाहरूमा नागरिक वडापत्र रहे पनि व्यवस्थित नरहेको, सबै वडा तथा सेवा प्रदान गर्ने स्थानमा उजुरी पेटिका नभएको, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यक्रम नियमित रुपमा संचालन हुन सकिरहेका छैनन । अधिकांश कार्यक्रमहरू नगरको नीति अनुसार सञ्चालन भएता पनि विषय शिर्षक अन्तर्गत त्यसको समिक्षा भएको छैन । सहायता कक्ष तथा विषयगत समितिलाई बिषय वा क्षेत्रको जिम्मेवारी सहित नियमित वैठक संचालन गराई कार्यपालिकालाई बिषय वा क्षेत्रगत सुझाव पेश गर्ने व्यवस्था भएको देखिदैन ।

#### ग) उद्देश्य

स्थानीय ऐन कानून नीति नियमहरू सहभागितामूलक ढंगबाट निर्माण र कार्यान्वयन भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| नगरपालिकाले स्वीकृत गरेका नीति र कानून | संख्या | २५ | ४२ | ६५ | १६.१०२ |
| - ऐन | संख्या | ११ | १७ | २० | |
| - नियम तथा विनियम | संख्या | ० | १० | १५ | |
| - निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | १४ | २५ | ३० | |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र -विधयेक, आर्थिक, वातावरण, संस्थागत तथा क्षमता विकास, शुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | ९ | १३ | १५ | १६.६.१ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदि) | प्रकार | १ | ३ | ३ | १६.१०.२ |
| स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरू (संचार माध्यम, सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल, हेलो सरकार आदि) | प्रकार | ० | ५ | ७ | १६.१०.२ |
| नगरपालिका पेश भएका नीति, योजना तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख प्रतिशत | प्रतिशत | ० | ७५ | १०० | १६.६.२ |
| नगरपालिका पेश भएका नीति, योजना तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो अभिलेख | प्रतिशत | २५ | ८० | ९० | १६.६.२ |

### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत सुशासन, ऐन निमय तर्जुमा तथा जवाफदेहिता प्रर्वद्धन क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- सूचना प्रविधि तथा आम संचार माध्यमको अधिकतम परिचालन गरी अनलाईन प्रविधि मार्फत सेवा प्रवाहको पहुँच वृद्धि तथा विस्तार गर्न,
- विषयगत समिति तथा अन्य समितिहरूलाई प्रचलित कानून बमोजिमको कार्यक्षेत्र स्पष्ट गरी कार्य सम्पादनको स्तर सुधारको लागि क्षमता अभिबृद्धि गर्ने
- समाजमा व्याप्त लैगिक बिभेद, हिंसा जस्ता कुरितीहरूलाई न्युनिकरण गर्न लैगिक समानता तथा सामाजिक समावेशीकरणको निति तयार गरी लागु गर्ने
- स्मार्ट सिटी निर्माणका लागि ICT तथा MIS योजना क्रमश: कार्यन्वयन गर्ने

### च) प्रमुख कार्यक्रम

- पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम
- आम संचार प्रर्वद्धन कार्यक्रम
- लैगिक समानता र सामाजिक समावेसीकरण रणनीति तर्जुमा कार्यक्रम
- सामाजिक जवाफदेही र समावेशिकरण प्रवर्द्धन कार्यक्रम
- सूचना तथा सहायता कक्ष संचालन
- हेल्लो प्रमुख कार्यक्रम

## ९.३.२ संस्थागत संरचना तथा मानव संसाधन विकास

### क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिकाको संस्थागत संरचना अन्तर्गत प्रशासकीय भवन, बिभिन्न शाखा, उपशाखाहरूको संरचना तयार भएको छ । यसैगरी विषयगत समितिहरू गठन भई क्रियाशील रहेका छन् । नियमित रुपमा नगर सभा वसी नीति, कार्यक्रम र

बजेट स्विकृति, नगर कार्यपालिकाको नियमित बैठक, आन्तरिक लेखापरिक्षण, महालेखा लेखापरिक्षण, अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पादन हुँदै आईरहेको छ । विद्युतीय हाजिरी प्रणाली लागू गरिएको, नगरकार्यपालिकामा सि.सि.टि.क्यामेरा जडान गरिएको अवस्था छ । नगरपालिकामा सेवाप्रदायक निकाय मार्फत ईन्टरनेट सेवा जडान भएको एवं सबै आवश्यक कर्मचारीहरूलाई कम्प्युटर सम्बन्धि तालिम प्रदान गरिएको छ ।

### ख) समस्या र चुनौति

संघीय सरकारको मापदण्ड अनुसार नगरपालिकाको कार्यवोभ्क बिश्लेषणको आधारमा संगठन संरचना र जनशक्तिको खाका भएको अवस्था छैन र तदर्थ प्रणालीमा कार्यालय संचालन भइरहेको अवस्था छ । वडा कार्यालयहरूको व्यवस्थापन, दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु, रिक्त संख्या सहित दक्ष जनशक्तिको अपर्याप्तता, भौतिक पुर्वाधार तथा प्रविधिको अपर्याप्तता, कार्य विवरण सहित कर्मचारीहरूलाई जिम्मेवारी व्यवस्थापनको कमी, विषयगत समितिहरूको न्युन सक्रियता, अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधारको कमी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अभाव, जनप्रतिनिधीहरूसँग विषयगत ज्ञानको अपर्याप्तता प्रमुख चुनौतिको रुपमा रहेको छ ।

### ग) उद्देश्य

नगर कार्यपालिका कार्यालय र वडा कार्यालयहरूको संस्थागत क्षमता र कार्यदक्षतामा अभिबृद्धि हुनेछ ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | दिगो विकास लक्ष्य (दिविल) |
|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८१/०८२ | |
| नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | ९८ | १३० | १५० | १६.६ |
| नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | १० | ११ | ११ | |
| सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, महिला र बालबालिका, वातावरण, सरसफाई आदी) | संख्या | | | | |
| नगरपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई (वार्षिक) | संख्या | | | | |
| संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम ( नगरपालिका आफै) | पटक | | | | १६.६ |
| जवाफदेहिता, क्षमता विकास कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | वटा | २ | ४ | ६ | १६.६ |

### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत संस्थागत संरचना तथा मानव संसाधन विकास क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- कार्यवोभ्क बिश्लेषणको आधारमा संगठन संरचना र जनशक्ति व्यवस्थापनका लागि स्थानिय सेवा ऐन बनाई जनशक्तिको व्यवस्थापन गरी कार्यसम्पादनस्तरलाई चुस्त दुरुस्त राखिनेछ,
- वडा कार्यलयहरूको स्तरोन्नती गरी सेवा प्रवाहलाई सहज र सवैको पहुचमा पुऱ्याइनेछ,
- बिषयगत समिति लगायत अन्य समितिहरूको क्षमता विकाश गरी कार्यसम्पादनस्तर अभिबृद्धि गरिनेछ,
- गैर सरकारी संघ संस्था परिचालनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ,
- नगरबासीमा सेवा प्रवाहको सन्तुष्टि सर्वेक्षण गरि सेवा प्रवाहलाई थप प्रभावकारी र पहूँच वृद्धि गरिनेछ,
- बिषय बिज्ञहरू तथा अन्य कार्यमा सेवा प्रदायक Out Sourcing Model को सेवा परिचालन गरी कार्य सम्पादनस्तर सुधार गरिनेछ ।

### च) प्रमुख कार्यक्रम

- कार्यवोझ र संगठन संरचना सम्बन्धी अध्ययय कार्यक्रम
- साधन सम्पन्न वडा कार्यलय निर्माण कार्यक्रम
- न्यायिक समिति लगायत बिषयगत समितिहरूको क्षमता विकाश कार्यक्रम
- कर्मचारीको क्षमता अभिबृद्धि कार्यक्रम
- मानव संसाधन विकास कार्यक्रम
- जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम

## ९.३.३ वित्तीय श्रोत परिचालन

### क) विद्यमान अवस्था, संभावना र अवसर

नगरपालिकाको आ.व.२०७६।०७७ का लागि आन्तरिक आय तर्फ कर तथा गैरकर राजश्व गरी करीव १० करोड ५० लाख सहित कूल ६८ करोड ७ लाख ६१ हजारकाआय अनुमान स्विकृत भएको छ । आन्तरिक आय तर्फ दोश्रो चौमासिक अवधि सम्मको प्रगति बिश्लेषण गर्दा सो लक्ष्य पूरा हुने संभावना देखिन्छ । आन्तरिक श्रोतमा कर राजश्व भन्दा गैरकर राजश्वमाथीको निर्भरता वढि देखिन्छ । यसैगरी पर्यटन पूर्वाधार प्रर्वद्धन, खोला, पोखरी हाट बजार व्यवस्थापनआदी गर्न सकेको खण्डमा थप श्रोत परिचालन गर्न सकिने संभावना देखिन्छ । पर्ति ऐलानी र वांझो जमिनमा कवुलियती खेती, व्यवसायिक खेती संचालन गर्न सकेको खण्डमा थप श्रोत परिचालन हुन सक्ने देखिन्छ । नगरपालिकाले समयमै नगर सभाबाट बजेट स्विकृत गर्ने गरिएको र लेखा प्रणालीलाई कम्प्यूटराइज्ड गरिएको छ ।

### ख) समस्या र चुनौती

स्थानीय स्तरमा रहेको सम्पत्ति, व्यवसाय, अन्य राजश्व आधार सम्बन्धी तथ्यांकको अभाव, उत्पादन र क्षेत्रफलमा आधारित मालपोत प्रणालीको स्थानमा जमिन वा भौतिक संरचनाको व्यापारिक मूल्यको आधारमा लगाइने वैज्ञानिक सम्पत्तिकर प्रणाली पूर्ण रुपमा लागु हुन नसक्नु, राजश्व संकलनका साझा अधिकार क्षेत्रको विषयमा संघ तथा प्रदेशबाट संबिधान प्रदत्त व्यवहारको कमी, दोहोरो करको सम्भावना, राजस्व सुधार कार्ययोजना तर्जुमा हुन नसक्नु तथा कर सचेतना सम्बन्धी कार्यक्रमहरूको अभाव पर्यटन प्रबर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम भए पनि कार्यान्वयनमा कमी जस्ता प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

### ग) उद्देश्य

नगरपालिकाको आन्तरिक र बाह्य श्रोत परिचालनको अवस्थामा सुधार भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|
| | | (आ.व. ०७६/०७७ को अवस्था) | ०७९/०८० | ०८१ /०८२ |
| नगरपालिकाको बार्षिक आन्तरिक आय रकम | रु. | १०५००० | १८१४४० | २६१२७४ |
| संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम | रु. | १३१४५३ | १७४९६४ | २११७०६ |
| प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु. | १३१०० | १९९२३ | २६३४९ |
| समानिकरण (संघ) | रु. | १८३९०० | २७९६८९ | ३६९८८९ |
| शसर्त (संघ) | रु. | २३३२०० | ३५४६६८ | ४६९०४८ |
| प्रदेश समानिकरण | रु. | १२७०० | १९३१५ | २५५४४ |
| प्रदेश शसर्त | रु. | १०००० | १५२०९ | २०११४ |
| समुदायको लगानी तथा योगदान रकम (हजारमा) | रु. | १०००० | १३३१० | १६१०५ |
| अन्य अनुदान (हजारमा) | | १०००० | १५२०९ | २०११४ |
| नगरपालिकाको कूल बार्षिक बजेट (हजारमा) | रु. | **८१८१९१** | **१२६६११४** | **१६९५७५५** |

**ङ) रणनीति**

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आन्तरिक श्रोत परिचालन क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने,
- सार्वजनिक खर्चलाई आर्थिक सामाजिक पुँजी निर्माणको क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने
- विशेष तथा समपुरक अनुदानका लागि पूर्वाधार तयारी तथा पहल गर्ने
- अन्य बाह्य श्रोतको जूटाउने तथा ऋृण तथा अनुदानका कार्यक्रम तय गर्ने
- लगानीकर्तालाई आकर्षित गर्ने प्याकेज तयारी तथा कार्यान्वयन गर्ने

**च) प्रमुख कार्यक्रम**

- आन्तरिक आयको संभावना अध्ययन,प्रक्षेपणतथा राजस्व सुधार कार्ययोजना तर्जुमा
- कर सम्बन्धि जनचेतनामुलक अभियानउत्कृष्ट करदाता प्रोत्सहान कार्यक्रम
- बित्तीय जोखिम न्युनिकरण कार्ययोजना तर्जुमा कार्यक्रम
- राजस्व शाखा स्थापना र सुदृढीकरण
- लगानी सम्मेलन कार्यक्रम

### ९.३.४ योजना व्यवस्थापन

**क) विद्यमान अवस्था, संभावना र अवसर**

नगरपालिकाबाट संचालन गरिने वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा निर्धारित ७ चरण पूरा गर्ने गरिएको छ । वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा सरोकारवाला सहित लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको छ भने उपभोक्ता समिति गठन र परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । नगर स्तरीय, वडास्तरीय र उपभोक्ता स्तरीय अनुगमन समिति गठन र नियमन, योजनाको सार्वजनिक सुनुवाई एवं योजना सम्बन्धि सूचना पाटीको व्यवस्थाले योजना व्यवस्थापन पारदर्शि एवं जवाफदेहि देखिन्छ ।

**ख) समस्या र चुनौति**

विषयगत समितिहरूबाट बिषयगत र क्षेत्रगत रुपमा समग्र योजना तर्जुमा र आयोजना कार्यक्रम तर्जुमा हुन सकिरहेको अवस्था छैन भने अन्य बिषयगत कार्यालयहरूसंगको समन्वयमा कमी रहेको अवस्था छ । आवधिक योजना तयार भैनसकेको कारण आयोजना बैंकको व्यवस्था नभएको, अनुगमन तथा सुपरिवेक्षण समितिले नियमित रुपमा प्रभावकारी अनुगमन तथा मूल्यांकनमा गर्न नसक्नु, नतिजा मुलक योजना तर्जुमा तथा कार्यान्वयन अभ्यासको कमी, नियमित समिक्षाको अभाव, उपभोक्ता समितिहरूमा योजना कार्यान्वयन र अभिलेखिकरणमा कमी, योजना तर्जुमा सम्बन्धी मापदण्ड र समय सिमा अनुसार योजना तर्जुमा गर्न नसक्नु, प्रत्येक तीन तीन महिनामा सार्वजनिक हुनु पर्ने सूचनाहरू सार्वजनिक हुन नसकेको, मध्यकालीन खर्च संरचना तयार नभएकाले सो बमोजिम नगरपालिकाको योजनाहरू छनौट तथा कार्यान्वयन गर्न कठीनाई जस्ता समस्या र चुनौतिहरू रहेका छन्।

**ग) उद्देश्य**

योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सहभागितामूलक हुनेछ ।

### घ) सूचक तथा लक्ष परिमाण

| सूचक | इकाई | आधाररेखा (आ.व. ०७५/०७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) ०७९/०८० | ०८१ /०८२ |
|---|---|---|---|---|
| खण्डीकृत विषयगत तथा श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | भएको | भएको | भएको |
| स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | २ | ३ | ५ |
| स्वीकृत स्थानीय रणनीतिक/गुरुयोजना | विषय क्षेत्र | २ | ६ | ७ |
| नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभएको | नभएको | | भएको |
| अनुगमन तथा मूल्याङ्कन ढाँचा तथा योजना | भए/नभएको | नभएको | | भएको |
| कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | | | |
| समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | | | |
| आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | | | |
| नपाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | | | |
| टोल वस्तीमा योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | प्रतिशत | २० | ५० | ५० |

### ङ) रणनीति

- स्थानीय सरकार संचालन ऐनमा उल्लेखित नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत योजना व्यवस्थापन क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजनाहरूलाई लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेस गरी मात्र बजेट विनियोजन कार्यान्वयन गर्ने,
- मध्यकालिन खर्च संरचना तयार गरी सघ, प्रदेश तथा अन्य विषयगत कार्यालयहरूसंग प्रभावकारी समन्वय गरी कार्यान्वयन गर्ने,
- नगर स्तरिय अनुगमन प्रभावकारी बनाउन आवश्यकता अनुसार प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने,
- उपभोक्ता समितिमा महिलाहरूको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता विकास मार्फत शसक्तिकरण गर्ने ।

### च) प्रमुख कार्यक्रम

- योजना बैंक पूर्व सम्भाव्यता अध्ययन तथा डिपिआर तयारी
- मध्यकालिन खर्च संरचना तर्जुमा
- योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम
- प्राविधिक जनशक्ति व्यवस्थापन कार्यक्रम
- उपभोक्ता समितिमा महिला सहभागिता उत्प्रेरणा कार्यक्रम

### ९.४ प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा सुशासन तथा संस्थागत क्षेत्र विकासका लागि ८ करोड ६० लाख अर्थात कूल लागत अनुमानको १.१३ प्रतिशत रहेको छ । यस अन्तर्गत ऐन नियम, कार्यविधि र जवाफदेहिता प्रवर्द्धन तर्फ १ करोड ७० लाख, संस्थागत तथा मानव संसाधन विकास तर्फ ३ करोड ३० लाख,श्रोत परिचालन तर्फ १ करोड ७० लाख र योजना व्यवस्थापन तर्फ १ करोड ९० लाख खर्च हुने अनुमान गरिएको छ । सुशासन र संस्थागत क्षेत्र सम्बद्ध विकास कार्यहरूमा सरकारी क्षेत्रको अलावा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको समेत लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ ।

## परिच्छेद–दश वित्तीय व्यवस्थापन

### १०.१ विषय प्रवेश

आवधिक विकास योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापन आवश्यक पर्दछ। पालुङटार नगरपालिकाको आफ्नो आन्तरिक स्रोत-साधन, संघ, प्रदेश सरकारहरूबाट प्राप्त हुनसक्ने वित्तीय हस्तान्तरण अन्तरगत अन्तरसरकारी वित्तिय अनुदानहरू (समानीकरण अनुदान, ससर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान)तथा राजश्वबाडफांड लगायत अन्य बाह्य स्रोतबाट प्राप्त हुने रकम समेतको अधिकतम उपयोग गरी आवधिक योजनाद्वारा अपेक्षित लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरू हासिल गर्नका लागि नतिजा उन्मुख वित्तीय व्यवस्थापन गरिनेछ। ।

### १०.२ विद्यमान अवस्था

पालुङटार नगरपालिकाको हालको समष्टिगत वित्तीय स्थिति सबल देखिदैन। यस नगरपालिकाको पाँचवर्षे आवधिक योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापनको आवश्यकता छ। नगरपालिकाको आन्तरिक स्रोतका सम्भावनाहरूलाई बढाउन संविधान तथा कानून बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी एकल तथा साझा अधिकार अन्तर्गत कर तथा गैरकरको आधार तथा करदरहरूको वस्तुनिष्ट बिश्लेषणको आधारमा वैज्ञानिक र व्यवहारिक बनाई कर आधारको मूल्यांकन, दायरा र संकलन विधि, पद्धति र प्रविधि उपयोग जस्ता क्षेत्रमा वृहत विवेचना र विश्लेषणको आधारमा करदातामैत्री राजश्व प्रणालीलाई अंगाल्नु आवश्यक छ। आन्तरिक राजस्वको अनुपात बढाउँदै लैजादा करदातालाई यथासम्भव अतिरिक्त भार नपर्ने नीति लिइएको छ।

यस सन्दर्भमा पालुङटार नगरपालिकाको गत आ.व.२०७५।७६ को यथार्थ आय रु.७९ करोड १२ लाख रहेकोमा चालू आ.व.२०७६।७७ का लागि रु.८४ करोड ७४ लाख आय व्यय अनुमान प्रस्ताव गरिएको छ जुन गत आ.व.को तुलनामा करीव ७.१ प्रतिशत वृद्धि हो।

### १०.३ अवसरतथा चुनौतीहरू

यस नगरपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरू कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न चुनौतीपूर्ण हुने देखिन्छ। बढ्दो जनअपेक्षाको तुलनामा नगरपालिकाको न्यून स्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ। नगरपालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउनका लागि आवश्यक पर्ने पुँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कुल व्ययको व्यवस्थापन गर्नु पर्ने हुन आउँछ। यसैगरी उपलब्ध स्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले विकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान रहेको छ।

संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप स्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त भएको छ। यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा पूरक वित्तीय स्रोतहरू जुटाउन सक्ने थप अवसरहरूसमेत विद्यमान रहेका छन्।

### १०.४ उद्देश्य

प्रविधिमैत्री राजस्व प्रशासन तथा प्रभावकारी बित्तीय व्यवस्थापनको माध्यमबाट आन्तरिक र बाह्य स्रोतको उच्चतम परिचालन गर्दै वित्तीय सुशासन प्रत्याभूत भएको हुने।

### १०.५ रणनीति

#### क. वित्तीय स्रोत परिचालन सम्बद्ध रणनीतिहरू

- कर तथा गैरकर राजस्वको विद्यमान संरचनाको पुनरावलोकनद्वारा नयाँ राजस्व सम्भावनाहरूको पहिचान गरी दायरा वृद्धि सहित राजस्वका आधारलाई विस्तार गरिनेछ।

- राजस्व प्रशासनलाई प्रक्रियागत सरलीकरण गरी करदाताहरूलाई सहज हुने गरी नगरपालिकाको कर प्रशासनलाई प्रविधि उन्मुख एवं करदातामैत्री तुल्याइनेछ ।
- स्थानीय करका दरहरूलाई पारदर्शी, प्रतिस्पर्धी, स्वच्छ, तटस्थ एवम् समन्यायिक बनाइने छ ।
- संस्थागत तथा व्यक्तिगत करदाताहरूमा स्थानीय कर प्रणाली सम्बन्धी सचेतना तथा परामर्श सेवालाई वडा तहसम्म विस्तार गरिनेछ ।
- स्थानीय राजस्व परामर्श समितिको क्षमता विकास गरिनेछ ।
- नियमित तथा ठूला करदाताहरूलाई सम्मान गरिनेछ ।

**ख. बजेट खर्चसम्बन्धी रणनीतिहरू**

- नगरपालिकाको बजेट निर्माण गर्दा आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्रदेश र केन्द्र सरकारबाट प्राप्त मार्गदर्शन एवं नगर कार्यपालिकाले तोकेको प्राथमिकताको आधारमा वित्तीय स्रोतहरूको व्यवस्था गरिनेछ ।
- पालिकाको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचनाको आधारमा बजेट प्रस्ताव तयार गरिनेछ ।
- बजेट खर्चलाई जवाफदेही, पारदर्शी र उपलब्धिमूलक बनाउँदै गैरबजेटीय खर्चहरूलाई नियन्त्रण गरिनेछ ।
- विकास कार्यक्रमहरूमा सार्वजनिक, निजी, सहकारी, गैरसरकारी, साझेदारी एवं सामुदायिक सहभागितालाई प्रवर्द्धन गरिनेछ ।
- सम्भाव्यता अध्ययन र प्राविधिक लगत अनुमानका आधारमा निर्माणसम्बन्धी कार्यमा बजेट विनियोजन गरिनेछ ।
- बजेट कार्यान्वयन गर्दा वित्तीय अनुशासनलाई दृढताका साथ लागू गरिनेछ ।
- नगरपालिकाको कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐन, सार्वजजिक निजी साझेदारी नीति अनुसार कार्यान्वयन गरिनेछ ।

## १०.६ वित्तीय स्रोत (आय तथा व्यय) प्रक्षेपण

**क. आय प्रक्षेपणः**

आवधिक योजना कार्यान्वयनका लागि लगानी योजना तर्जुमा गर्दा नगरपालिकाको आन्तरिक श्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण परिचालन, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारबाट विशेष तथा समपूरक अनुदान लगानी समेतको आधारमा प्रक्षेपण गरिन्छ । यस प्रथम आवधिक योजनाको लागि श्रोत अनुमान गर्दा नगरपालिकालाई संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त, विशेष अनुदान, राजश्व वांडफांड र नगरपालिकाको आन्तरिक स्रोतलाई समावेश गरिएको छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट उपलव्ध गराइने समपुरक अनुदान विशेष अनुदान र ऋणहरू, तथा स्थानीय सरकार मार्फत परिचालन हुन सक्ने समुदायको लागत सहभागिता समेत समावेश गरिएको छ भने अगैसस र गैसस, समुदायमा आधारित सस्था एवं निजी क्षेत्रबाट परिचालन हुने रकम समावेस गरिएको छैन ।

यस आधारमा नगरपालिकाको आगामी ५ आ.व.का लागि आय अनुमान गर्दा चालु आ.व.२०७५।०७६ लाई आधार वर्ष मानी चालु आ.व.का लागि स्विकृत आय अनुमानका शिर्षकहरुमध्ये अन्तर सरकारी बित्त हस्तान्तरण अन्तर्गत संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त अनुदान र राजश्व वांडफांड रकममा १५ प्रतिशत वृद्धि अनुमान प्रस्ताव गरिएको छ भने आन्तरिक आयमा वार्षिक २० प्रतिशतका दरले वृद्धि अनुमान गरिएको छ । यस आधारमा आवधिक योजना अवधि भित्र पालुङटार नगरपालिकाले कुल रु.६ अर्व ४६ करोड ७५ लाख ३८ हजार वरावरको श्रोत परिचालन हुने प्रक्षेपण गरिएको छ ।

### तालिका ८: आवधिक योजना अवधिमा हुने आय प्रक्षेपण

| बजेटकाश्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम (रु. हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | अनुमानित २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | कूल |
| आन्तरिक आय | १४४२४० | १०५००० | १२६००० | १५१२०० | १८१४४० | २१७७२८ | २६१२७४ | ९३७६४२ |
| संघिय सरकार | | | | | | | | |
| वित्तिय समानीकरण | १९०१०० | १८३९०० | २११४८५ | २४३२०८ | २७९६८९ | ३२१६४२ | ३६९८८९ | १४२५९१२ |
| शसर्त अनुदान | २३६०१० | २३३२०० | २६८१८० | ३०८४०७ | ३५४६६८ | ४०७८६८ | ४६९०४८ | १८०८१७२ |
| राजश्व बाँडफाँड | ७२१५८ | १३१४५३ | १५११७१ | १७३८४७ | १९९९२४ | २२९९१२ | २६४३९९ | १०१९२५२ |
| अन्य अनुदान | ११९२४१ | ४५०० | ५१७५ | ५९५१ | ६८४४ | ७८७१ | ९०५१ | ३४८९२ |
| प्रदेश सरकार | | | | | | | | |
| वित्तिय समानीकरण | ८४५३ | १२७०० | १४६०५ | १६७९६ | १९३१५ | २२२१२ | २५५४४ | ९८४७२ |
| शसर्त अनुदान | ५२३७ | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | २०११४ | ७७५३७ |
| अन्य अनदान | | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | २०११४ | ७७५३७ |
| राजश्व बाँडफाँड (सवारी कर) | | ५१०० | ५८६५ | ६७४५ | ७७५६ | ८९२० | १०२५८ | ३९५४४ |
| घर जग्गा रजिष्ट्रेशन | | ८००० | ९२०० | १०५८० | १२१६७ | १३९९२ | १६०९१ | ६२०३० |
| नगर विकास ऋण तथा अनुदान | | ५०००० | ५७५०० | ६६१२५ | ७६०४४ | ८७४५० | १००५६८ | ३८७६८७ |
| सडक बोर्ड नेपाल | | ४५०० | ५१७५ | ५९५१ | ६८४४ | ७८७१ | ९०५१ | ३४८९२ |
| जि.स.स. अनुदान तथा रोयल्टी | | १५००० | १७२५० | १९८३८ | २२८१३ | २६२३५ | ३०१७० | ११६३०६ |
| अन्य शसर्त कार्यक्रम | | ३०००० | ३४५०० | ३९६७५ | ४५६२६ | ५२४७० | ६०३४१ | २३२६१२ |
| नगत मौजदात | | ४८३८ | ५५६४ | ६३९८ | ७३५८ | ८४६२ | ९७३१ | ३७५१३ |
| जनसहभागिता | १५८१८ | १०००० | ११५०० | १३२२५ | १५२०९ | १७४९० | २०११४ | ७७५३७ |
| **जम्मा** | **७९१२५७** | **८१८१९१** | **९४६१७०** | **१०९४३९५** | **१२६६११४** | **१४६५१०४** | **१६९५७५५** | **६४६७५३८** |

### ख. व्यय प्रक्षेपण

कूल आय अनुमान रु.६ अर्व ४६ करोड ७५ लाख ३८ हजारमध्ये नगरपालिकाको नियमित प्रशासनिक खर्च र शिक्षा, स्वास्थ्य र कृषि जस्ता बिषयगत क्षेत्रका लागि प्राप्त हुने सशर्त अनुदानको करिव ९० प्रतिशत रकम बिकास तर्फको चालु खर्च हुने भएकोले आवधिक योजना अवधिमा नगरपालिकाको कूल प्रशासनिक खर्च करीव रु.५४ करोड ९५ लाख र बिकास तर्फको चालु खर्च करीव १ अर्व ६२ करोड ७३ लाख गरी रु.२ अर्व ६८ करोड १७लाख (३३.६६ प्रतिशत) चालु खर्च आवश्यक पर्ने देखिन्छ भने पूजिगत तर्फ रु.४ अर्व २९ करोड ७ लाख (६६.३४ प्रतिशत) मात्र खर्च गर्न सकिने अवस्था देखिन्छ ।

आवधिक योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मूख्य मूख्य कार्यक्रमहरु अन्तर्गत आर्थिक क्षेत्र बिकास तर्फ १ अर्व १० करोड ८७ लाख, सामाजिक क्षेत्र बिकास तर्फ १ अर्व ६४ करोड ६५ लाख, पूर्वाधार क्षेत्र बिकास तफ ४ अर्व ४८ करोड, २० लाख, वन,वातावरण तथा विपद व्यवस्थापन तर्फ २९ करोड २० लाख, र सुशासन तथा संस्थागत बिकास तर्फ ८ करोड ६० लाख, गरी कूल ७ अर्व ६१ करोड ५२ लाख,खर्च आवश्यक देखिन्छ ।

### तालिका ९ : विषयक्षेत्र अनुसार प्रस्तावित खर्च अनुमान

| विषयगत क्षेत्र तथा उपक्षेत्र | कुल अनुमानित लागत (रु. हजार) | प्रतिशत |
|---|---|---|
| **आर्थिक क्षेत्र विकास** | **११०८७००** | **१४.५६** |
| कृषि विकास | २८०००० | ३.६८ |
| पशु विकास | १७२००० | २.२६ |
| उद्योग र व्यापार | १९७००० | २.५९ |
| सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी | ७२२०० | ०.९५ |
| पर्यटन विकास | ३१०००० | ४.०७ |
| सहकारी तथा वित्तीय सेवा | ७७५०० | १.०२ |
| **सामाजिक क्षेत्र विकास** | **१६४६५००** | **२१.६२** |
| शिक्षा तथा सीप विकास | २६७००० | ३.५१ |
| स्वास्थ्य तथा पोषण | ४७०००० | ६.१७ |
| खानेपानी तथा सरसफाई | २३५००० | ३.०९ |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १६०००० | २.१० |
| युवा तथा खेलकुद | ३२७५०० | ४.३० |
| कला तथा संस्कृति | १८७००० | २.४६ |
| **उर्जा तथा पुर्वाधार क्षेत्र विकास** | **४४८२०००** | **५८.८६** |
| विद्युत तथा उर्जा | १९०००० | २.५० |
| सडक तथा यातायात | ३५४०००० | ४६.४९ |
| सिंचाई | ३६७००० | ४.८२ |
| आवास भवन तथा शहरी विकास | २९५००० | ३.८७ |
| सूचना तथा संचार | ९०००० | १.१८ |
| **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र विकास** | **२९२०००** | **३.८३** |
| वन तथा जैविक विविद्यता | १४२००० | १.८६ |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ४३००० | ०.५६ |
| वातावरण तथा स्वच्छता | ६९००० | ०.९१ |
| विपद् जोखिम व्यवस्थापन | ३८००० | ०.५० |
| **सुशासन तथा संस्थागत क्षेत्र विकास** | **८६०००** | **१.१३** |
| संस्थागत संरचना तथा मानव संसाधन विकास | १७००० | ०.२२ |
| सुशासन, ऐन नियम तथा जवाफदेहिता | ३३००० | ०.४३ |
| वित्तीय श्रोत परिचालन | १७००० | ०.२२ |
| विकास व्यवस्थापन | १९००० | ०.२५ |
| **कुल बजेट** | **७६१५२००** | **१००** |

आवधिक योजना अवधिमा नगरपालिकाको पूँजिगत तर्फको खर्च क्षमता रु.४ अर्व २९ करोड ७ लाख मात्र रहेको छ जुन कूल लागत अनुमानको ५६.३४ प्रतिशत मात्र हुन आउछ । आवधिक योजनाले लिएको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तीका लागि रु. ७ अर्ब ६१ करोड २० लाख आवश्यक पर्ने देखिन्छ । यसरी खर्च क्षमता र आवश्यक रकम वीच रु ३ अर्व ३२ करोड ४४ करोड ७६ लाख अर्थात कूल लागत अनुमानको ४३.६६ प्रतिशत रकम अपुग हुने देखिन्छ ।

## तालिका १० आवधिक योजनाको अनुमानित श्रोत

| अनुमानित श्रोत | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| आवधिक योजना अवधिको कुल लागत अनुमानित श्रोत | ७६१५२०० | १०० |
| नगरपालिकाको कुल खर्च क्षमता | ४२९०७२४ | ५६.३४ |
| योजना कार्यन्वयनका लागि अपुग श्रोत | ३३२४४७६ | ४३.६६ |

यसका अतिरिक्त देहाय बमोजिमको नगरपालिका गौरवको आयोजनाहरुका लागि आवश्यकश्रोत यसमा समावेस गरिएको छैन । यसका लागि नगरपालिकाले संघ, प्रदेश तथा अन्य दातृ निकाय, निजी क्षेत्र परिचालन वा ऋण परिचालन जस्ता श्रोत परिचालनको माध्यमबाट कार्यान्वयन गर्ने रणनीति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

**नगर गौरवका आयोजनाहरु**

### सडक तथा यातायात तर्फ

- स्मार्ट सिटी अन्तर्गत MTMP मा समावेश रिंङ्गरोड सडक (४१.०२५ कि.मी)

### उत्पादनवृद्धि र रोजगार वृद्धि तर्फ

- एकिकृत र बिशिष्टिकृत कृषि (सुन्तला, कागती, भुइकटहर, आंप लिची, मौसमी तथा वेमौसमी तरकारी) पकेट क्षेत्र बिकास आयोजना
- वन तथा जडिवुटीजन्य (जडिवुटी, फर्निचर, सिमसार क्षेत्र संरक्षण, वनमा आधारित) उत्पादन, संकलन र प्रशोधन आयोजना

### सेवा क्षेत्र तर्फ

- ५० शैयाको अस्पताल सहित अन्य स्वास्थ्य सेवा क्षेत्र सुधार परियोजना

### आन्तरिक राजश्व वृद्धि तर्फ

- हाट बजार व्यवस्थापन कार्यक्रम
- पिकनिक स्थल तथा पार्क निर्माण
- रंगाशाला निर्माण
- कोल्डस्टोर शितभण्डार आयोजना

# परिच्छेद–एघार कार्यान्वयन योजना

## ११.१ विषय प्रवेश

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासंग अन्तर सम्बन्धित बिषय मानिन्छ । संघीय शासन प्रणालीमा अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो भने आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसंग आवद्ध गरी कृयाकलाप तथा कार्यक्रमहरूलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरूको प्रमावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि नगरपालिकाका निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारवालाहरू समेतको सकृय सहभागितामा बिभिन्न चरण पार गरी तय भएको दिर्घकालिन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, ती उद्देश्य प्राप्तीका लागि अवलम्वन गरिने रणनीति र रणनीति अन्तर्गत क्षेत्रगत बिषयगत प्रमुख कार्यक्रमहरू र क्षेत्रगत र बिषयगत लक्ष्य परिमाणलाई नगरपालिकाको बार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा श्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## ११.२ वर्तमान अवस्थाः

योजना कार्यान्वयन र अनुगमन मूल्यांकन पद्धतिको सन्दर्भमा पालुङटार नगरपालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सिमिति रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथीको तह अर्थात उद्देश्य तह र लक्ष्य तह अर्थात दिर्घकालिन र मध्यमकालिन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी श्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सिमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा नगरपालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तीका लागि के कति श्रोतको आवश्यकता पर्दछ र हालको श्रोत परिचालनको आधारमा के कति श्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

## ११.३ कार्यान्वयन कार्ययोजना

नगर सभाबाट आवधिक विकास योजना स्वीकृत भए पछि यसका आधारमा नगरपालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउनु पर्दछ। उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

## ११.४ मार्गदर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्नुपर्दछ। उक्त मार्गदर्शन साथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनुपर्दछ ।

## ११.५ कार्यान्वयन विधिको छनोट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई नगरपालिका पठाउनुपर्ने छ र नगर सभाबाट स्वीकृत भएपछि सोहीबमोजिम कार्यान्वयन गर्नुपर्ने छ। नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचकसमेत उल्लेख गर्नुपर्छ। नगरपालिकाले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचकबमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनुपर्दछ ।

नगरपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्ययोजना समेत बनाउनुपर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि नगरपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ। यसै बमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउनुपर्दछ ।

## ११.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट नगर सभाबाट पारित भएपछि नगर प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ (क) फाराम भर्न लगाई चौमासिक विभाजनसहितको कार्यक्रम माग गर्नुपर्ने छ। उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित नगर प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ।

### ११.७ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित क्रियाकलापहरूको आधारमा अनुगमन योजना बनाई नगर उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। नगर उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ। यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

### ११.८ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले आत्मसात गरेको दिर्घकालिन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्धेश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ। वार्षिक कार्यान्वयन कार्ययोजनाको ढांचा अनुसुची २ मा समावेस गरिएको छ।

# परिच्छेद–बाह्र योजना अनुगमन तथा मूल्यांकन

## १२.१ बिषय प्रवेश

स्थानीय तहको विकासको मेरूदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वनमा सशक्त स्वःअनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारू भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी त्यसै अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनुपर्दछ ।

## १२.२ वर्तमान अवस्था

नगरपालिकाले वार्षिक योजना कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधिसहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ । यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

## १२.३ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

भरखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ । योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ । अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन्, अनुगमनका लागि भिन्दै बजेटको विनियोजनसमेत हुन सकेको देखिँदैन । यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ । प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन ।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरूरी देखिन्छ ।

## १२.४ उद्देश्य

आवधिक योजना र यसबमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ ।

## १२.५ रणनीति

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ,
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ,
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ,
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ,
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ,
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ,
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ,
- अनुगमनको प्रतिवेदन नगरपालिकाको वेबसाइट मार्फत समेत सार्वजनिक गरिनेछ ।

## १२.६ कार्यक्रम

- संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास,
- अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन,
- अनुगमन कार्यान्वयन कार्यक्रम
- समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

## १२.७ अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ ।

| अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि |
|---|---|
| ▪ सुपरीवेक्षण तथा अनुगमन समिति<br>▪ जिल्ला समन्वय समिति<br>▪ विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था<br>▪ नागरिक समाज संस्था तथा तेश्रो पक्ष | ▪ स्थलगत अनुगमन<br>▪ कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना<br>▪ नागरिक अनुगमन<br>▪ सहभागितामूलक मध्यावधि समीक्षा<br>▪ सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) |

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया निम्नानुसारले हुनुपर्नेछ ।

**तालिका ११: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | ▪ स्थलगत अनुगमन गर्ने<br>▪ चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | नगर कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन गर्ने<br>▪ बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | ▪ सहभागितामूलक छलफल गर्ने<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>▪ नमूना सर्वेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | ▪ नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>▪ सहभागितामूलक छलफल गर्ने<br>▪ अध्ययन तथा सर्वेक्षण गर्ने |

# अनुसूची- १ विषय क्षेत्रगत मुख्य मुख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान

## पालुङटार नगरपालिकाको प्रथम आवधिक योजना (२०७७/०७८–२०८१/०८२)

## विषय क्षेत्रगत मुख्य मुख्य रणनीतिक कार्यक्रम तथा आयोजना र लागत अनुमान

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| आर्थिक विकास | | | | | ११०८७०० | |
| कृषि विकास | भू उपयोग नीति तथा योजना तर्जुमा कार्यक्रम | पटक | ० | १ | २००० | नगरस्तरीय |
| | कृषि पूर्वाधार निर्माण कार्यक्रम | संख्या | | ५ | १२०००० | माटो परिक्षण ल्याब, कोल्ड स्टोरेज निर्माण, प्रविधी खरिद अनुदान आदी |
| | कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास | संख्या | ० | ५ | १०००० | कृषि प्राविधिक उत्पादन, परिचालन र सहयोग |
| | व्यवसायिक तथा कृषिमा यान्त्रिकरण विशेष कार्यक्रम | स्थान | | ७ | ३०००० | कृषि योग्य जमिन चक्लाबन्दी कार्यक्रम |
| | बजार प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम | स्थान | | ४ | २८००० | पकेट क्षेत्र घोषणा र विकास (सुपर जोन) तथा बाली विमा |
| | कृषि सिकाई केन्द्र प्रर्वद्धन कार्यक्रम | संख्या | ० | १२ | ५००० | कृषकहरुको अभिलेख तथा सूचना प्रवाह पालिका स्तर |
| | कृषि उपज संकलन, बजारीकरण तथा गुणस्तर अभिबृद्धिका लागि सहकारी प्रर्वद्धन कार्यक्रम | संख्या | | १० | ५००० | अगुवा कृषक तथा कृषि सहकारीहरुको प्रर्वद्धन पालिका स्तर |
| | प्राविधिक दक्ष जनशक्ति तथा क्षमता बिकास कार्यक्रम | संख्या | | १०० | ७००० | औपचारिक तथा अनौपचारिक प्राविधिक क्षमता विकास तथा प्रौत्साहन, सबै वडाहरु, |
| | एक घर एक फलफुलको बिरूवा रोपण कार्यक्रम | जना | | २००० | २०००० | बढि प्रतिफल दिने जातका फलफुल उत्पादन विशेष (जस्तै रुख कटहर, कागती, लिची) सबै वडाहरु |
| | एक वडा एक उत्पादनका लागि उद्यमशीलता विकास कार्यक्रम कार्यक्रम | संख्या | ३ | १२ | ३८००० | कृषकको हित तथा विज्ञता विकास, सबै वडाहरु |
| | कृषिमा आधारित शीपमूलक तथा रोजगारीमूलक तालिम कार्यक्रम | संख्या | | १५० | १५००० | युवा लक्षित, सबै वडाहरु |
| | **कृषि विकासको जम्मा** | | | | २८०००० | |
| पशुपंक्षी विकास | पशु प्रजनन तथा पशु आहार प्रर्वद्धन कार्यक्रम | पटक | १ | १० | १०००० | सबै वडाहरु |
| | पशुपंक्षी पकेट प्याकेज तथा बृहत पशु विकास कार्यक्रम | संख्या | ० | १० | ५०००० | बाख्रा पालन, भैसी, बंगुर, कुखुरा, गाई, भेडा, सबै वडाहरु |
| | पशु स्वास्थ्य तथा विमा कार्यक्रम | संख्या | ० | १००० | १५००० | गोठ सुधार तथा विमा, सबै वडाहरु |
| | दुध व्यवसाय प्रवर्धन तथा प्रसोधन अनुदान कार्यक्रम | संख्या | १ | ५ | २२००० | कृतिम गर्भधान,व्यवसायिक पशुपालन, पालिका स्तर |
| | व्यवसायिक पन्छीपालन कार्यक्रम | संख्या | ० | १० | २०००० | पालिका स्तर |
| | व्यवसायिक मत्स्य बिकास कार्यक्रम | संख्या | ० | २ | २०००० | वडाका सम्भावित स्थानहरुमा |
| | मासु पसल सुधार तथा बधशाला स्थापना | संख्या | ० | १० | १०००० | ठाँटीपोखरी तथा वडाहरु |
| | माछा, मह, वंगुर कुखुरा सहकारी प्रर्वद्धन कार्यक्रम | संख्या | १ | ५ | १०००० | नगरस्तरका सम्भावित वडाहरु |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | एग्रो मार्ट (प्रशोधन प्याकेजिङ्ग) कार्यक्रम | संख्या | ० | ५ | १५००० | नगरपालिका स्तरीय |
| | **पशुपक्षी विकास जम्मा** | | | | **१७२०००** | |
| **सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी** | सूचना प्रविधि, वेब र सामाजिक सञ्जालमा आधारित रोजगार सूचना पोर्टल सञ्चालन | | | १०० | १५००० | वडास्तरीय |
| | सुरक्षित आप्रवासन सचेतना कार्यक्रम | पटक | | २० | २००० | वडास्तरीय |
| | व्यावसायिक सीप विकास तालिम | संख्या | ४०७ | १५०० | १२००० | आवश्यक युवाहरुलाई पालिकास्तरमा |
| | वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवार र फर्किएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श | | | ३०० | ३००० | सचेतनाका विभिन्न कार्यक्रमहरु घरदैलो कार्यक्रम समेत |
| | महिला उद्यमशीलता तथा सीप विकास तालिम र पुँजीमा पहुँच | | | २०० | ५२०० | वडास्तरीय |
| | युवा स्वरोजगार कार्यक्रम सञ्चालन | | | | ३०००० | युवाहरुका लागि व्यवसाय संचालन सहयोग, |
| | वैदेशिक रोजगारीबाट प्राप्त रेमिटान्स प्रर्वद्धन कार्यक्रम | | | | ५००० | वडास्तरीय |
| | **सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीको जम्मा** | | | | **७२२००** | |
| **उद्योग र व्यापार** | नगर उद्यम व्यवसाय नीति तर्जुमा कार्यक्रम | पटक | ० | १ | २००० | नगर स्तरीय |
| | उद्यम तथा उद्योगको सम्भाव्यता अध्ययन | | | २ | ५००० | नगर स्तरीय |
| | गैरबन पैदावर उद्योग संचालन सहयोग कार्यक्रम | | | ५ | ५००० | मौलिक उत्पादन प्रोत्साहन कार्यक्रम |
| | काठमा आधारित उद्योग प्रोत्साहन | | | ५ | ५५००० | नगर स्तरीय |
| | व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम | | | ५ | १०००० | सवै वडाहरु |
| | सार्वजनिक निजी अवधारणामा आधारित व्यवसायमा प्रोत्साहन कार्यक्रम | | | ५ | ५०००० | कम्तीमा ५ व्यावसाय |
| | युवा उद्यम विकास कार्यक्रम | | | १० | २५००० | नगर स्तरीय |
| | परम्परागत पेशा तथा शीप सम्वर्द्धन कार्यक्रम | | | ३ | १५००० | नगर स्तरीय |
| | नगरपालिकाबाट तालिम र घुम्तिकोष | | ० | १ | ५००० | नगर स्तरीय |
| | वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारलाई व्यवसाय स्टार्टअप सहयोग कार्यक्रम | | | ५०० | ५००० | नगर स्तरीय |
| | लगानी सम्मेलन | | १ | ५ | २०००० | नगरपालिका स्तरीय आवश्यक समन्वयमा |
| | **उद्योग र व्यापारको जम्मा** | | | | **१९७०००** | |
| **पर्यटन विकास** | पर्यटन पूर्वाधार निर्माण विकास कार्यक्रम | संख्या | | ७ | २५०००० | पर्यटन प्रर्वद्धन निर्माण |
| | पर्यटन प्रवर्धनात्मक कार्यक्रम | पटक | | ५ | १५००० | (होम स्टे, होटल, त्याफ्टिङ, प्यारग्लाइडिङ, टेकिङको अवलोकन, अनुसन्धान, प्रचार प्रसार आदि) पर्यटकीय क्षेत्रहरु : धार्मिक, कृषि, मेडिकल, होमस्टे, त्याफ्टिङ, कल्चरल ग्रुप, पैदलबाटो |
| | सार्वजनिक निजी क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | | ५ | २०००० | पालिका स्तरः सूचना केन्द्र स्थापना, संग्रहालय निर्माण, |
| | होम स्टे, होटल, त्याफ्टिङ, प्याराग्लाईडिङ, ट्रेकिङ, अवलोकन, | संख्या | | ४ | ५००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | अनुसन्धान कार्यक्रम | | | | | |
| | पालुङटार महोत्सव प्रर्वद्धन कार्यक्रम | संख्या | | ५ | १०००० | |
| | सामुदायिक लज (होम स्टे) संचालन | संख्या | | २ | १०००० | नगरपालिकामा बसोबास गने जातजातीको संस्कृति तथा जिवनयापन झल्काउने घरबास कार्यक्रम |
| | **पर्यटन विकासको जम्मा** | | | | **३१००००** | |
| **बैंक, सहकारी तथा वित्तीय सेवा** | वित्तिय सेवा प्रर्वद्धन कार्यक्रम | पटक | | ९ | २५०० | सवै वडाहरु |
| | व्यवसाय साक्षरता तालीम कार्यक्रम | पटक | | २५ | २५०० | सवै वडाहरु |
| | महिला वचत तथा सहकारीहरू व्यवसाय प्रर्वद्धन कार्यक्रम | पटक | | १० | २५०० | सवै वडाहरु |
| | निजी, सहकारी र सरकारी क्षेत्र पूँजी परिचालन कार्यक्रम | पटक | | ४५ | १०००० | पाँच वटा परियोजना |
| | सहकारी प्रोत्सहान तथा सचेतना कार्यक्रम | पटक | | ४९ | १०००० | सवै वडाहरु, घरघरमा रोजगारी, टोलटोलमा सहकारी कार्यक्रम, कृषि सहकारी प्रोत्सहान |
| | घरघरमा रोजगारी, टोलटोलमा सहकारी कार्यक्रम | पटक | | १२० | ५०००० | पालिकास्तरीय |
| | **बैक तथा सहकारी तथा वित्तिय सेवाको जम्मा** | | | | **७७५००** | |
| **सामाजिक विकास** | | | | | **१६४६५००** | |
| **शिक्षा तथा सीप विकास** | तहगत बिषयगत शिक्षक व्यवस्थापन सहित बिद्यालय क्षेत्र सुधार कार्यक्रम | संख्या | | | ५०००० | |
| | वाल कक्षा थप कार्यक्रम | संख्या | | | १०००० | |
| | कृषि र सिपमूलक समाजबादी शिक्षा, योग र व्यायम स्थानिय सरकार र कानुनी सचेतना अभिबृद्धि कार्यक्रम, | संख्या | | | १०००० | |
| | नमुना विद्यालय निर्माण कार्यक्रम | सख्या | | | १००० | |
| | विद्यालय भौतिक पूर्वाधार (शिक्षक विद्यार्थी आवास) विकास कार्यक्रम | संख्या | | | १००००० | |
| | बिद्यालय तहमा सूचान प्रविधि प्रर्वद्धन कार्यक्रम | संख्या | | | ४०००० | |
| | साक्षर पालुङटार कार्यक्रम, | संख्या | | | ५००० | |
| | एक विद्यालय एक उद्यम कार्यक्रम | संख्या | | | १०००० | |
| | बिद्यालय बगैचा कार्यक्रम | संख्या | | | ६००० | हरियाली बिद्यालय प्रर्वद्धन कार्यक्रम |
| | नगर शैक्षिक सुधार कोष स्थापना तथा संचालन कार्यक्रम | संख्या | | | १०००० | |
| | अल्पसंख्यक र पिछडिएका वर्गका छात्राहरुलाई उच्चशिक्षामा पहुच बिस्तार कार्यक्रम | संख्या | | | २०००० | |
| | उत्कृष्ट शिक्षक बिद्यार्थी सम्मान कार्यक्रम | पटक | | | ५००० | |
| | **शिक्षा तथा सीप विकासको जम्मा** | | | | **२६७०००** | |
| **स्वास्थ्य** | स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | संख्या | | | १५०००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| तथा पोषण | सुरक्षित मातृत्व कार्यक्रम, | संख्या | | | ४५००० | |
| | स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको क्षमता सुधार कार्यक्रम, | संख्या | | | १००००० | |
| | आकस्मीक तथा महामारी रोग नियन्त्रण कार्यक्रम, | संख्या | | | ५०००० | |
| | स्वास्थ्य बिमा कार्यक्रम | संख्या | | | ५००० | |
| | रोग निदानका लागि एक्सरे मेसिन, ल्याव र फार्मेसिको व्यवस्थापन कार्यक्रम | संख्या | | | ५०००० | |
| | विपन्न महिला, दलित, अलपसंख्यक र जेष्ठ नागरिकहरुको लागि घरघरमा स्वास्थ्य सेवा कार्यक्रम | संख्या | | | ५०००० | |
| | वहुक्षेत्रीय पोषण कार्यक्रम | संख्या | | | १०००० | |
| | ध्यान र योग स्वस्थ्य शरीर, सकरात्मक सोच र व्यक्तित्व विकास कार्यक्रम | संख्या | | | १०००० | |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | **४७००००** | |
| खानेपानी तथा सरसफाई | वृहत खानेपानी आयोजना | संख्या | | ५ | ५०००० | खानेपानी योजना मर्मत संभार |
| | लिफ्ट खानेपानी व्यवस्थापन | संख्या | | १ | ५०००० | आयोजना लागत |
| | खानेपानी सुधार तथा व्यवस्थापन | संख्या | | ५ | १००००० | |
| | उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | | १ | ५००० | खानेपानी उपभोक्ता समितिलाई मर्मत संभार सम्बन्धि तालिम |
| | सुख्खा क्षेत्रमा आकासे पानी संकलन प्रर्वद्धन कार्यक्रम | संख्या | | १ | १०००० | वडाका विभिन्न आवश्यक स्थानमा |
| | पूर्ण सरसफाई कार्यक्रम | संख्या | | ५ | १०००० | जनचेतना, घरदैलो, डष्टविन वितरण, सचेतना कार्यक्रम |
| | जैविक तथा अजैविक फोहर बर्गीकरण व्यवस्थापन | संख्या | | २० | १०००० | वर्गिकरणमा आधारीत फोहर संकलन एंव व्यवस्थापन, क्षमता विकास तालिम |
| | **खानेपानी तथा सरसफाईको जम्मा** | | | | **२३५०००** | |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | लक्षित समूह सहभागिता, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कायक्रम | संख्या | | १२५ | ३५००० | सचेतनामुलक कार्यक्रम |
| | महिला सहकारी संस्था अन्तरगत व्यवसायिक समूह विकास कार्यक्रम | संख्या | | १ | २५००० | नेतृत्व विकास |
| | महिला जनप्रतिनिधिहरुलाई स्थानीय सरकार संचालन एवं नेतृत्व विकास सम्बन्धी क्षमता विकास कार्यक्रम | संख्या | | ४ | २००० | महिला लक्षित नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कायक्रम, महिला सहकारी सहयोग |
| | वालमैत्री नगरपालिका प्रर्वद्धन कार्यक्रम | संख्या | | २ | ३००० | बालश्रम तथा बाल विवाह मुक्त पालिका घोषणा कार्यक्रम |
| | घरेलु तथा लैगिक हिंसा तथा यौनजन्य हिंसा न्यूनीकरण कार्यक्रम | संख्या | | ५ | १६००० | सचेतनामुलक कार्यक्रम |
| | जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागी बहुआयामिक कार्यक्रम | संख्या | | ५ | १५००० | (जेष्ठ नागरिक सम्मान तथा तिर्थाटन कार्यक्रम, ज्येष्ठ नागरिक स्नेहघर) |
| | एकल महिला सहयोग कार्यक्रम | संख्या | | ५ | ५००० | वार्षिक रुपमा एक पटक गरिने |
| | जेष्ठ नागरिकका लागि बिश्राम गृह निर्माण | संख्या | | ५ | ५००० | बाल संक्षण एवं वालविकास कार्यक्रम लगायत |
| | विद्यालय विमूख किशोरीको बहुआयामिक विकास कार्यक्रम | संख्या | | १५ | ४००० | पालिका भित्रका लक्षित वर्ग |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | आपतकालिन संरक्षण सेवामा महिला समूहको परिचालन | संख्या | | ७ | १०००० | नगरपालिकास्तरीय आवश्यक अवश्थामा |
| | संस्थागत विकास र सामूहिक गतिशिलता | संख्या | | ५ | ४०००० | पालिकास्तरीय |
| | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको जम्मा** | | | | **१६००००** | |
| **युवा तथा खेलकुद** | वडास्तरीय खेलमैदान, कवर्डहल तथा खेलकुद (लिगलिगे दौड, मेयर कप फुटवल) प्रतियोगिता | संख्या | | १५ | ३००००० | वडा स्तरीय खेल मैदान निर्माण , वार्षिक रुपमा लिगलिगे दौड, मेयर कप फुटवल प्रतियोगिता) संचालन |
| | युवा उद्यमशिलता, स्वरोजगार तथा रोजगार कार्यक्रम | संख्या | | ५ | १०००० | युवा लक्षित उद्यमशिलता, स्वरोजगार तथा रोजगार कार्यक्रम, |
| | सीपविकास तथा क्षमता अभिबृद्धि प्रशिक्षण कार्यक्रम | संख्या | | १५ | ५००० | सबै वडाका युवाहरुको प्रतिनिधिन्व हुने गरी क्षमता तथा शीप विकास कार्यक्रम संचालन |
| | युवा पालिका निमार्ण कोष प्रर्वद्धन कार्यक्रम | संख्या | | १ | ५००० | नगरस्तरीय युवा निमार्ण कोष प्रर्वद्धन कार्यक्रम संचालन गर्ने |
| | युवा क्लब तथा युवा संसद अभ्यास कार्यक्रम | संख्या | | ५ | २५०० | वडास्तरीय सहभागिता हुने गरी पालिका स्तरीय कार्यक्रम गर्ने |
| | युवा हेल्पडेस्क तथा सूचना केन्द्र निमार्ण तथा मनोपरामर्स केन्द्र कार्यक्रम | जना | | १ | ५००० | पालिका स्तरीय, गापा क्षेत्रको पायक पर्ने स्थानमा |
| | **युवा तथा खेलकदको जम्मा** | | | | **३२७५००** | |
| **कला तथा साहित्य** | स्थानीय कला, साहित्य, भाषा, संस्कृति संरक्षणका लागि पूर्वाधार सुविधा प्रर्वद्धन कार्यक्रमः | संख्या | ० | १ | १५०००० | कला केन्द्र, जनजाती तथा संस्कृति (कुमाल, वोटे, माझि) संग्राहलय, पुस्तकालय, नाट्यकेन्द्र, पालिका सभागृह) निर्माण |
| | पालुङटार महोत्सव | संख्या | ० | ५ | ३०००० | नगरपालिका भित्र उपयुक्त स्थानमा |
| | वार्षिक साहित्यिक प्रतियोगिता कार्यक्रम | संख्या | ० | ५ | ५००० | कुनै विषेश अवसर पारेर साहित्यक कार्यक्रम आयोजना गर्ने तथा वार्षिक प्रकाशन सहित |
| | वार्षिक प्रकाशन कार्यक्रम | संख्या | ० | १० | २००० | कला, साहित्य सम्वन्धी प्रकाशन, कुनै जनजाती अध्ययन, अनुसन्धान प्रकाशन |
| | **कला तथा साहित्यको जम्मा** | | | | **१८७०००** | |
| **पूर्वाधार विकास** | | | | | **४४८२०००** | |
| | सडक स्तरोन्नति (कालोपत्रे १०० कि.मी.) कार्यक्रम | कि.मी. | ३६ | १३३ | १९४०००० | सडक गुरुयोजना कार्यन्वयन |
| | सडक स्तरोन्नति (ग्रावेल ६६ कि.मि.) | कि.मी. | ८४ | १५० | ५००००० | ग्राभेल सडक स्तरोन्नती |
| | कच्ची सडक स्तरोन्नति (२२२ कि.मि.) | कि.मी. | ४५२ | ६०० | १००००० | कच्ची सडक स्तरोन्नती |
| | पक्की नाला निर्माण (दुवै साईड) | किमि | २८ | १०० | ५०४००० | पालिका भित्रका विभिन्न स्थानमा |
| | अन्तरआवद्धता प्रर्वद्धन पुल निर्माण तथा मर्मत कार्यक्रम (४ वटा पक्की) | कि.मी. | ७ | ११ | ३२०००० | अवश्यक स्थानमा |
| | सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार | कि.मि. | | २०० | १४४००० | पालिकास्तरमा आवश्यक स्थानमा |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण कार्यक्रम | कि.मि. | ० | ५ | १०००० | ठाँटीपोखरी बजार क्षेत्रमा |
| | वस स्टप र प्रतिक्षालय निर्माण | संख्या | २ | ४ | २०००० | मुख्या बजार क्षेत्रको सार्वजनिक जग्गामा आवश्यक स्थानमा |
| | सडक अतिक्रमण न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रम | संख्या | ० | ५ | २००० | पालिका स्तरीय |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | **सडक तथा यातायातको जम्मा** | | | | **३५४००००** | |
| **सिचाई पूर्वाधार** | आकासे पानी संकलन कार्यक्रम | संख्या | | | ७००० | वडाका विभिन्न स्थान |
| | लिफ्ट सिचाई विकास कार्यक्रम | संख्या | | | ११०००० | नगरपालिकाका विभिन्न स्थानमा |
| | भूमिगत सिंचाई निर्माण कार्यक्रम | संख्या | | | १५०००० | आयोजना लागत |
| | साना तथा मझौला सिचाई कार्यक्रम | संख्या | | | १००००० | वडागत कार्यक्रम |
| | **सिंचाई विकासको जम्मा** | | | | **३६७०००** | |
| **आवास, भवन तथा शहरी विकास** | स्मार्ट सिटी योजना कार्यन्वयन कार्यक्रम | | | | १५०००० | |
| | एकिकृत आवास कार्यक्रम (एकिकृत बस्ति विकास, वडा न. १ र ४) | | | | ५०००० | |
| | पूर्वधार निर्माण गर्न दक्ष जनशक्ति विकास कार्यक्रम | | | | १५००० | |
| | व्यवस्थित बजार व्यवस्थापन कार्यक्रम (ठाँटीपोखरी, आँपपिपल, वडडाँडा र सातदोबाटो) | संख्या | | | २०००० | |
| | सार्वजनिक संरचना तथा (वडाकार्यालय) निर्माण कार्यक्रम | संख्या | | | ५०००० | वडा न. ६, ७ र १० कार्यालय, सार्वजनिक आश्रय स्थल |
| | सार्वजनिक जग्गा संरक्षण तथा विकास कार्यक्रम | | | | १०००० | |
| | **आवास, भवन तथा शहरी विकासको जम्मा** | | | | **२९५०००** | |
| **विद्युत तथा उर्जा** | विद्युतिकरण तथा वैकल्पिक उर्जा प्रर्वद्धन कार्यक्रम | संख्या | | | १५०००० | विधुतीकरण, उर्जा अनुदान सहयोग, प्रर्वद्धन, विद्युत नपुगेका बाकी सवै स्थानमा विद्युत पुर्याउने, पोलहरु मर्मत व्यवस्थापन |
| | लघु जलविद्युत उत्पादन गर्न पूर्व संभाव्यता अध्ययन | संख्या | | | ५००० | पालिकास्तरीय सभावित स्थानमा |
| | वायोग्यास प्रर्वद्धनका लागि अनुदान कार्यक्रम | संख्या | | | ५००० | वैकल्पिक उर्जा, वायोग्यास निर्माण लगायतमा अनुदान, प्रोत्सहान तथा प्रर्वद्धन |
| | सडक सौर्यबत्ति कार्यक्रम | संख्या | | | १०००० | बजार क्षेत्र तथा सार्वजनिक स्थानहरुमा |
| | नगरपालिका उज्यालो कार्यक्रम | संख्या | | | २०००० | मास लाइट, सडक बत्ती, उज्यालो नगरपालिका अभियान |
| | **विद्युत तथा उर्जाको जम्मा** | | | | **१९००००** | |
| **सुचना तथा संचार** | संचार क्षेत्र प्रवर्धन एवम प्रोत्साहन कार्यक्रम | संख्या | | २० | ५०००० | पालिका भित्रका आवश्यक स्थानमा |
| | ईन्टरनेट व्यवस्था कार्यक्रम | संख्या | | २० | १०००० | पालिका प्रशासनीक भवन, वडा, लगायत सार्वजनिक भवनमा |
| | सिसी टिभी जडान तथा व्यवस्थापन कार्यक्रम | स्थान | | ५० | १५००० | सार्वजनिक भवन तथा बजार क्षेत्रमा |
| | नगर विकास बुलेटिन प्रकाशन र गतिविधि प्रशारण | पटक | | १० | ५००० | अर्धवार्षिक रुपमा विकास गतीविधि समेटर बुलेटिन प्रकाशन गर्ने |
| | सूचना प्रविधि केन्द्र संचालन | संख्या | | १ | १०००० | पालिका स्तरीय सुचना केन्द्र स्थापना गर्ने |
| | **सूचना तथा संचारको जम्मा** | | | | **९००००** | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | | | **२९२०००** | |
| **वन तथा** | जडिबुटि संकलन, प्रशोधन र बजार व्यवस्थापनका सम्बन्धी क्षमता विकास कार्यक्रम | | | | ५००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| जैविक विविधता | वैज्ञानिक वन व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि वन समुहको क्षमता अभिबृद्धि कार्यक्रम | | | | २००० | |
| | वृक्षारोपण विस्तार तथा हरियाली प्रवर्धन कार्यक्रम | स्थान | | २५ | १०००० | हरेक वडाका खुल्ला स्थानमा वृक्षारोपण गर्ने, (सार्वजनिक स्थलको यकिन गरी, भूक्षय सम्भावित क्षेत्रको पहिचान गरी गर्ने), फुलबारी, वगैचा तथा हरीयाली प्रवर्धन, नगरपालिका तथा अन्य ४ वटा सर्वजनिक संस्थामा सुन्दरता प्रर्वद्धन कार्यक्रम |
| | वहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन | वटा | ० | १ | ५००० | सामुदायिक वनको जग्गा गर्ने |
| | नदी, नहर किनारा तथा सडक दायावायाँ वृक्षारोपण कार्यक्रम | कि.मि | ० | १० | १००००० | बजार क्षेत्रका पक्की सडकमा |
| | वन, वातावरण र हरियाली प्रवर्धन सचेतनामुलक कार्यक्रम | पटक | ० | २० | २०००० | इलाका वन र सामुदायिक वन संग सहकार्य गरी सार्वजनिक विद्यालयहरुमा सचेतना कक्षा संचालन गर्ने, वडास्तरीय सचेतना कार्यक्रम गर्ने |
| | **वन तथा जैविक विविधताको जम्मा** | | | | **१४२०००** | |
| भूमि तथा जलाधार र व्यवस्थापन | नदी नियन्त्रण र तटबन्धन कार्यक्रम | कि.मी | १.५ | ५ | २५००० | अवश्यक स्थान |
| | संरक्षण पोखरी निर्माण तथा मर्मत | स्थान | २ | ३ | १०००० | विभिन्न वडाका खानेपानी मुहानहरु, पहिरो रोकथाम गर्ने गरी संरक्षण गर्ने (तातोपानी पोखरी संरक्षण) |
| | भू-उपयोग नीति तथा क्षेत्र निर्धारण र कार्यान्वयन | पटक | ० | १ | ५००० | नगरपालिका भरी |
| | भुसंरक्षण सम्बन्धी सचेतना तथा पूर्व सुचना प्रणाली प्रर्वद्धन कार्यक्रम | पटक | ० | ११ | ३००० | वडा स्तरीय सचेतना कार्यक्रम |
| | **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | **४३०००** | |
| वातावरण तथा स्वच्छता | समुदायमा आधारित वडा तथा टोल सरसफाई कार्यक्रम | वडा | ० | १०५ | ५००० | वडा तथा आवस्यक टोलहरुमा |
| | ोहोर वर्गीकरण तथा व्यवस्थापन कार्यक्रम | घरधुरी | १००० | ३००० | १०००० | बाक्लो बस्ती भएका बजार क्षेत्रमा, सार्वजनिक स्थल, बजार सार्वजनिक स्थानमा डष्ट विन, कम्पोष्ट विन र खाडलको व्यवस्था गर्ने (त्यस किसिमका सामानहरु स्थानीय स्रोत साधनबाट निर्मित भएका नै प्रयोग गर्ने) लगायत |
| | फोहोर व्यवस्थापन ल्याण्डफिल साइट डिपिआर तयारी, निर्माण र संचालन | स्थान | ० | १ | १०००० | निर्माणधिन गिद्धे खोला |
| | फोहोर संकलन र व्यवस्थापनका लागी सवारी साधन खरीद | वटा | ० | २ | ५००० | फोहर मैला संकलनका लागि आवश्यक साधन ट्याक्टर खरिद गर्ने |
| | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम | पटक | ० | १० | १००० | कार्यविधि तर्जुमा गरी संचालन गर्ने |
| | ग्रिन पार्क निर्माण तथा संचालन | पटक | ४ | ५ | १०००० | आवश्यक मर्मत तथा वडा नं. १ |
| | सार्वजनिक शौचालय निर्माण कार्यक्रम | वटा | १ | १५ | १५००० | हरेक वडामा कम्तीमा १ तथा मुख्य बजार क्षेत्रमा पायक पर्ने स्थानमा |
| | प्लाष्टिजन्य पदार्थहरुको प्रयोगमा नियन्त्रण गर्न ऐन नियम निर्माण | पटक | ० | १ | १००० | नगरपालिकास्तरीय |
| | एक घर एक सुधारिएको चुलो अभियान संचालन गर्ने | संख्या | | ५०० | ५००० | जनचेतना, घरदैलो, चुलो अनुदान, सचेतना कार्यक्रम |
| | धुँवाबाट स्वास्थमा असरपर्ने बारे जनचेतना जगाउने सामुदायिक वन समूह परिचालन कार्यक्रम | संख्या | | २० | २००० | वडा स्तरीय सचेतना कार्यक्रम |
| | वातावरण मैत्री दाहसंस्कार घाट निर्माण तथा व्यवस्थापन | संख्या | | | ५००० | पालिकास्तरीय आवश्यक स्थानमा |
| | **वातावरण तथा स्वच्छताको जम्मा** | | | | **६९०००** | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| विपद व्यवस्थापन | विपद् व्यवस्थापन समिति क्षमता अभिबृद्धि कार्यक्रम | पटक | ० | ११ | २००० | नगर तथा वडास्तरीय समितका लागि कम्तीमा एउटा |
| | आपत्कालीन आश्रयस्थल निर्माण | स्थान | ० | ३ | १०००० | (वडा नं १,२,१०) (वडा नं. ३,४,५) (वडा नं. ६,७,८,९) लाई पायक पर्ने गरी निर्माण गर्ने |
| | विपद पूर्व तयारी कार्यक्रम | स्थान | ० | १० | २००० | वडा स्तरीय |
| | नगरस्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना | स्थान | ० | १ | २००० | नगर स्तरीय |
| | वडामा विपद् व्यस्थापन समिति गठन | वडा | ० | १० | १००० | वडा स्तरमा |
| | सामुदायिक विपद रेस्पोन्डर स्वयंसेवक व्यवस्थापन र परिचालन कार्यक्रम | जना | ० | ३० | ३००० | हरेक वडामा समावेश हुनेगरीको समुह निर्माण गरी परिचालन गर्ने |
| | दमकल व्यवस्थापन कार्यक्रम | संख्या | ० | १ | १०००० | छिमेकी स्थानीय तह संग समन्वय गरी नगरका लागि आवश्यक दमकल खरिद तथा संचालन |
| | आपत्कालीन उद्दार सामग्रीहरु व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम | वडामा | ० | १० | ४००० | सबै वडामा |
| | रक्त संकलन केन्द्र स्थापना र संचालन | वटा | ० | १ | २००० | आँपपिपल अस्पतालको समन्वयमा |
| | सडक सुरक्षा सचेतना केन्द्र स्थापना गर्ने | संख्या | ० | १ | २००० | सचेतना तथा आकस्मिक उद्धार गर्ने गरी, आवश्यक समन्वय गरी गर्ने |
| | **विपद व्यवस्थापन जम्मा** | | | | **३८०००** | |
| **संस्थागत विकास तथा सुशासन** | | | | | **८६०००** | |
| सुशासन, ऐन नियम तथा जवाफ देहिता | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | विषय | २८ | ५० | ५००० | कार्यपालिका |
| | सुशासन र जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | १ | ३३ | १००० | सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई, हेल्लो प्रमुख कार्यक्रम |
| | सूचना तथा सहायता कक्ष संचालन | वर्ष | ० | १ | १५०० | पालिका स्तर, आम संचार प्रर्वद्धन कार्यक्रम |
| | सूचना तथा प्रविधि मैत्री प्रशासन प्रवर्धन | पटक | १ | १ | ५००० | निरन्तर सुधार |
| | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १ | १ | २५०० | पालिका तथा वडा स्तर |
| | लैगिक समानता तथा समाजिक समावेशीकरण स्थानीयकरण कार्यक्रम | पठक | १ | १ | २००० | पालिका तथा वडा स्तरमा सामाजिक जवाफदेही र समावेशिकरण प्रवर्द्धन कार्यक्रम संचालन |
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिताको जम्मा** | | | | **१७०००** | |
| संस्थागत संरचना तथा मानव संसाधन विकास | संगठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | ३ | २००० | कार्यवोभ्त र संगठन संरचना सम्बन्धी अध्ययय कार्यक्रम |
| | अन्तर स्थानीय तह अध्ययन, अवलोकन, परामर्श तथा टिम विल्डिङ कार्यक्रम | पटक | १ | २ | २५०० | प्रत्येक वर्षमा २ पटक अवलोकन भ्रमण |
| | पदाधिकारी, कर्मचारी, प्रोत्साहन कार्यक्रम | जना | १ | १ | २००० | प्रत्येक वर्ष २ जनालाई |
| | पदाधिकारी कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम | विषय | ० | १ | ४००० | |
| | टोल विकास संस्था गठन तथा परिचालन | संख्या | १३० | | २५०० | |
| | आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण कार्यक्रम | पटक | आंशिक | बढाउदै जाने | २००० | प्रविधि मैत्री वनाउने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | सुविधा सम्पन्न कार्यलय निर्माण कार्यक्रम (नगरपालिका तथा वडा) | वटा | ० | १० | १०००० | नगर कार्यापालिका विषयगत शाखा र वडा कार्यालयको कार्य कक्ष, प्रतिक्षालय, उपकरण, प्रविधि र भौतिक सुधार कार्यक्रम |
| | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | संख्या | ० | १५० | ३००० | |
| | न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक कार्य सम्पादन भौतिक सुधार कार्यक्रम | पटक | | ११ | ५००० | |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा** | | | | ३३००० | |
| **वित्तीय श्रोत परिचालन** | आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण | पटक | ० | १ | १००० | प्रक्षेपण भएको कार्य योजना नभएको |
| | करदाता शिक्षा कार्यक्रम | पटक | ० | १ | २५०० | वार्षिक |
| | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | जना | ० | १ | ५०० | बार्षिक |
| | राजस्व शाखा स्थापना र सुदृढीकरण | पटक | १ | १ | ३००० | |
| | अन्तर स्थानीय तह, संघीय तथा प्रदेश, निजी क्षेत्र र विकास साझेदार समन्वय कार्यक्रम | पटक | १ | ४ | ५००० | विज्ञ सम्मेलन, लगानी सम्मेलन |
| | वित्तिय व्यवस्थापन सुधार कार्यक्रम | पटक | ० | १ | २००० | |
| | आय तथा अनुदान वृद्धिका लागि विस्तृत परियोजना तयारी तथा पुनरावलोकन | संख्या | ० | २ | ३००० | आवश्कता अनुसार |
| | **वित्तीय श्रोत परिचालनको जम्मा** | | | | १७००० | |
| **योजना व्यवस्थापन** | आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | पटक | १ | | ५००० | विभिन्न आयोजनाहरुकोपूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी |
| | आवधिक तथा विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | विषय | ० | ५ | ३००० | |
| | तेश्रो पक्षवाट प्राविधिक परीक्षण कार्यक्रम | संख्या | १ | ५ | २००० | |
| | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | १ | १० | २००० | |
| | मद्यकालिन खर्च संरचना तर्जुमा | पटक | ० | ५ | २००० | वार्षिक |
| | नगर वस्तुस्थिति अद्यावधिक कार्यक्रम | पटक | १ | १ | २५०० | वार्षिक |
| | नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | पटक | ० | ५ | २५०० | पालिका तथा वडास्तर |
| | **योजना व्यवस्थापनको जम्मा** | | | | १९००० | |

## अनुसूची- २ बार्षिक कार्यान्वयन कार्ययोजना

## पालुङटार नगरपालिकाकाको प्रथम आवधिक योजना(२०७७/०७८–२०८१/०८२)

***बार्षिक कार्यान्वयन कार्ययोजना***

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| **आर्थिक विकास** | | | | | | | | | | | |
| कृषि | | | | | | | | | | | |
| पशु | | | | | | | | | | | |
| सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार | | | | | | | | | | | |
| पर्यटन | | | | | | | | | | | |
| उद्योग, व्यापार र व्यवसाय | | | | | | | | | | | |
| सहकारी तथा वित्तीय क्षेत्र | | | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | | | |
| शिक्षा | | | | | | | | | | | |
| आधारभूत स्वास्थ्य | | | | | | | | | | | |
| खानेपानी र सरसफाई | | | | | | | | | | | |
| लक्षित क्षेत्र र लैससास | | | | | | | | | | | |
| युवा तथा खेलकुद | | | | | | | | | | | |
| भाषा, कला, साहित्य र संस्कृति | | | | | | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | | | | | | |
| सडक, पुल तथा यातायात | | | | | | | | | | | |
| सिंचाइ पूर्वाधार | | | | | | | | | | | |
| आवास, सार्वजनिक निर्माण र बजार व्यवस्था | | | | | | | | | | | |
| बिद्युत तथा वैकल्पिक उर्जा | | | | | | | | | | | |
| संचार तथा सूचना प्रविधि | | | | | | | | | | | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | | | | | | | | |
| वन तथा जैविक विविधता | | | | | | | | | | | |
| भूमि तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | |
| वातावरण स्वच्छता | | | | | | | | | | | |
| विपद व्यवस्थापन | | | | | | | | | | | |
| **संस्थागत विकास तथा सुशासन** | | | | | | | | | | | |
| ऐन, नियम तर्जुमा | | | | | | | | | | | |

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| तथा जवाफदेहिता | | | | | | | | | | | |
| संस्थागत संरचना तथा मानव संसाधन बिकास | | | | | | | | | | | |
| बित्तीय श्रोत परिचालन | | | | | | | | | | | |
| योजना व्यवस्थापन | | | | | | | | | | | |
| **जम्मा कार्यक्रम खर्च** | | | | | | | | | | | |
| **जम्मा चालु खर्च** | | | | | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ-आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पुँजीगत खर्च खुलाई नगरपालिकामा पेस गर्नुपर्ने छ।

**अनुसूची- ३ विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम**

क्षेत्रगत योजना कार्यान्वयन विवरण निम्नानुसार विषयगत शाखा/शाखा उपशाखा, वडा कार्यालय र निकाय/संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी कार्यपालिकामा पेश गर्नेछन् ।

**विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्थाको नाम/वडा नं :**

| क्र. सं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलापहरू | इकाइ | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आनवियो कार्यक्रम संकेत नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| १५ | | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |
| **जम्मा कार्यक्रम खर्च** | | | | | | | | | | |
| **जम्मा चालु खर्च** | | | | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | | | |

## अनुसूची- ४ आवधिक योजना तर्जुमा कार्यशालामा सहभागीहरुको उपस्थिति विवरण

## अनुसूची- ५ आवधिक योजना तर्जुमा कार्यशालाका केही झलकहरु